# प्रारम्भिक वातावरणीय परीक्षण
# मस्यौदा प्रतिवेदन
# नुवाकोट जिल्लाको लिखु गाँउपालिका स्थित लिखु नदीको आँपचौर क्षेत्र, गैरीगाँउ क्षेत्र, शेराको मुहान वरीपरी र गडखार पुल माथिको क्षेत्रबाट दिगो र वातावरण मैत्री रुपले नदी जन्य पदार्थहरूको उत्खनन् तथा संकलन



**प्रस्तावक र स्वीकृत गर्ने निकायको नाम**

लिखु गाँउपालिका,
गाँउ कार्यपालिकाको कार्यालय,
लिखु, नुवाकोट


**प्रतिवेदन तयार गर्ने**

**अभियन्त्र कन्सल्टिङ्ग प्रा.लि.**

वानेश्वर, काठमाडौं

इमेल: abhiyantra2012@gmail.com

फोन नं. ९८०१८४८८८५


**जेठ २०८१**

# विषय सूची


१ प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना १
१.१. प्रस्तावको नाम १
१.२. प्रस्तावकको नाम र ठेगाना १
१.३. प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना १
१.४. प्रतिवेदन तयार गर्ने व्यक्तिहरूको नाम र योग्यता १
१.५. प्रारम्भिक वातावरणीय परीक्षणको कानूनी सान्दर्भिकता १
१.६. प्रारम्भिक वातावरणीय परीक्षणको उद्देश्यहरू २
२ प्रस्तावको सारांश ४
२.१. प्रस्तावको उद्देश्य ५
२.२. भू-उपयोगमा पर्ने असर ५
२.३. वातावरणमा पर्ने प्रतिकूल प्रभाव, मानव जीवनमा पर्ने असर, जनसङ्ख्याको चापः ५
२.४. स्थानीय पूर्वाधारमा हुने क्षतिः ६
३ प्रस्तावको विवरण ७
३.१. प्रस्तावको प्रमुख विशेषताहरू ७
३.२. प्रस्तावको किसिमः ८
३.३. प्रस्तावको क्षमताः ८
३.४. संकलन/उत्खनन् गरिने परिमाणको आंकलन ८
३.५. प्रयोग गरिने विधि र सामग्रीः ११
३.६. प्रस्ताव कार्यान्वयन हुँदा निष्कासनः १३
३.७. प्रयोग हुने ऊर्जाः १४
३.८. जनशक्तिको आवश्यकताः १४
३.९. प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरणः १४
३.१०. प्रस्ताव क्षेत्रको अवस्थिति १४
३.१०.१ नक्साहरू १५
३.१०.२ सो क्षेत्र र वरिपरिको जनसङ्ख्या र बसोबासको स्थिति १८
३.१०.३ भौतिक वातावरण २०
३.१०.४ जैविक वातावरण २३
३.११. प्रस्तावित क्षेत्रमा यातायातको पहुँच २४
३.१२. अन्य आवश्यक कुराः २४
३.१२.१ प्रस्तावको क्षेत्र निर्धारण २४
४ प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव २५
४.१. प्रभाव पहिचान, अनुमान एवं मूल्याङ्कन २५
४.१.१ अनुकूल प्रभाव २५
४.१.२ प्रतिकूल प्रभाव २६
५ प्रभाव कार्यान्वयनका विकल्प ३८

५.१ प्रस्तावक कार्यान्वयन नगर्ने ३८
५.२ प्रस्तावका विकल्पहरू ३८
५.२.१ ढुङ्गा, गिट्टी, बालुवाको संकलन/उत्खनन् गर्ने ३८
५.२.२ आयोजना स्थलः ३९
५.२.३ प्रक्रिया, समय-तालिकाः ३९
५.२.४ बैकल्पिक विधि ३९
५.२.५ वैकल्पिक श्रोत ३९
६ वातावरणीय व्यवस्थापन योजना ४०
६.१ प्रभाव बढोत्तरीकरण एवं न्यूनीकरण गर्ने उपायहरू ४०
६.१.१ प्रभाव न्यूनीकरणका उपायहरू ४०
७ अन्य आवश्यक कुरा ४५
७.१ अध्ययन विधि ४५
७.१.१ प्रकाशित/उपलब्ध जानकारी र तथ्याङ्कको पुनरावलोकन एवं संश्लेषण ४५
७.१.२ फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र अवलोकन ४५
७.१.३ तथ्याङ्क विश्लेषण प्रभावहरूको पहिचान/अनुमान/मूल्याङ्कन, प्रभाव न्यूनीकरण विधिहरूको पहिचान सुझाव एवं प्रतिवेदन तयारी ४६
७.१.४ सार्वजनिक सूचना, सार्वजनिक सुनुवाई एवं सिफारिस पत्रहरू ४६
७.२ विधान, नीति, कानुनी व्यवस्था, निर्देशिका, मापदण्ड एवं सम्मेलनहरूको पुनरावलोकन ४७
७.२.१ बिद्यमान सान्दर्भिक नीति तथा कार्यनीतिहरू ४७
८ वातावरणीय योजना र अनुगमन योजना ६०
८.१ स्थानीय स्तरका जिम्मेबार निकायहरू ६०
८.१.१ गाँउपालिका ६०
८.१.२ गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरू ६०
८.१.३ जिल्ला समन्वय समिति ६०
८.१.४ डिभिजन वन कार्यालय ६१
८.१.५ जिल्ला अनुगमन समिति ६१
८.१.६ केन्द्रीय स्तरका जिम्मेबार निकायहरू ६१
८.२ अनुगमन तथा वातावरणीय व्यवस्थापन योजना र समय तालिका ६१
८.२.१ अनुगमन र न्यूनीकरणको खर्चको विवरण ६५
८.२.२ बातावरणीय ब्यवस्थापन योजना कार्यान्वयनका लागि जिम्मेबार निकायहरूको संगठनात्मक स्वरुप ६५
सान्दर्भिक समाग्रीहरू ६७

## तालिकाहरूको सूची


तालिका १-१अध्ययनमा समावेश हुनु जनशक्ति...१

तालिका ३-१ प्रस्तावको प्रमुख विशेषताहरू...७

तालिका ३-२ संकलन/उत्खनन् गरिने परीमाणको आंकलन...९

तालिका ३-३ गा.पा.मा पानीको प्रयोग...२०

तालिका ६-१ वातावरणीय व्यवस्थापन योजना...४३

तालिका ८-१ अनुगमन तथा बातावरण ब्यवस्थापन योजना र समय तालिका...६३

तालिका ८-२ अनुगमन र न्यूनीकरणको खर्चको विवरण...६५

तालिका ८-३ विशेषज्ञ अनुगमन सदस्य...६५


## तस्विरहरूको सूची


तस्विर ३-१ लिखु गाँउपालिकाको अवस्थितिको चित्र...१५

तस्विर ३-२ गुगल नक्शा...१७

तस्विर ३-३ गाँउपालिका र वडाको जनसंख्या...१८

तस्विर ३-४ गाँउपालिकाको जातजातीको जनसंख्या...१८

तस्विर ३-५ वर्षाको विवरण...२१

तस्विर ३-६ नुवाकोटको तापक्रमको ग्राफ...२२

तस्विर ३-७ वनस्पति प्रकार...२३

तस्विर ३-८ जीव प्रकार...२३

तस्विर ४-१ प्रभावहरू पहिचान एवं मूल्याङ्कन...२९

तस्विर ४-२ सकारात्मक प्रभावहरूको मूल्याङ्कन...३५

तस्विर ४-३ सकारात्मक प्रभावहरूको मूल्याङ्कन...३६

तस्विर ३: वातावरणीय ब्यवस्थापन योजना कार्यन्वयलनका लागि संगठनात्मक स्वरुप...६६

# संक्षिप्त सूची

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| कि.मि. | किलोमिटर |
| के.त.वि. | केन्द्रीय तथ्याङ्क विभाग |
| गै.स.सं. | गैर सरकारी संस्था |
| घ.मि. | घनमिटर |
| जि.अ.स. | जिल्ला अनुगमन समिति |
| जि.स.स. | जिल्ला समन्वय समिति |
| डि.से. | डिग्री सेन्टीग्रेड |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| प्रा.वा.प. | प्रारम्भिक वातावरणीय परीक्षण |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| प्रा.स्वा.के. | प्राथमिक स्वास्थ्य केन्द |
| मि. | मिटर |
| मि.मि. | मिलिमिटर |
| रु. | रुपैयाँ |
| सा.सं. | सामुदायिक संस्था |
| स्था.नि. | स्थानीय निकाय |
| क्षे.नं. | क्षेत्र नम्बर |
| गा.पा. | गाँउपालिका |
| गा.वि.स. | गाउँ विकास समिति |
| डि.व.का. | डिभिजन वन कार्यालय |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| IEE | Initial Environmental Examination |
| EIA | Environmental Impact Assessment |

# कार्यकारी सारांश

परिचय:

वर्षाको समयमा लिखु नदीले ढुङ्गा, गिट्टी, बालुवा तथा नदी जन्य पदार्थहरू थुपार्ने गर्दछ । यी सामाग्रीहरू खोलाको बगरमा थुपारिँदा नदीको बहाव फेरिन जाने तथा प्रकोप निम्तिने सम्भावना हुन्छ । साथसाथै यी थुपारिएका सामाग्रीहरू निर्माण कार्यमा ज्यादै उपयोगी हुन्छन् । जनसंख्या वृद्धि र शहरीकरणको गतिलाई हेर्दा निर्माण सामाग्रीहरूको माग बढिरहेको छ । लिखु गाँउपालिका, कार्यपालिकाको कार्यालय, नुवाकोटले यी समाग्रीहरूको दिगो एवं वातावरण मैत्री संकलन/उत्खनन् गर्ने योजना बनाएको छ, जसले गर्दा स्थानीय रुपमै निर्माण सामाग्रीहरू उपलब्ध हुनेछ भने प्रकोप न्यूनिकरण हुने अपेक्षा गरिएको छ, साथै यसबाट गाँउपालिकालाई राजश्व संकलन गर्नमा सघाउ पुग्ने र गाँउपालिकाको आय श्रोतमा बृद्धि हुने देखिन्छ ।

यस प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले नुवाकोट जिल्लाको लिखु गाँउपालिका क्षेत्रमा पर्ने लिखु नदीको आँपचौर क्षेत्र, गैरीगाँउ क्षेत्र, शेराको मुहान वरीपरी र गडखार पुल माथिको क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा बालुवाको संकलन/उत्खनन् गर्दा पर्न जाने प्रभावहरूको मूल्यांकन गर्दछ । यस अध्ययनको मूख्य उद्देश्य नै खोला नियन्त्रण गर्नका लागि खोलाले थुपारेको ढुङ्गा, गिट्टी तथा बालुवा निकाल्दा स्थानीय वातावरणमा पर्न जाने प्रभावहरूको पहिचान गर्नु हो । यस कार्य गर्दा स्थानीय वातावरणमा केही सकारात्मक तथा केही नकारात्मक प्रभावहरू पर्न जाने छन् । यस अध्ययन प्रतिवेदनले सकारात्मक प्रभावहरूलाई बढोत्तरी गर्ने तथा नकारात्मक प्रभावहरूलाई न्यूनिकरण गर्न उचित परामर्श दिएको छ ।

नेपाल सरकारको विद्यमान वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ अनुसार कुनै पनि नदीबाट ढुङ्गा, गिट्टी तथा बालुवा निकाली निकासी गर्नु पूर्व उक्त प्रस्तावको वातावरणीय अध्ययन गर्नुपर्ने हुन्छ । यस प्रस्तावमा दैनिक ३०० घनमिटर भन्दा कम नदी जन्य पदार्थहरू उत्खनन् गर्ने भएको हुँदा र प्रस्तावित क्षेत्र राष्ट्रिय निकुञ्ज र आरक्ष क्षेत्रमा नपर्ने हुँदा प्रारम्भिक वातावरणीय परीक्षण गरिएको छ ।

विद्यमान वातावरणीय अवस्था :

भौतिक वातावरण

प्रस्तावित क्षेत्र नुवाकोट जिल्ला बाग्मती प्रदेशमा पर्दछ । ढुङ्गा, गिट्टी तथा बालुवा संकलन तथा उत्खनन् गरिने लिखु नदी बाह्रमासे खोलामा पर्दछ । वर्षा याममा खोलाको बहाव धेरै भए पनि हिउँदमा भने बहाव कम हुन्छ । प्रस्तावित संकलन क्षेत्रहरूका नजिकका क्षेत्रहरूमा बाढीले कटानी गर्ने जस्ता जोखिमयुक्त स्थानहरू न्यून रहेका छन् भने अधिकतम भू—उपयोगमा खेती योग्य जमिन, खाली जग्गा र बुट्टयान क्षेत्रहरू रहेका छन् ।

जैविक वातावरण :

ढुङ्गा, गिट्टी तथा बालुवा संकलन क्षेत्र कुनै संरक्षित क्षेत्र, राष्ट्रिय निकुञ्ज तथा जैविक महत्वको संवेदनशील क्षेत्रभित्र पर्दैन । यस क्षेत्रमा कुनै दुर्लभ वनस्पति तथा दुर्लभ जीवजन्तु नभएको हुँदा ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन् कार्यले यी जन्तुहरू संकटमा पर्ने छैन ।

सामाजिक तथा धार्मिक वातावरण :

लिखु गाँउपालिका बाग्मती प्रदेशमा पर्ने नुवाकोट जिल्लामा अवस्थित एक गाँउपालिका हो । नेपाल सरकारको निर्णयले साबिकको खानिगाँउ गविसको सबै वडा, सुर्यमति गाविसको सबै वडा, चौघडा गाविसको १,२,५,६,७,८ वडाहरु, थानसिंङ गाविसको १,२,३,४,५,६,७ वडाहरु र थानापति गाविसको वडा नं ५ समेटेर जम्मा ६ वडा बनाई लिखु गाउँपालिका घोषण गरिएको हो । यस गाउँपालिकाको क्षेत्रफल ४७.८८ वर्ग कि.मि रहेको छ । यस गाँउपालिकाको केन्द्र साबिकको सुर्यमति गाविस वडा नं १ डुँडेमा रहेको छ । यस गाँउपालिकामा २०७८ को जनगणना अनुसार यस गाँउपालिकामा ४,५८२ घरपरिवार रहेका छन जसमा ८५८७ जना पुरुष र ९१४१ जना महिला गरी कूल १७,७२८ जनसंख्या रहेको छ ।अधिकांश जनसंख्या कृषि पेशामा आश्रित छन्।

वातावरणीय प्रभावहरू

सकारात्मक प्रभाव :

मूख्यतः प्रस्ताव कार्यान्वयन गर्दा नदीले थुपारेको ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदी जन्य पर्दाथहरूले नदीको सतह बढाउने, नदीले धार फेर्ने र दैविक प्रकोप निम्त्याउने जस्ता विपत्तिहरूको रोकथाम हुन्छ । यसको अलवा प्रस्ताव कार्यान्वयनबाट गाँउपालिकाको करको दायरा बढेर राजश्व श्रोतमा वृद्धि हुन गई स्थानीयस्तरमा सेवा प्रवाह गर्न सहज हुनेछ । आयोजना कार्यान्वयनले स्थानीयबासीलाई रोजगारीको अवसर सिर्जना गर्छ । प्रस्ताव कार्यान्वयन हुंदा स्थानीय श्रमशक्ति खपत हुनेछ । यसबाट स्थानीयबासीहरूले आफ्नो दैनिक आवश्यकताका वस्तुहरूको परिपूर्ति गरी जीवनस्तरमा परिवर्तन ल्याउने छन् ।

नकारात्मक प्रभाव :

ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन् गर्दा तोकिएको परिमाण भन्दा बढी र अव्यवस्थित ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन् गर्नाले नदीले आफ्नो प्राकृतिक बहाव परिवर्तन गरी नदी किनार कटान र बाढी निम्त्याउन सक्नेछ, साथै, पुल समेतका भौतिक संरचना नजिकै जथाभावी ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन् कार्य गरेमा संरचनाहरू भाँसिन सक्दछन् । नदी जन्य पदार्थहर ओसार प्रसार गर्दा बाटो बिग्रनुका साथै धुलो धुवाँको कारणले स्वास्थ्यमा प्रतिकूल असर पर्नसक्छ । यस बाहेक प्रस्ताव कार्यान्वयन गर्दा अन्य कुनै नकारात्मक प्रभाव पर्ने छैनन् ।

प्रभाव न्यूनीकरणका उपायहरू:

ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन् कार्यमा संलग्न कामदारहरूबाट स्थानीय वन तथा वातावरणमा हुन सक्ने नकारात्मक क्रियाकलापहरूको न्यूनिकरणको लागि संकलन कार्य दिउँसोमा मात्र सञ्चालन गर्न अनुमति दिइनेछ । वर्षाको समयमा नदीबाट संकलन गर्न दिइनेछैन ।

ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन कार्य गर्दा धुलो उत्सर्जन हुन्छ । त्यसैगरी ढुवानी साधनहरूको आवागमनले पनि धुलो उत्सर्जन हुन्छ । यसको न्यूनीकरणको लागि ढुवानी साधनमा सामाग्रीहरू लोड गरिसकेपछि त्रिपालले ढाक्ने व्यवस्था मिलाईने छ ।
ढुङ्गा, गिट्टी, बालुवाको संकलन/उत्खनन् गर्दा कामदारहरूलाई चोटपटक लाग्न सक्छ । धुलोको कारणले श्वास—प्रश्वास र आँखाका रोगहरू लाग्न सक्छन । ढुवानी साधनहरूको आवत जावतले आकस्मिक दुर्घटनाको सम्भावना पनि त्यतिकै रहन्छ । यस्ता प्रकृतिका प्रतिकूल असर न्यूनीकरण गर्न कामदारहरूलाई स्वास्थ्य तथा सूरक्षाका आधारभूत ज्ञान र औषधि उपचारको लागि प्राथमिक उपचारका सामाग्रीहरू जस्तैः बेटाडिन, व्याण्डेज प्याड, टेप आदि उपलव्ध गराइनेछ ।

प्रभाव न्यूनीकरणका लागि गरिने कृयाकलाप र बजेट :
वातावरणीय प्रभावलाई न्यूनीकरण गर्नका लागि अवलम्वन गरिएका कृयाकलापहरूको कार्यान्वयन पक्ष महत्वपूर्ण हुनेछ । वातावरणीय प्रभाव न्यूनीकरण सम्वन्धी अनुगमन गरिने क्रियाकलापहरूमा नदी किनार कटान, पहुचमार्ग मर्मत तथा निर्माण र वाढी एवं अन्य जल उत्पन्न प्रकोपको न्यूनीकरणका लागि जम्मा रु. १५,००,००० बजेट अनुमानित गरिएको छ ।

वातावरणीय व्यवस्थापन योजना :
प्रस्ताब कार्यान्वयन गर्दा यसबाट हुन सक्ने सकारात्मक प्रभाबलाई अधिकतम गर्न तथा नकारात्मक प्रभाबलाई न्यूनीकरण गर्न त्यस्ता उपायहरूको पहिचान गरी तिनीहरूको प्रभाबकारी कार्यान्वयनको लागि आबश्यक मानवीय श्रोत र बजेट समेतको ब्यबस्था गर्न सिफारीश गरिएको छ । यसका लागि सम्बन्धित निकायले अनुगमन व्यवस्थापन योजना बनाई आधार रेखा, नियमपालन, प्रभाव अनुगमन प्रक्रियालाई सशक्त गरिए मात्र उत्खनन् कार्य दिगो र वातावरणमैत्री हुन सक्नेछ ।

निश्कर्षः
प्रस्ताव कार्यान्वयनको चरणमा दैनिक ३०० घनमिटर भन्दा कम मात्र नदी जन्य सामाग्रीहरूको उत्खनन् तथा संकलन गरिने हुँदा ठूलो क्षति हुने वा अपेक्षाकृत धेरै प्रतिकूल प्रभावहरू पर्ने स्थिति देखिंदैन । प्रभाव न्यूनीकरणका उपायहरूलाई कार्यान्वयन गरी नियमित रुपमा अनुगमन गर्दा वातावरण मैत्री प्रस्ताव कार्यान्वयन हुनेछ ।
विकल्पहरूको विश्लेषणमा यो प्रस्तावमा सुल्झाईएका न्यूनीकरणका उपायहरू अवलम्बन गर्दै न्यूनीकरणका कार्यक्रमहरूको कार्यान्वयन गरी ती उपायहरूको अनुगमनको सुनिश्चितता गरी उपरोक्त अनुसारका ढुङ्गा, गिट्टी, बालुवा जस्ता श्रोत संकलन तथा बिक्री वितरण गर्न गाँउपालिकाको योजना कार्यान्वयन गर्न यो प्रस्ताव कार्यान्वयनका लागि सिफारिस गर्न सकिने स्पष्ट रुपमा देखिएकोले प्रतिवेदन स्वीकृतिका लागि प्रस्ताव गरिएको छ । साथै प्रस्ताव कार्यान्वयन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण मात्र गरे पुग्ने र थप वातावरणीय अध्ययन गर्न आवश्यक नरहेको देखिएको छ ।

# १
# प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना

## १.१. प्रस्तावको नाम

यस प्रस्तावको नाम नुवाकोट जिल्लाको लिखु गाँउपालिकास्थित लिखु नदीको आँपचौर क्षेत्र, गैरीगाँउ क्षेत्र, शेराको मुहान वरीपरी र गडखार पुल माथिको क्षेत्रबाट दिगो र वातावरण मैत्री रुपले बालुवा (नदी जन्य पदार्थ) उत्खनन् तथा संकलन हो ।

## १.२. प्रस्तावकको नाम र ठेगाना

**लिखु गाँउपालिका,**
गाँउ कार्यपालिकाको कार्यालय,
लिखु, नुवाकोट

## १.३. प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना

**अभियन्त्र कन्सल्टिङ्ग प्रा.लि.**
वानेश्वर, काठमाडौ
इमेल: abhiyantra2012@gmail.com
फोन नं. ९८०१८४८८८५

## १.४. प्रतिवेदन तयार गर्ने व्यक्तिहरूको नाम र योग्यता

तालिका १-१अध्ययनमा समावेश भएको जनशक्ति

| क्र.सं. | पद | नम |
|---|---|---|
| १ | वातावरण विज्ञ | सुबास ढकाल |
| २ | वनस्पति विज्ञ | गणेश न्यौपाने |
| ३ | सिभिल इन्जिनियर | सन्दिप श्रेष्ठ |
| ४ | समाजशास्त्री | विनोद चन्द्र आचार्य |
| ५ | भूगर्वशास्त्री | कुमुद राज काफ्ले |

## १.५. प्रारम्भिक वातावरणीय परीक्षणको कानूनी सान्दर्भिकता

नेपालको संविधानको अनुसूची-८ स्थानीय तहको अधिकारको सूचीमा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण रहेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११

(घ) (६)का अनुसार ढुङ्गां, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुगां आदि प्राकृतिक एवं खानी जन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन गर्ने र परिच्छेद ९ को गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकारक्षेत्र भित्र दफा ६२ (क) अनुसार बिक्री गर्न सक्नेमा (१) मा नगरपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्री गर्न सक्नेछ भनि उल्लेख गरेको छ। साथै वातावरण संरक्षण एन, २०७६ को परिच्छेद २ वातावरणीय अध्ययनको दफा ३ (२) (ग) का अनुसार स्थानीय तहको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए सम्बन्धित स्थानीय कानूनले तोकेको निकाय समक्ष र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए प्रदेश कानूनले तोकेको प्रदेश सरकारको निकाय समक्ष स्वीकृतिका लागि पेश गर्ने प्रावधान रहेको छ ।

वातावरण संरक्षण नियमावली २०७७ अनुसूची २ को ग (७) मा रहेको नदी नाला सतहबाट दैनिक १०० घनमिटर भन्दा बढी ३०० घनमिटर सम्म बालुवा, ग्राभेल, गिर्खा माटो निकाल्ने कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रावधान रहेको छ । यस उत्खनन कार्य नेपाल सरकार द्वारा पहिचान गरीएका राष्ट्रिय वन, राष्ट्रिय महत्वका स्थलहरू (ऐतिहाँसिक तथा पुरातात्विक स्थलहरू), संरक्षित क्षेत्रहरू (राष्ट्रिय निकुञ्ज, संरक्षित क्षेत्र, वन्यजन्तु आरक्ष आदि) भित्र पर्दैन, त्यसैले वातावरण प्रभाव मूल्याङ्कन अध्ययन गर्नु नपर्ने देखिन्छ ।

## १.६. प्रारम्भिक वातावरणीय परीक्षणको उद्देश्यहरू

नुवाकोट जिल्लाको लिखु गाँउपालिकास्थित लिखु नदीको आँपचौर क्षेत्र, गैरीगाँउ क्षेत्र, शेराको मुहान वरीपरी र गडखार पुल माथिको क्षेत्रबाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टि तथा बालुवा (नदी जन्य पदार्थहरु) उत्खनन् तथा संकलन कार्य गर्दा स्थानीय जैविक, भौतिक, रासायनिक तथा सामाजिक-सांस्कृतिक वातावरणमा पर्ने असरहरुबारे लेखाजोखा गरी दिगो रुपमा गाँउपालिका भित्रको उक्त नदीको बगर क्षेत्रहरुबाट ढुङ्गा, गिट्टी, तथा बालुवा संकलनमा टेवा पुऱ्याउन प्रारम्भिक वातावरणीय परीक्षण को प्रमुख उद्देश्य रहेको छ । अन्य उद्देश्यहरू निम्नानुसार रहेका छन्:

- प्रस्ताव क्षेत्र एवं प्रभावित क्षेत्रको भौतिक, जैविक, सामाजिक/आर्थिक तथा सामाजिक वातावरणको लिखत तयार पार्ने ।
- प्रस्ताव क्षेत्र वरिपरि वसोबास गर्ने बासिन्दाहरूको राय सुझाव समेत संकलन गरि परियोजनालाई वातावरण मैत्री बनाउने ।

- प्रस्ताव कार्यान्वयनका कारणले वातावरणमा देखिन सक्ने सम्पूर्ण सकारात्मक तथा नकारात्मक असरहरू पहिल्याउने ।
- प्रस्तावको प्रभावहरू पहिचान, समीक्षा एवं वर्गीकरण गर्ने ।
- नदी जन्य सामाग्रीहरूको दिगो संकलन विधि कार्यान्वयनका लागि सिफारिस गर्ने ।
- प्रतिकूल प्रभावहरूलाई न्युनीकरण गर्ने र अनुकूल प्रभावहरूलाई अधिकतम गर्ने उपायहरू अबलम्बन गर्न सुझावहरू दिने ।
- प्रस्तावित क्षेत्रको प्रस्ताव कार्यान्वयनका लागि अनुगमन विधि तय गर्ने ।
- वातावरणीय ब्यवस्थापन योजना स्पष्ट पार्ने ।
- प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावका सम्बन्धमा जानकारी गराई उचित निर्णय लिन निर्णयकर्तालाई सघाउ पुऱ्याउने ।

# २
# प्रस्तावको सारांश

लिखु गाँउपालिकास्थित लिखु नदीको आँपचौर क्षेत्र, गैरीगाँउ क्षेत्र, शेराको मुहान वरीपरी र गडखार पुल माथिको क्षेत्रमा प्रशस्त मात्रामा ढुङ्गा, गिट्टी तथा बालुवा लगायतका निर्माण सामाग्रीहरू उपलव्ध रहेको छ। यी निर्माण सामाग्रीहरूको दिगो एवं वातावरण मैत्री रुपले संकलन तथा प्रयोगले स्थानीय ढुवानी कर्ता, संकलन कर्ता तथा निर्माण क्षेत्रमा काम गर्ने ज्यामी मजदुरहरूको आयस्तर र जीवनस्तरमा बृद्धि हुनुको साथै घर तथा बाटो निर्माणको लागि सामाग्रीहरू (ढुङ्गा, गिट्टी, बालुवाको) उपलब्धतामा वृद्धि हुनेछ ।

वर्षाको समयमा लिखु नदीले ढुङ्गा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थहरू थुपार्ने गर्दछ । यी सामाग्रीहरू खोलाको आँपचौर क्षेत्र, गैरीगाँउ क्षेत्र, शेराको मुहान वरीपरी र गडखार पुल माथिको क्षेत्रमा थुपारिँदा नदीको बहाव फेरिन जाने तथा प्रकोप निम्तिने सम्भावना हुन्छ । साथसाथै यी थुपारिएका सामाग्रीहरू निर्माण कार्यमा ज्यादै उपयोगी हुन्छ । जनसंख्या वृद्धि र शहरीकरणको गतिलाई हेर्दा निर्माण सामाग्रीहरूको माग बढिरहेको छ । लिखु गाँउपालिकाले यी सामाग्रीहरूको दिगो एवं वातावरणमैत्री रुपले संकलन/उत्खनन् गर्ने योजना बनाएको छ, जसले गर्दा स्थानीय रुपमै निर्माण सामाग्रीहरू उपलब्ध हुनेछ भने यसबाट प्रकोप न्यूनीकरण हुने अपेक्षा गरिएको छ । साथै यसबाट गाँउपालिकालाई राजश्वमा सघाउ पुग्ने र गाँउपालिकाको आय श्रोतमा बृद्धि हुने देखिन्छ ।

नुवाकोट जिल्ला र नजिकको जिल्लाहरूमा विकास निर्माणका कार्यहरू द्रुत गतिमा अघि बढिरहेका छन् । लिखु गाँउपालिका भएर बग्ने खोला/नदीहरूका विभिन्न स्थानहरूमा ढुङ्गा बालुवा र ग्रावेल संकलन तथा बिक्री वितरण हुँदै आएको तथा नेपाल सरकारले वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ मा स्वीकृति लिएर मात्र ढुङ्गा, बालुवा र ग्रावेल संकलन गर्न पाइने व्यवस्था भएको र ढुङ्गा, गिट्टी, बालुवा संकलन, उत्खनन् र निकासीको अनुमती दिनु पूर्व उल्लेखित प्रस्ताव कार्यान्वयन गर्न प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी स्वीकृति लिनुपर्ने प्रावधान रहेको छ साथै नदिजन्यपदार्थको उचित व्यवस्थापन गर्न लिखु गाउँपालिकाले "लिखु गाउँपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७" को अधिकार प्रयोग गरि "लिखु गाउँपालिकाको वर्षात्को समयमा बगेर आउने नदिजन्यपदार्थको व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८" पनि तयार गरेको छ । लिखु गाँउपालिका भित्रका प्रस्तावित खोलामा ढुङ्गा बालुवा र ग्रावेल संकलन/उत्खनन गर्दा हाल के कस्तो वातावरणीय असर हुन्छ, सो को लेखाजोखा गरि यो प्रतिवेदन तयार गरिएको हो । साथै प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको म्याद २ वर्षको हुनेछ र त्यस पश्चात पुनः अध्ययन गरेर मात्र उत्खनन् तथा संकलन गर्ने कार्य अगाडी बढाउनुपर्ने हुन्छ ।

## २.१. प्रस्तावको उद्देश्य

ढुङ्गा,गिट्टी, बालुवा जस्ता नदी जन्य सामाग्रीहरूको संकलन/उत्खनन् कार्यका निम्न उद्देश्यहरू रहेका छन् ।

- पानीको कारणले हुने प्रकोपहरू जस्तै बाढी, भूक्षय तथा नदी किनार कटान आदि न्यून गर्ने ।
- ढुङ्गा, गिट्टी, बालुवाको संकलन तथा उत्खनन् कार्यलाई दिगो एवं वातावरण मैत्री बनाउने ।
- रोजगारीका अवसरहरूको श्रृजना गरि आय बृद्धि गर्न सघाउ पुऱ्याउने ।
- स्थानीय श्रोतको सदुपयोग गर्ने ।
- स्थानीय श्रोत संकलन र सदुपयोगको बैधानिक पद्धति कायम गर्ने ।
- स्थानीयबासीहरूलाई रोजगारमा बढि प्राथमिकता दिने ।
- प्रभावित क्षेत्रमा आएको आयआर्जनबाट बिकास निर्माणका कार्यहरूलाई बढी प्राथमिकता दिने ।

## २.२. भू-उपयोगमा पर्ने असर

प्रस्तावित स्थानबाट उत्खनन गर्दा भू-उपयोगमा केही फरक पर्दैन । तर वातावरण मैत्री तवरले नगर्दा नदी कटान, भू-क्षय लगायत विभिन्न प्रकोप आउने र त्यस परिस्थितिमा भू-उपयोगमा असर पर्न सक्ने देखिन्छ ।

## २.३. वातावरणमा पर्ने प्रतिकूल प्रभाव, मानव जीवनमा पर्ने असर, जनसङ्ख्याको चापः

यस आयोजनाबाट उत्खनन गरिएका नदी जन्य पदार्थ र निर्माण सामाग्रीहरूको दिगो एवं वातावरणमैत्री रुपले संकलन तथा प्रयोगले स्थानीय ढुवानीकर्ता, संकलनकर्ता तथा निर्माण क्षेत्रमा काम गर्ने ज्यामी मजदुरहरूको आयस्तर र जीवनस्तरमा वृद्धि हुनुको साथै घर तथा बाटो लगायत अन्य भौतिक संरचना निर्माणको लागि सामाग्रीहरू (ढुङ्गा, गिट्टी, बालुवाको) उपलब्धतामा वृद्धि हुनेछ । यी सामाग्रीहरू खोलाबाट उत्खनन नगर्दा नदीको बहाव फेरिन जाने तथा प्रकोप निम्तिने सम्भावना हुन्छ । यसले मानव जीवनमा ठूलो नोक्सानी हुन् जान्छ । यस आयोजनाको कार्यान्वयनबाट पर्न सक्ने प्रतिकूल प्रभावहरू भनेका नदी किनार कटान, जल, ध्वनि, वायु तथा भू प्रदूषण रहेका छन। यस प्रतिवेदनमा उल्लेख गरिएका वातावरण व्यवस्थापन योजना पालना गर्दा प्रतिकूल प्रभाव पनि न्यून हुनेछ।

## २.४. स्थानीय पूर्वाधारमा हुने क्षतिः

यस आयोजनाको कार्यान्वयनले स्थानीय पूर्वाधारहरू मध्ये उत्खनन स्थल सम्म जाने पहुँच मार्गमा प्रभाव पार्ने छ । यी पदार्थको वजन धेरै हुने हुँदा यसले यो सडकमा क्षति पुर्याउन सक्छ । यस क्षेत्रमा खानेपानी र सिंचाइका मुहानहरू रहेका छन तर उत्खनन स्थलहरू यस्ता भौतिक संरचनाहरु बाट कम्तीमा २०० मिटर दुरीमा रहने गरी तोकिएको छ । पक्की पुलको हकमा भने पुलको माथि ५०० मिटर र तल १ किमि सम्म उत्खनन स्थलहरू रहने छैनन ।

# ३
# प्रस्तावको विवरण

## ३.१. प्रस्तावको प्रमुख विशेषताहरू

तालिका ३-१ प्रस्तावको प्रमुख विशेषताहरू

| | | |
|---|---|---|
| १. | प्रस्तावको नामः नुवाकोट जिल्लाको लिखु गाँउपालिकास्थित लिखु नदीको आँपचौर क्षेत्र, गैरीगाँउ क्षेत्र, शेराको मुहान वरीपरी र गडखार पुल माथिको क्षेत्रबाट दिगो र वातावरण मैत्री रुपले नदीजन्य पदार्थहरूको उत्खनन् तथा संकलन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने । | |
| २. | प्रस्तावको अवस्थितिः | |
| | प्रदेश : | बाग्मती प्रदेश |
| | जिल्ला : | नुवाकोट |
| | गाँउपालिका | लिखु गाँउपालिका |
| ३. | भौगोलिक/हावापानी प्रकृति एवं विवरण : | |
| | नदीको नाम र प्रकारः | लिखु नदी, बाह्रमासे खोला |
| | भूवनोट | समथर नदी निर्मित वेशी तथा टार |
| | माटो | पातलो दोमट |
| | हावापानी (Climate) | Sub-Tropical |
| ४. | संकलन/उत्खनन् कार्य, स्थल र प्रकृयाः | |
| | संकलन/उत्खनन् क्षेत्र | अक्षांश / देशान्तर / उचाई (समुद्र सतहबाट) |
| | आँपचौर क्षेत्र, | २७°५२'५०."उत्तर / ८५°१५'५३.८८"पूर्व /५९४ मि. |
| | गैरीगाँउ क्षेत्र | २७°५२'५९.७४"उत्तर /८५°१५'४२.८३" पूर्व /५८८ मि. |
| | शेराको मुहान वरीपरी | २७°५३'३४.९७" उत्तर / ८५°१४'४१.१८"पूर्व /५७१ मि. |
| | गडखार पुल माथिको क्षेत्र | २७°५३'३०.३२"उत्तर / ८५°१४'१६.६०"पूर्व /५६० मि. |
| | संकलन/उत्खनन् विधि | श्रमिक, हाते औजार र यस प्रतिवेदनले तोकेको विधि अनुसार मेशिन औजार प्रयोग गरि। (सेक्सन ३.५ मा विस्तृत रुपमा दिइएको) |
| | संकलन/उत्खनन् कार्यमा प्रयोग हुने सामाग्री वा मेशीनरी/उपकरणहरू | संकलन/उत्खनन् कार्यका लागि हाते औजार जस्तै खन्ती, बेल्चा, आदि प्रयोग गरेर गरिने छ र ढुवानीको लागि मात्र ट्रक तथा ट्राक्टरको प्रयोग गरिनेछ, संकलन/उत्खनन् कार्यमा डोजर, स्काभेटर, लोडर जस्ता मेशिनरी उपकरणहरू प्रयोग गर्न नगरपालिकाको प्राविधिकको निगरानीमा गर्न सकिने । (सेक्सन ३.५ मा विस्तृत रुपमा दिइएको) |
| | वार्षिक संकलन/उत्खनन्को परिमाण | २७,४५५.९२५ घन.मि. (सेक्सन ३.४ मा विस्तृत तालिका दिइएको) |
| | संकलन /उत्खनन् गरीने अबधि | प्रत्येक आ.ब.को असोज १ गतेदेखि जेठ मसान्तसम्म मात्र (असार, श्रावण र भाद्रमा संकलन गर्नुपर्ने भएमा सम्बन्धित निकायको स्वीकृत लिएर मात्र संकलन तथा उत्खनन् गर्ने) |

| | | |
|---|---|---|
| | संकलन/उत्खनन् गरिने सामाग्रीहरू : | ढुङ्गा, गिट्टी, र वालुवा समेतका नदीजन्य सामाग्रीहरू |
| | प्रस्तावित अन्तर्गतका कार्यहरू : | संकलन, उत्खनन् तथा ढुवानी र प्रभाव न्यूनीकरण सम्बन्धी कार्यान्वयन |
| | प्रभावित गाँउपालिका | लिखु गाँउपालिका |
| ५. | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको वैधानिकता : | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भएको २ बर्षसम्म हुनेछ । |

## ३.२. प्रस्तावको किसिमः

यो उत्खनन वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची २ को ग (७) मा रहेको नदी नाला सतहबाट दैनिक १०० घनमिटर भन्दा बढी ३०० घनमिटर सम्म बालुवा, ग्राभेल, गिर्खा माटो निकाल्ने प्रकारको रहेको छ ।

## ३.३. प्रस्तावको क्षमताः

प्रस्तावित क्षेत्रमा बर्षेनी आउने बाढीले बगाएर ल्याएको ढुंगा, गिट्टी, बालुवा थुप्रिएर रहन्छन र यी बगाएर ल्याएका नदीजन्य पदार्थहरूलाई उत्खनन् र ढुवानी गर्दा खोलाले आफ्नो बहाव परिवर्तन गर्दैन र खोलाको आफ्नो गन्तब्य यथास्थितिमा रहन्छ, त्यसैले प्रस्तावित क्षेत्रमा ढुङ्गा, गिट्टी तथा बालवा निकाल्दा बर्षेनी खोलाले बगाएर ल्याएका नदीजन्य पदार्थहरू मात्र निकाल्नु पर्नेछ, जस्ले गर्दा त्यस खोलाको नदीजन्य पदार्थहरूको उत्खनन्/संकलन दिगो रुपमा गर्न सकिन्छ ।

## ३.४. संकलन/उत्खनन् गरिने परिमाणको आंकलन

प्रभावित क्षेत्रमा स्थलगत अध्ययन गरेर निम्न तरिकाले ढुङ्गा,गिट्टी, बालुवा समेतको उत्खनन् र ढुवानी गरिने छ । यसरी घनमिटर निकाल्दा उत्खनन् स्थलको लम्बाई, चैडाई, गहिराईलाई गुणन गरेर निकालिएको हो ।

तालिका ३-२ संकलन/उत्खनन् गरिने परीमाणको आंकलन

| क्र. स. | संकलन/उत्खनन् स्थल | औसत क्षेत्रफल (वर्ग मि.) | औसत गहिराई (मि.) | मौजुदा परिमाण (घ.मि.) | उत्खन्न गर्न सकिने परिमाण (घ.मि.) | समुद्री सतहबाट उचाइ (मि) | अक्षंश / देशान्तर | नदीजन्य पदाथ |
|---|---|---|---|---|---|---|---|---|
| १ | आँपचौर | ३२६९४ | ०.३५ | ११४४२.९ | ८५८२.१७५ | ५९४ मि. | २७°५२'५०.४४"उत्तर | ढुङ्गा : ४०% |
| | | | | | | | ८५°१५'५३.८८"पूर्व | गिट्टी : १० % |
| | | | | | | | | बालुवा : ५० % |
| २ | गैरीगाँउ १ | २६९१८ | ०.३५ | ९४२१.३ | ७०६५.९७५ | ५८८ मि. | २७°५२'५९.७४"उत्तर | ढुङ्गा : ३०% |
| | | | | | | | ८५°१३'४२.८३" पूर्व | गिट्टी : १० % |
| | | | | | | | | बालुवा : ६० % |
| 3 | गैरीगाँउ २ | १५०५४ | ०.३५ | ५२६८.९ | ३९५१.६७५ | ५७८ मि. | २७°५३'११.२२"उत्तर | ढुङ्गा : ३०% |
| | | | | | | | ८५°१५'२३.५४" पूर्व | गिट्टी : १० % |
| | | | | | | | | बालुवा : ६० % |
| 4 | शेराको मुहान १ | ९१०८ | ०.३५ | ३१८७.८ | २३९०.८५ | ५७१ मि. | २७°५३'३४.९४" उत्तर | ढुङ्गा : ३५% |
| | | | | | | | ८५°१४'४१.१८"पूर्व | गिट्टी : ५ % |
| | | | | | | | | बालुवा : ६० % |
| 5 | शेराको मुहान २ | ७३०५ | ०.३५ | २५५६.७५ | १९१७.५६२५ | ५६६ मि. | २७°५३'३३.८८"उत्तर | ढुङ्गा : ४०% |
| | | | | | | | ८५°१४'३४.०८"पूर्व | गिट्टी : १५ % |
| | | | | | | | | बालुवा : ४५ % |
| 6 | शेराको मुहान ३ | ७८१२ | ०.३५ | २७३४.२ | २०५०.६५ | ५६३ मि. | २७° ५३'३२.१२"उत्तर | ढुङ्गा : ४०% |
| | | | | | | | ८५°१४'२८.७१"पूर्व | गिट्टी : १० % |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | बालुवा : ५० % |
| 7 | गडखार पुला माथि | ५७०३ | ०.३५ | १९९६.०५ | १४९७.०३७५ | ५६० मि. | २७° ५४'४.३७"उत्तर | ढुङ्गा : ३५% |
| | | | | | | | ८५°१४'१६.६०"पूर्व | गिट्टी : १५ % |
| | | | | | | | | बालुवा : ५० % |
| | जम्मा | | | ३६,६०७.९ | २७,४५५.९२५ | | | |

नोट : मौजुदा परिमाण भन्दा करीब ७५% मात्र उत्खनन् गर्न सिफारिस गरिएको)

| नदीजन्य पदार्थहरू | जम्मा |
|---|---|
| दैनिक उत्खनन् सिफारिस गरिने (क्यू.मि.) | ३०० भन्दा कम (१०१.६९) |
| वार्षिक उत्खनन् सिफारिस गरिने (क्यू.मि.) | २७,४५५.९२५ |
| वार्षिक उत्खनन् सिफारिस गरिने (क्यू.फुट.) | ९,६९,५७८.५४ |
| राजश्व (प्रति वर्ष) प्रति क्यू. फुट | रु.९ |
| कूल राजश्व (प्रति वर्ष) | रु. ८७,२६,२०६.८१९ |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ घ(६) बमोजिम गाँउपालिका वा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका नदी नालाको ढुंगा, गिट्टी, बालुवा, माटो, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन गर्न सक्ने कानूनी प्रावधान रहेको छ । वातावरण संरक्षण तथा व्यवस्थापनका लागि स्थानीय निकायका वातावरण शाखा पूर्णरुपले जिम्मेवार रहनेछन् भन्ने समेतको ब्यवस्था रहेको छ । करको दर प्रदेश सरकारले गर्नुपर्ने प्रावधान रहेको छ ।

### ३.५. प्रयोग गरिने विधि र सामग्रीः

प्रस्तावित नदी तथा खोलाबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा वालुवाको संकलन/उत्खनन् गर्दा मूख्यतयः निम्न तरिकाहरू अवलम्बन गरिने छ ।

- उत्खनन स्थलहरू विवरण अनुसूचीमा उल्लेख गरेको ढाँचामा होर्डिङ्ग बोर्ड वा अन्य सूचना प्रदायक उपाय अवलम्बन गर्ने ।
- निर्दीष्ट क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवाको संकलन/उत्खनन् कार्य स्थानीय जनशक्तिबाट हात र हाते औजारहरू जस्तै साबेल, हथौडा, कोदालो, गैची आदिबाट गरिने, ठुला—ठुला मेशिनरी औजार, डोजर, स्काइभेटर आदि प्रयोग गाँउपालिकाको प्राविधिकको रोहबरमा मात्र गर्ने ।
- नदीजन्य पदार्थ संकलन/उत्खनन् कार्यमा संलग्न जनशक्तिलाई समाज तथा बातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव बारे सचेत गराईने ।
- यस प्रतिवेदनले तोकिएको स्थानबाट मात्र ढुङ्गा, गिट्टी तथा वालुवाको संकलन/उत्खनन् गर्ने तोकिएको दैनिक परिमाण भन्दा बढी उत्खनन् नगर्ने ।
- ढुवानीको हकमा ट्र्याक्टर, टिपरहरू प्रयोग गर्ने ।
- विद्यमान नियम अनुसार पुल क्षेत्रको ५०० मि. नदीको माथि र १००० मि. तलसम्म उत्खनन् नगर्ने, त्यस्ता क्षेत्रको उत्खनन् बारेमा होर्डिङ्ग वा अन्य सूचना प्रदायक उपाय अवलम्बन गर्ने र प्रस्तावित स्थानहरूबाट अन्य भौतिक संरचना (सिचाँइ आयोजना तथा खानेपानीको इन्टेक आदी) बाट न्यूनतम ५०० मि. को दुरीमा हुनु पर्ने ।
- नदी कटान हुनसक्ने स्थान वा कमजोर भू-अवस्थिति भएको स्थानमा ग्याबियन वालको निर्माण गर्ने ।
- हिउँदमा नदीमा पानी भैरहेको वा वगिरहेको क्षेत्रवाट श्रोत ननिकाल्ने।
- नदीको धार परिवर्तन हुने गरी श्रोत संकलन नगर्ने । खोलाको सतह भन्दा गहिरो हुने गरी नदीजन्य पदार्थहरू निकाल्न नदीने ।
- खोलाको पानीको सतहभन्दा गहिरो हुने गरी खोला किनारबाट श्रोत उत्खनन् नगर्ने ।
- वर्षा याममा नदीको वहाव हुने किनारदेखि करीब ५ मि. छोडेर मात्र उत्खनन् गर्ने ।
- उपरोक्त श्रोतहरू संकलन कार्य गर्दा समय, परिमाण आदि सबै उपलब्ध विषयवस्तुहरूलाई गम्भीरताका साथ हेरी त्यस सम्बन्धमा संकलनकर्ता, ठेकेदार र

कामदारलाई तालिम दिई संकलन गरिने छ । त्यसरी संकलनगर्दा निस्केका उप– उत्पादन (प्रयोग नहुने हरूलाई उचित व्यवस्थापन गरिने छ ।

**मेसिन प्रयोग कार्ययोजना**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गरिएको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ उपदफा ४ का अनुसार सामान्यतया श्रम मूलक प्रविधिको प्रयोग गर्नुपर्ने तर वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित शर्त र सीमा भित्र रही वा विपद् जोखिम संवेदनशील क्षेत्रमा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिशमा मेशिनको प्रयोग गर्न सकिने उल्लेख गरेको छ।

यस गाँउपालिकामा नदी जन्य पदार्थ अत्याधिक मात्रामा जम्मा भएकोले श्रम मूलक प्रविधिको प्रयोग गर्दा सम्भव नहुने हुँदा यस प्रतिवेदनमा उल्लेख भए अनुसारको मात्रा उत्खनन गर्न उल्लेखित क्षेत्रफल निर्धारण गरि गाँउपालिकाको प्राबिधिकको रोहबरमा तोकिएको अबधिभित्र तोकिएको परिणाम उत्खनन गर्ने गरी गाँउपालिकाका प्राविधिकले तयार गरी कार्यपालिकाबाट स्वीकृत गरिएको कार्य योजना अनुसार गर्नु पर्ने छ।

कार्य योजनामा आवश्यकता अनुसार निम्न विवरण भरिएको हुनु पर्ने छ ।

**मेसिन प्रयोग योजना**

| | |
|---|---|
| मशिन उपकरणको किसिम | |
| प्रयोग हुने स्काभेटरको संख्या | |
| प्रयोग गर्ने क्षेत्र | |
| प्रयोग गर्ने कारण | |
| प्रयोग गर्ने समय | |
| प्रयोग गर्ने महिना | |
| विधि, प्रकृया | |
| अधिकतम गहिराई एवं लम्बाइ र चौडाइ | |
| च्यानेज | |
| अनुमानित निकालिने परिमाण (प्रति महिना) | |

| | |
|---|---|
| मूख्य वस्ती देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मका औषत दुरी | |
| स्थानीय रोड देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्म औषत दुरी | |
| अन्य संवेदनशिल क्षेत्र भए | |

## ३.६. प्रस्ताव कार्यान्वयन हुँदा निष्कासनः

(१) ठोस

यस प्रस्तावको कार्यान्वयनका क्रममा निकै कम मात्रामा फोहर निस्किन्छ । उत्खननमा संलग्न जनशक्तिहरूले कामका बीचमा खाने लगायतका कृयाकलापका क्रममा ठोस फोहर उत्पादन हुने हो ।अनुमानित दैनिक रूपमा १ देखि २ केजी फोहर उत्पादन हुने अनुमान यस अध्ययनमा गरिएको छ ।

(२) तरल

तरल फोहर गाडी धुँदा र कामदारले चर्पी प्रयोग गरे पश्चात आउने फोहर पानी मात्र हुन्छ । दैनिक रूपमा यो १००० लिटर अनुमान गरिएको छ । तर खोलाको बहाव हेर्दा यती परिमाणले नगण्य असर पर्ने देखिन्छ ।

(३) हावा,

यस प्रस्तावबाट कुनै पनि हावा निष्कासन हुदैन ।

(४) ग्याँस,

ढुवानीका क्रममा सवारी साधनको दुवा उत्पादन हुन्छ । अन्दाजी १ लिटर डिजेल प्रयोग हुदा २.६२ केजी कार्बोन निष्कासन हुन्छ । अन्दाजी यो आयोजनाबाट दैनिक २६२ केजी कार्बन निष्कासन हुने अनुमान गरिएको छ । यो सँगसँगै सल्फर र नाइट्रोजन ग्याँस पनि निष्कासन हुन्छ तर ती ग्याँसहरू नगण्य परिमाणमा हुन्छन ।

(५) ध्वनि

यस प्रस्ताव कार्यान्वयनका क्रममा सवारी साधन र उत्खनन दुवै कारणले ध्वनि उत्पादन हुन्छ । यसबाट उत्खननको समयमा मात्र ध्वनि उत्पादन हुनेछ ।

(६) धूलो

सवारी साधन चल्दा धूलो उड्ने गर्दछ । यो पहुँच मार्गमा अझै बढी उत्पादन हुने गर्दछ ।

(७) अन्य ।

### ३.७. प्रयोग हुने ऊर्जाः

(१) किसिमः डिजेल
(२) स्रोतः नेपाल आयल निगम
(३) खपत हुने परिमाण : प्रति दिन १०० लिटर

### ३.८. जनशक्तिको आवश्यकताः

यस प्रस्ताव कार्यान्वयन हुँदा २ जना ड्राइभर र ४ जना अदक्ष जनशक्ति आवश्यक पर्दछ ।


### ३.९. प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरणः

लिखु गाँउपालिका बाग्मती प्रदेशमा पर्ने नुवाकोट जिल्लामा अवस्थित एक गाँउपालिका हो । नेपालको संबिधान अनुसार राज्य पुनसंरचना पछि साबिकको खानिगाँउ गविसको सबै वडा, सुर्यमति गाविसको सबै वडा, चौघडा गाविसको १,२,५,६,७,८ वडाहरु, थानसिंङ गाविसको १,२,३,४,५,६,७ वडाहरु र थानापति गाविसको वडा नं ५ समेटेर जम्मा ६ वडा बनाई लिखु गाउँपालिका घोषण गरिएको हो । यस गाउँपालिकाको क्षेत्रफल ४७.८८ वर्ग कि.मि रहेको छ । यस गाँउपालिकाको केन्द्र साबिकको सुर्यमति गाविस वडा नं १ डुँडेमा रहेको छ । यस गाँउपालिकामा २०६८ को जनगणना अनुसार यस गाँउपालिकामा ३६२९ घरपरिवार रहेका छन जसमा ७८०८ जना पुरुष र ९०४५ जना महिला गरी कूल १६८५२ जनसंख्या रहेको छ । अधिकांश जनसंख्या कृषि पेशामा आश्रित छन् ।


### ३.१०. प्रस्ताव क्षेत्रको अवस्थिति


प्रस्ताव उत्खनन स्थलहरू नुवाकोट जिल्लाको लिखु गाँउपालिका क्षेत्रमा पर्ने लिखु नदीको आँपचौर क्षेत्र, गैरीगाँउ क्षेत्र, शेराको मुहान वरीपरी र गडखार पुल माथिको क्षेत्रमा पर्दछ। प्रस्ताव क्षेत्रको अक्षांश, देशान्तर, संकलन/उत्खनन् स्थल, उक्त स्थलमा जाने नजिकको पहुँच मार्ग उल्लेख गरिएको छ, साथै संकलन/उत्खनन् क्षेत्रलाई Location Map/Google नक्शामा देखाईएको छ ।

## ३.१०.१ नक्साहरू




तस्विर ३-१ लिखु गाँउपालिकाको अवस्थितिको चित्र


Likhu Rural Municipality
48 Sqkm (Total Area)
16.9 Sqkm (Forest Area)
35% Forest
Province-3
NEPAL
NUWAKOT
Bidur Municipality
132
Tadi Rural Municipality
Suryagadhi Rural Municipality
360
Panchkanya Rural Municipality
168
Likhu Rural Municipality
Kakani Rural Municipality
Belkotgadhi Municipality
139
Shivapuri Rural Municipality
Legend
Stream/River
Local Level
Watershed
Forest
Non Forest
District
Data:
Local level Admin boundary:- Department of Survey, Ministry of Federal Affair and Local Development
Forest Cover:- Department of Forest Research and Survey
Protected Area:- Department of National Parks and Wildlife Conservation
Ministry of Forests and Soil Conservation
Department of Forest Research and Survey
CRS: GCS WGS 1984
www.dfrs.gov.np
Page:80




तस्विर ३-२ गुगल नक्शा

## ३.१०.२ सो क्षेत्र र वरिपरिको जनसङ्ख्या र बसोबासको स्थिति

### प्रस्ताव क्षेत्रको/प्रभावित गाँउपालिकाको जनसंख्या

लिखु गाँउपालिका बाग्मती प्रदेशमा पर्ने नुवाकोट जिल्लामा अवस्थित एक गाँउपालिका हो । नेपालको संबिधान अनुसार राज्य पुनसंरचना पछि साबिकको खानिगाँउ गविसको सबै वडा, सुर्यमति गाविसको सबै वडा, चौघडा गाविसको १,२,५,६,७,८ वडाहरु, थानसिंङ गाविसको १,२,३,४,५,६,७ वडाहरु र थानापति गाविसको वडा नं ५ समेटेर जम्मा ६ वडा बनाई लिखु गाउँपालिका घोषण गरिएको हो । यस गाउँपालिकाको क्षेत्रफल ४७.८८ वर्ग कि.मि रहेको छ । यस गाँउपालिकाको केन्द्र साबिकको सुर्यमति गाविस वडा नं १ डुंडेमा रहेको छ । यस गाँउपालिकामा २०७८ को जनगणना अनुसार यस गाँउपालिकामा ४,५८२ घरपरिवार रहेका छन जसमा ८५८७ जना पुरुष र ९१४१ जना महिला गरी कूल १७,७२८ जनसंख्या रहेको छ ।

तस्विर ३-३ गाँउपालिका र वडाको जनसंख्या

| वडा नं. | साविकका गा.वि.स र वडाहरू | जम्मा घरधुरी | पुरूष | महिला | कुल जनसंख्या | औसत घरधुरी संख्या |
|---|---|---|---|---|---|---|
| १ | खानी गाँउ १, २, ३, ४ र ८ | ४०० | १७१४ | १८०९ | ३५२३ | ४.२९ |
| २ | खानी गाँउ ५,६,७ र ९ | १८६ | १०४२ | ११५७ | २१९९ | ५.५९ |
| ३ | सूर्यमती (सबै) | २९८ | १५७१ | १७११ | ३२८२ | ५.२८ |
| ४ | चौगडा १,२ , ५, ६, ७ र ८ | ३७० | १७८९ | १९७७ | ३७६६ | ४.८३ |
| ५ | थानसिङ ५, ६ र ७ | २०८ | ९६० | ९९५ | १९५५ | ४.६२ |
| ६ | थानसिङ १, २, ३ र ४ र थानापती ५ | ३५८ | १५०२ | १४९२ | २९९४ | ४.२ |
| | जम्मा | ४,५८२ | ८,५८७ | ९,१४१ | १७,७२८ | ४.६४ |

श्रोत : (के.त.वि., २०७८)

### जात/जाति

नेपाल अनेक जातजातिले भरिपूर्ण सून्दर अनुपम राष्ट्र हो । यहाँ हिमाल देखि तराई सम्म अनेक विशेषताले भरिएका जानजाति देख्न सकिन्छ । विश्वमै अत्यन्तै सानो राष्ट्रको सुचिमा समावेश भएता पनि जात जातिको हिसाबमा अत्यन्तै सम्पन्न रहेको छ । जातीय विविधताका कारणलेनै यहाँ कला तथा संस्कृतिमा अनुपम विविधता छ । नेपालको यो पहिचान विश्वसामुनै परिचय दिन सफल विषय हो । १२५ जातजाति तथा १२३ भाषाभाषि रहेको नेपाल साच्चिकै विविध जातजातिको बगैंचा हो । नेपालको यही गरिमालाई जोगाउँदै लिखु गाउँपालिका पनि विविध जानजातिहरूको संगम स्थलको रुपमा रहेको छ । यहाँ राइ, मगर, क्षेत्री, ब्राह्मण, नेवार, तामाङ, ठकुरी, सार्की लगायतका जातजातिको बाहुल्यता रहेको छ ।

तस्विर ३-४ गाँउपालिकाको जातजातीको जनसंख्या

| क्र.स. | जातजाती | कुल | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री | २३८२ | १४.०५ |
| २ | ब्राम्हण | ३८०९ | २२.४७ |
| ३ | मगर | १२९५ | ७.६४ |
| ४ | तमाङ | १४३३ | ८.४५ |
| ५ | नेवार | २०२८ | ११.९६ |
| ६ | साकी | ६३० | ३.७२ |
| ७ | कामी | २९५ | १.७४ |
| ८ | राई | ४३०८ | २५.४२ |
| ९ | दमाइ | २६२ | १.५४ |
| १० | अन्य | २२ | ३.०१ |

श्रोत : (केन्द्रिय तथ्याङ विभाग, २०११)

भाषा कुनै पनि विचार तथा सन्देश अभिव्यक्तिको माध्यम हो । साथै भाषा कुनै पनि स्थानको मौलिक पहिचान तथा राष्ट्रिय संस्कृतिको अभिन्न अंग हो । नेपाल अनेक भाषाभाषीहरूको समागम स्थल हो । यो एक सानो मुलुक भएर पनि भाषाभाषिको हिसाबमा निकै धनि छ । यसैको फलस्वरुप यस गाउँपालिकामा पनि अनेक प्रकारका भाषाभाषि रहेको पाइन्छ । ती मध्ये नेपाली, राई, मगर र नेवारी भाषा बढी प्रयोग हुने गर्दछ ।

**पेशा**

अधिकांश मानिसहरू कृषि पेशामा आश्रित छन् । जिविकोपार्जनको लागि यस क्षेत्रका मानिसहरूले व्यापार, व्यवसाय, सरकारी सेवा, तथा वैदेशिक रोजगारका अवसरलाई पनि अवलम्वन गरेको पाईन्छ । मूख्य बजार क्षेत्रमा व्यवसायमा लागेका व्यवसायीहरू पसल, होटल र घरेलु व्यापार आदिमा लागेको पाईन्छ । वैदेशिक रोजगारका लागि यहाँका युवाहरू खाडी मुलुक, मलेसिया, कतार, दुबई, अष्ट्रेलिया, युरोप लगायतका देशहरूमा गएको पाईन्छ ।

**उर्जा एवं विजुली**

लिखु गा.पा. वासीहरुले खाना पकाउन मुख्य रुपमा दाउराको प्रयोग गर्ने गरेका छन् भने केही घरहरुमा वायोग्यास, एलपी ग्यास र मट्टीतेल प्रयोग भएको पाईन्छ । विजुली वत्तीको लागि अधिकाशं घरमा विद्युत नै प्रयोग भएको देखिन्छ । लिखु गा.पा.को ७९.४५ घरधुरी विद्युत लाइनमा जोडिएका छन । त्यस्तै सोलार र मट्टीतेल पनि प्रयोग गरेको पाइन्छ ।

**खानेपानी एवं स्वास्थ्यको सुविधा**

यस क्षेत्रका वासीहरूले खानेपानीको लागि मूख्य स्रोतको रुपमा धारा तथा पाइपको पानी प्रयोग गरेको पाइयो भने दोस्रो मूख्य स्रोत असुरक्षित कुवाको प्रयोग भएको पाइयो ।

तालिका ३-३ गा.पा.मा पानीको प्रयोग

| गा.पा. | खानेपानीको मूख्य श्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | धारा | ट्यूबवेल | इनार | कुवा | मूहानको पानी | खोला | अन्य |
| लिखु | २५८१ | | ७५ | २६४ | ३८० | ३७ | १ |

(केन्द्रिय तथ्याङ्ग विभाग, २०११)

यस गा.पा. क्षेत्र भित्र स्वास्थ्य चौकी लगायत अन्य स्वास्थ्य संस्थाहरु रहेका छन् । यस क्षेत्रका बासिन्दाहरु स्वास्थ्य सम्बन्धी सेवाका लागि जिल्ला अस्पताल, नुवाकोटमा वा काठमाडौं उपचार गर्न गएको पाईयो ।

### शिक्षा

प्रस्तावीत क्षेत्रमा शिक्षा र रोजगारीको अवस्था राम्रो रहेको छ । समग्रमा अधिकांस जनताहरु साक्षार हुनका साथै केही जनशक्ति रोजगार रहेका छन । यस क्षेत्रमा शैक्षिक संस्थाहरुको राम्रो व्यवस्था छ । यस गा.पा.मा आधारभुत तह सम्म १४ र माध्यामिक विद्यालयहरु ४ वटा रहेका छन ।

### यातायात र पहुँच मार्ग

यस गाँउपालिकामा प्राय सबै ठाउँमा यातायातको सुविधा पुगिसकेको देखिन्छ । पक्की बाटो सबै ठाउँमा नपुगे पनि कच्ची तथा ग्राभेल बाटो गाँउपालिकाको सबै क्षेत्रमा पुगेको पाईन्छ । उत्खनन् क्षेत्रसम्म कच्ची बाटो भएकाले प्रस्तावित क्षेत्रमा ढुङ्गा, गिट्टी संकलन र उत्खनन् गर्न कुनै किसमको असुबिधा रहेको छैन । प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि यातायतामा पहुँच पुगेको देखिन्छ र यहाँका बासिन्दाहरुले बढी मोटर साईकल प्रयोग गरेको देखिन्छ । यहाँबाट सार्वजनिक यातायातको उपलब्धता पनि राम्रो देखिन्छ ।

### धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक स्थलहरू

यस क्षेत्रमा हिन्दु धार्मालम्बीहरु रहेकाले दशै, तिहार लगायत हिन्दु चाडपर्व मनाउने गरेको पाईन्छ । यस क्षेत्रमा धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक महत्वका ठाऊहरु धेरै छैनन । यस लिखु नदि क्षेत्रमा धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक स्थलहरु भनेकै घाटहरु रहेका छन । यस क्षेत्रमा जम्मा ५ वटा घाटहरु रहेका छन ।

## ३.१०.३ भौतिक वातावरण

### भू–स्थिति


नुवाकोट जिल्ला समुन्द्री सतहबाट ४५७ मिटर देखि ५,१४४ मिटर सम्मको उचाईमा रहेको साथै १,१२१ वर्ग कि.मी मा फैलिएको छ । यस जिल्लालाई हालको संघीय संरचना अनुसार २

नगरपालिका, १० गाउँपालिका ८८ वटा वडामा विभाजन गरिएको मध्ये १ गाँउपालिका हो लिखु गाँउपालिका ।

२०७१ सालमा साविकको ५ वटा गा.वि.स (सूर्यमति, थानसिङ(१), खानिगाँउ, चौघडा १,२,५,६,७, र थानपती गा.वि.स.) मिलेर लिखु गाँउपालिका बनेको हो । यसरी बनेको हालको गाँउपालिकाको क्षेत्रफल (४७.८८ बर्ग कि.मी) रहेको छ भने यस गाँउपालिकाको पूर्वमा शिवपूरी गा.पा. र पन्चकन्या गा.पा, पश्चिममा विदुर न.पा., उत्तरमा सुर्यगढी गा.पा र दक्षिणमा बेलकोटगढी न.पा र ककनी गा.पा. पर्दछन । यस गाँउपालिका समुद्र सतहबाट ५११ मि देखि १२९७ मि. को उचाइमा रहेको छ । वर्षाको समयमा यस नदीले माथिल्लो भू—भागबाट गिट्टी, बालुवा वगाई ल्याएर समथर क्षेत्रको भू—भागमा थुपारेको पाईन्छ ।


## जलवायु

प्रस्तावित क्षेत्रको जलवायु (Sub Tropical) मनसुन किसिमको छ ।




तस्विर ३-५ वर्षाको विवरण

यहाँ अधिकतम तापक्रम ३२ डिग्री से. रहेको छ भने न्युनतम तापक्रम ८ डिग्री से. सेल्सियस रहेको छ ।




तस्विर ३ -६ नुवाकोटको तापक्रमको ग्राफ

असार, श्रावण र भाद्र महिनामा वर्षा हुन्छ । यहाँ सरदर वार्षिक वर्षा १६०० मि.मि. हुने गर्दछ । चैत, बैशाख, जेष्ठ, असार र साउन सम्म गर्मी हुने गर्दछ । भदौ, असोज, कार्तिक, मंसिर महिनामा न जाडो न गर्मी हुन्छ भने पुष, माघ र फागुन महिनामा अलि—अलि जाडो हुने गर्दछ ।

### हावा र पानीको गुणस्तर एवं ध्वनीको मात्रा

यस क्षेत्रमा कुनै कलकारखाना नभएकोले हावा तथा ध्वनीको गुणस्तर राम्रो रहेको पाईयो । खोला वरपर भने ट्रिपर, ट्र्याक्टर आदि चलेको बेलामा हावामा धुलोका कणहरु मिसिने पाइयो । पानीमा ढल तथा कलकारखाना प्रस्तावित स्थान नजिक नहुनु र फोहोर नमिसाईएकोले गुणस्तर राम्रो पाईयो । वर्षाको समयमा भने बाढीको कारणले गर्दा पानीको बहाव उच्च हुने र पानी धमिलो हुने गर्दछ।

### भू—उपयोग

७० प्रतिशत : वनजंगल तथा वुट्यान
१५ प्रतिशत : वस्ती र कृषि
१५ प्रतिशत : नदी, बगर, कडा जमिन

खोलाको दायाँ र बाँया सामुदायिक वन, बस्ति र खेती योग्य जमिन छ । लिखुको दायाँ र बाँया बढी मात्रामा खेतियोग्य जमिन र बस्ति पनि रहेको छ । यहाको माटो कृषिको लागि निकै उर्वर मानिएको छ । यहाको जनताहरुले तिन वाली अन्नवाली उब्जनी गरिरहेका छन । विशेष गरि धान र आलु यहा निकै राम्रो उत्पादन हुने गरेको छ । नेपाल सरकारले पनि यस क्षेत्रलाई आलुको पकेट क्षेत्र घोषणा गरी यस सम्बन्धी विभिन्न कार्यक्रम संचालन गर्दै आएको छ ।

### भौतिक संरचना

प्रस्तावित स्थान नजिक नदीको केही भागमा पुलहरू रहेको छ, तर ती पक्की पुलहरूको ५०० मिटर भित्र उत्खनन नहुने गरी उत्खनन स्थल तोकिएको छ । उत्खनन स्थानमा पुग्ने पहुँच मार्ग कच्ची रहेको र वर्षातको समय यातायात गर्न समस्या हुने गरेको पाइयो ।

## ३.१०.४ जैविक वातावरण

### वन तथा जीवजन्तु

ढुङ्गा, गिट्टी तथा बालुवा संकलन क्षेत्र वन क्षेत्रको नजिक पर्ने हुनाले वन, वनस्पति तथा वन्यजन्तुलाई प्रत्यक्ष प्रभाव पर्न सकिने देखिन्छ । यस वनमा निम्न प्रकारका वनस्पतिहरू पाइन्छ ।

तस्विर ३-७वनस्पति प्रकार

| Local Name | English Name | Scienific Name |
|---|---|---|
| सल्ला | Pine | *Pinus wallichiana* |
| चिलाउने | Chilaune | *Schima wallichi* |
| उत्तीस | Uttis | *Alnus nepalensis* |
| सिसौ | Sisau | *Salbergia sissoo* |
| सिमल | Simal | *Bombax ceiba* |
| दालचिनी | Cinnamon tree | *Cinnamomum zeylanicum* |
| लहरे पिपल | Peepal | *Ficus religiosa* |
| साल | Saal | *Shorea Robusta* |

तस्विर ३-८जीव प्रकार

| Local Name | English Name | Scienific Name |
|---|---|---|
| फ्याउरो | Fox | *Vulpes vulples* |
| बाँदर | Monkey | *Macaca mulatta* |
| भ्यागुता | Frog | *Rana tigni* |
| काग | Crow | *Corvus brachrhynchos* |
| परेवा | Pigeon | *Columba livia* |

## ३.११. प्रस्तावित क्षेत्रमा यातायातको पहुँच

ढुङ्गा, गिट्टी तथा वालुवा संकलन/उत्खनन् गर्नका लागि हाल मार्ग रहेको छ । उक्त संकलन/उत्खनन् स्थलमा जान पहुँच मार्ग कच्ची बाटो रहेको छ । यस वाटोमा ढुवानीका साधन जस्तै ट्रिपर तथा ट्र्याक्टरहरू राम्ररी चल्न सक्दछन् ।

## ३.१२. अन्य आवश्यक कुराः

### ३.१२.१ प्रस्तावको क्षेत्र निर्धारण

नुवाकोट जिल्लाको लिखु गाँउपालिकास्थित खोलाको कुनी खोला घाट (चार सय बगर), साल बिसौना लब्धु घाट, पित्रीधाम देखि जलदेवी मन्दीर ऐरिया, ढिकुरे पूल माथी, ढिकुरे पूल तल, कस्तुरीटार कुसुम खोला सेरा घाट र सिन्दुरे दोभान आसपास क्षेत्र घाटमा दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टि तथा बालुवा (नदीजन्य पदार्थहरू) उत्खनन् तथा संकलन क्षेत्र रहेको छ ।

उच्च प्रभाव क्षेत्र

यो क्षेत्रमा ढुङ्गा, गिट्टी तथा वालुवा संकलन तथा उत्खनन् गरिने स्थल पर्दछ । संकलन तथा उत्खनन् गरिने स्थलबाट ५० देखि १५० मी. सम्म पर्ने वरपरका क्षेत्र तथा सडकलाई उच्च प्रभाव क्षेत्रमा राखिएकोछ ।

न्यून प्रभाव क्षेत्र

प्रस्तावित क्षेत्रको वरपरका २ कि. मि. वा ०.५ घण्टाको हिड्ने दुरी (बसोबासको आधारमा निर्धारण गरिने ) सम्म सामाजिक तथा आर्थिक विवरण संकलन तथा विश्लेषण गरिएको छ ।

# ४
# प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव

## ४.१. प्रभाव पहिचान, अनुमान एवं मूल्याङ्कन

प्रस्ताव कार्यान्वयनको क्रममा स्थानीय वातावरणमा सकारात्मक तथा नकारात्मक दुबै थरिका असरहरू पार्न सक्छ । उक्त प्रस्ताव कार्यान्वयनको क्रममा पर्ने प्रभावलाई पहिचान, अनुमान एवं मूल्याङ्कन गरि देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

### ४.१.१ अनुकूल प्रभाव

#### ४.१.१.१ भौतिक प्रभाव

**वाढी एवं अन्य जल उत्पन्न प्रकोप नियन्त्रण**

नदीले बगाएर ल्याएका नदी जन्य पदार्थ बगरमा थुपारिँदा नदीको बहाव फेरिन जाने हुन्छ । साथै उत्खनन् नगर्दा नदीको सतह बढेर नदी किनार नजिक रहेको जमिनलाई असर गर्न सक्छ । नदी जन्य पदार्थ उत्खनन् गर्दा नदीको बहाव फेरिन पाउँदैन र बाढी तथा अन्य प्रकोपहरू हुनबाट बचाउँछ ।

#### ४.१.१.२ सामाजिक, आर्थिक तथा साँस्कृतिक प्रभाव

**आय श्रोतको एवं रोजगारीको अवसर**

ढुङ्गा, गिट्टी, बालुवाको संकलन कार्यले त्यस क्षेत्रका स्थानीय बासिन्दाको रोजगारीको अवसर श्रृजना गर्दछ । नदीको यस्ता सामग्री संकलन, उत्खनन् तथा ढुवानी कार्यमा रोजगारीका बिभिन्न अवसरहरू प्राप्त हुनेछ । साथै यस कार्यमा स्थानीयलाई रोजगारीमा प्राथमिकता दिनुपर्ने हुदा यसबाट स्थानीयको सीप विकास हुने हुँदा अन्य ठाउँमा पनि रोजगारीको संभावना बढ्ने देखिन्छ ।

**गाँउपालिकाको आय श्रोत**

गाँउपालिकाले नदी जन्य पदार्थको संकलन, उत्खनन् कार्यको ठेक्का बन्दोबस्तबाट राजश्व संकलन गर्नेछ । गाँउपालिकाद्वारा संकलित राजश्वको प्रयोग गरी गाँउपालिका भित्र बिभिन्न पुर्वाधार बिकासका काम गर्नमा सहयोग पुग्नेछ । यस कार्यबाट गाँउपालिकाले बार्षिक रु. ८७,२६,२०६.८१९ को राजश्व संकलन गर्नेछ ।

**विकास निर्माण सामाग्रीको उपलव्धता**

स्थानीय क्षेत्रमा रहेका ढुङ्गा, गिट्टी, बालुवा जस्ता पैदावारमा आधारित उद्योगहरूलाई आवश्यक पर्ने कच्चा पदार्थको सरल तरिकाले आपूर्ति गर्न यस योजनाले सहयोग पुऱ्याउनेछ साथै स्थानीय स्तर

तथा बाह्य आवश्यक पर्ने निर्माणका सामग्रीहरू (ढुङ्गा, गिट्टी, बालुवा आदि) समेत उपलब्ध हुने हुदा स्थानिय र राष्ट्र विकासमा समेत मद्दत पग्नेछ ।

### ४.१.२ प्रतिकूल प्रभाव

#### ४.१.२.१ भौतिक प्रभाव

**नदी किनार कटान**

प्रस्तावित क्षेत्रमा ढुंङ्गा, गिट्टी, बालुवाको जथाभावी तथा यस प्रारम्भिक वातावरणीय परीक्षण रिर्पोटमा सुझाव गरीएको परिमाण भन्दा बढी संकलन/उत्खनन् गर्नाले नदीले आफ्नो प्राकृतिकधार परिवर्तन गरी किनार कटान तथा नदी किनारमा रहेको वस्ती र खेतीयोग्य जमीनलाई प्रभाव पार्न सक्छ ।

**नदी जन्य पदार्थ प्रारम्भिक वातावरणीय परीक्षणले सुझाव गरेको भन्दा भिन्न उत्खनन्**

उत्खनन् कर्ताले प्रस्तावित क्षेत्रबाट जथाभावी रुपले सिफारिस गरिएको विधि र परिमाण भन्दा भिन्न र बढी उत्खनन् गर्न सक्दछन् । जसको कारण नदीको बहाव परिवर्तन हुने, सतह गहिरो हुने र बाढी, नदी कटान, आदि प्राकृतिक प्रकोप निम्त्याउँन सक्ने हुन्छ।

**भौतिक संरचनामा हुने असर**

प्रस्तावित क्षेत्रबाट ढुंङ्गा, गिट्टी तथा बालुवा ओसार पसार गर्दा पहुँच बाटोमा चल्ने गाडीको चाप बढ्नाले बाटो छिट्टै जीर्ण हुने तथा बाटोमा जताततै खाल्डो बन्न सक्दछ । साथै अत्याधिक मात्रामा उत्खनन् गर्दा प्रस्तावित स्थान नजिक रहेको भौतिक संरचनाहरुमा असर पर्नसक्छ ।

**फोहर व्यवस्थापन तथा जल प्रदूषण**

ढुङ्गा, गिट्टी, बालुवाको संकलन/उत्खनन् गर्ने क्रममा कामदारहरूबाट फोहर सिर्जना हुन्छ र उचित तरिकाले विसर्जन नगर्दा खोलाको वातावरण प्रदूषित हुन सक्छ । खोलामा शौच गर्ने, खानेकुराहरू फाल्ने, पोखिने, प्लाष्टिकहरू यत्रतत्र छरिने संभावना हुन्छ ।

**वायु तथा ध्वनी प्रदूषण**

ढुवानी साधनको आवागमन तथा ढुङ्गा, गिट्टी, बालुवाको संकलन/उत्खननले वायू प्रदूषण बढ्छ र ढुवानी साधनको कारणले ध्वनि प्रदूषण वढ्छ । साथै ढुवानी साधनको धेरै आवत जावतले गर्दा धुलो उढ्न सक्ने देखिएकोछ ।

**संकलन/उत्खनन् सामाग्रीको भण्डारणको प्रभाव**

नदी जन्य पदार्थहरूलाई निश्चित ठाउँमा निकास गर्नु अघि थुप्रो लगाउनु जरुरी हुन्छ । यसरी ढुङ्गा, गिट्टि, बालुवा तथा माटो धेरै समयसम्म थुप्रिदा हेर्दा र वातावरणीय दृष्टिकोणले नकरात्मक असर पर्दछ । साथै अकस्मात बर्षाका कारण आउने आकस्मिक बाढीले संकलित सामाग्री बगाई लैजाने सम्भावना पनि रहन्छ । भण्डारण कार्यलाई सकेसम्म निरूत्साहित गर्नु पर्दछ ।

### ४.१.२.२ सामाजिक आर्थिक प्रभाव

**धर्म, संस्कृति तथा परस्परामा प्रभाव**

कामदारहरू स्थानीय बासिन्दा हुने भएको कारणले धर्म, संस्कृति तथा परम्परामा अन्य कुनै प्रभाव पर्ने छैन । यस नदीको ढुङ्गा, गिट्टी, बालवा संकलन तथा उत्खनन् स्थलहरू देखि नजिकमा रहे पनि उच्च प्रभाव क्षेत्र भित्र कुनै मठ मन्दिर, गुम्बा, देवस्थल आदि नपर्ने भएकोले कुनै असर पर्ने छैन ।

**पेशागत स्वास्थ्य तथा सूरक्षा**

ढुंङ्गा, गिट्टी, बालुवाको संकलन गर्दा विभिन्न प्रकृतिका औजारहरूको प्रयोगले कामदारहरूलाई चोटपटक लाग्न सक्छ । त्यसै गरि ढुंङ्गा, गिट्टी उछिट्टिएर पनि जिउमा चोट लाग्न सक्छ । धुलोको कारणले स्वास प्रस्वास र आँखाहरूका रोगहरू लाग्न सक्छन् । ढुवानी साधनहरूको आवतजावतले आकस्मिक दुर्घटनाको संभावना पनि त्यतिकै रहन्छ ।

**जनसंख्या विस्थापन**

लिखु नदीको प्रस्तावित आँपचौर क्षेत्र, गैरीगाँउ क्षेत्र, शेराको मुहान वरीपरी र गडखार पुल माथिको क्षेत्रबाट १०० मि. वरिपरि कुनै बस्ति नरहेकाले प्रस्तावित क्षेत्रबाट जनसंख्या विस्थापनामा कुनै असर नपर्ने देखिन्छ । सार्वजनिक सुनुवाईमा बस्तीहरुमा असर पर्ने भन्ने गुनासो आएकाले, बस्ती देखि न्यूनतम ५० मि. र किनारदेखि न्यूनतम ५ मि. दुरी कायम गरी उत्खनन गर्दा यो प्रभाव न्यून गर्न सकिने देखिन्छ ।

**नदीको वरपर बस्ती विस्तार एवं नदी अतिक्रमण**

बहिरबाट कामदारहरू भित्रिएको अवस्थामा नदीको वरपर बस्ती विस्तार एवं नदी अतिक्रमण हुन सक्ने सम्भावना रहन्छ । साथै कामदारहरूले शिविर स्थल स्थापना गरी बसोवास नै गर्न सक्ने संभावना पनि रहेको छ ।

### ४.१.२.३ जैविक प्रभाव वन्यजन्तु तथा माछा

यो नदीमा विभिन्न जलचरहरु रहेकाले यस कार्यले नदीको पानी धमिलो र प्रदुषित हुनसक्ने हुदा र श्रमिकहरूद्वारा खोलाका माछा मार्ने काम पनि हुनसक्छ । श्रमिकहरू तथा ढुवानी साधनको आवागमनले वरपरको वनका वन्यजन्तुको प्राकृतिक आवासमा असर पुग्न सक्छ । ध्वनी, धुलो र पानी प्रदूषणका कारण माछा एवं अन्य जलचरहरूका बासस्थान परिवर्तन गर्न सक्छन् । साथै श्रमिक लगायत सवारी साधन आवत जावतमा वृद्धि हुनाले कार्यरत टोलीहरू जङ्गलमा शिकार गर्न घुसपैठ हुनसक्छ ।

### ४.१.२.४ रसायनीक वातावरण

**रसायनको प्रयोगले हुने असरहरू**

उत्खनन् तथा संकलन गर्दा रसायनको प्रयोग हुनेछैन तर पनि गाडी तथा औजारहरूको प्रयोग हुदाँ तेल तथा रसायन चुहिन सक्छ जसले पानी तथा जमिनमा प्रदूषण हुनेछ । लुब्रिकेन्ट्स र ग्रिजले गर्दा प्रदूषण हुनेछ । सवारी साधनहरू खोला छेउमै धुनाले खोलाको पानी दूषित हुने सम्भावना बढ्छ ।

तस्विर ४-१ प्रभावहरू पहिचान एवं मूल्याङ्कन

| क्र.स. | विषयवस्तु | प्रभाव | तरिका/विधि | कहिले | प्रभाव वढोत्तीकरण/ न्यूनीकरण गर्ने उपायहरु |
|---|---|---|---|---|---|
| क) भौतिक वातावरण **(Physical Environment):** | | | | | |
| १ | बाढी एवं अन्य जल उत्पन्न प्रकोप | न्यूनीकरण हुन्छ | • किन कि नदीले बगाएर ल्याएका नदी जन्य पदार्थ बगरमा थुपारिँदा नदीको बहाव फेरिन जाने र निकाल्दा नदीको बहाव फेरिन पाउँदैन र बाढी तथा अन्य प्रकोपहरु हुन बाट बचाउँछ ।<br>• नदीको सतह बढेर नदी किनार नजिक रहेको जमिनमा बाढी जानबाट बचाउँछ । | प्रस्ताब कार्यावयन भन्दा पहिले | • बर्षायाममा र रातको समयमा नदी जन्य पदार्थ ननिकाल्ने ।<br>• रिर्पोटले सुझाव गरेको परिमाण निश्चित स्थलबाट मात्र निकाल्ने ।<br>• सम्बन्धित निकायबाट अनुगमन गरिने छ । |
| २ | नदी किनार कटान | संभावना छ | • उत्खनन् कर्ताले जथाभावि रुपले सिफारिस गरिएको परिमाण भन्दा बढी उत्खनन् गरेमा । | प्रस्ताब कार्यान्वियन चरणमा | • जथाभावि रुपले नदी जन्य पदार्थ निकाल्न नदिने र प्रारम्भिक वातावरणीय परीक्षण रिर्पोटले सुझाव गरेको परिमाण निश्चित स्थलबाट मात्र निकाल्ने ।<br>• संकलन गरी सकेपछि संकलन गरिएको क्षेत्रको सतह मिलाउदै जाने ।<br>• संकलन उत्खनन क्षेत्रको नाम, निश्चित क्षेत्रफल, लम्बाई, चौडाई, गहिराई, कुल परिमाण र समयावधि सहितको सुचना पटी राख्नु पर्ने छ । साथै स्थानीय बासिन्दाहरुबाट अनुगमन सिमिति बनाई सुचना पाटी अनुसार उत्खनन् कार्य भए नभएको अनुगमन गर्न लगाउने ।<br>• प्रस्तावक (सम्बन्धित निकाय)ले अनुगमन संयन्त्र बनाई क्रियाशिल पार्ने र उचित दण्ड तथा पुरस्कारको प्रबन्ध गर्ने । |

| क्र.स. | विषयवस्तु | प्रभाव | तरिका/विधि | कहिले | प्रभाव वढोत्तीकरण/ न्यूनीकरण गर्ने उपायहरु |
|---|---|---|---|---|---|
| ३ | नदी जन्य पदार्थ प्रारम्भिक वातावरणीय परीक्षण ले सुझाव गरेको भन्दा बढी उत्खनन् | संभावना छ | • उत्खनन् कर्ताले जथाभावी रुपले सिफारिस गरिएको परिमाण भन्दा बढी उत्खनन गरेमा । | प्रस्ताब कार्यावयन चरणमा | • गाँउपालिकाले उत्खनन् पुर्व प्रारम्भिक वातावरणीय परीक्षण ले सुझाव गरेको संकलनरउत्खनन् सम्वन्धि कार्यविधि बनाई गर्ने छ ।<br>• उत्खनन संकलन कार्य सम्पन्न भए पश्चात उत्खनन आदेश बमोजिमको परिमाण भन्दा घटी वा बढी संकलन भयो भनेर तुलना गर्न मिल्ने गरी नापजाँ (measurement) गरी अभिलेख राख्ने ।<br>• नदीको सतह भन्दा गहिरो हुने गरी नदीजन्य पदार्थ निकाल्न नदिने |
| ४ | नदीको बहावमा आउने प्रभाव | सकारात्मक | • नदीको बहावमा आउने प्रभाव कम देखिन्छ किनकि नदीले बगाएर ल्याएका नदी जन्य पदार्थ निकाल्दा नदीले आफ्नो धार परिवर्तन गर्दैन । | प्रस्ताब कार्यावयन भन्दा पहिले | • नदीको बहावरधारमा आउने प्रभाव कम गर्नका लागि नदीले बगाएर ल्याका नदी जन्य पदार्थहरु थुपारेको ठाउँबाट मात्र निकाल्ने । उत्खनन्कर्ताले निकाल्दा फाईदाको लागि बढी नदीजन्य पदार्थ निकाल्ने हुनाले र तोकिएको निश्चित ठाउँबाट मात्र निकाल्ने त्यस ठाउँका बासिन्दाबाट अनुगमन समिति बनाई निकाल्न लगाउने । उत्खनन संकलनका क्रममा भारी यान्त्रिक उपकरण प्रयोग नगर्ने । |
| ५ | भौतिक संरचनामा हुने असर | नकारात्मक | • पहुँच बाटोमा चलने गाडीको चाप बढ्नाले बाटोमा जतातते खाल्डो बन्न सक्ने । | प्रस्ताब कार्यावयन चरणमा | • निकासी ढुवानी हुने मार्ग निर्धारण गरी सोही मार्गबाट मात्र नदीजन्य पदार्थ ढुवानी गर्ने र यस्तो मार्गको नियमित मर्मत संहार गर्ने व्यवस्था मिलाउने । ढुवानी साधनको क्षमता भन्दा बढी पदार्थ राखेर ओसार पोसार नगर्ने ।<br>• पुलको ५०० मीटर क्षेत्र भित्र उत्खनन तथा संकलन कार्य नगर्ने । |
| ६ | पानी तथा सरसफाई | प्रदुषण वढ्छ | कामदाहरुको उपस्थिले गर्दा खाएका खाने कुराका खोल र दिसा पिसाव गर्न सक्ने प्रवल सम्भवना देखिएको हुनाले प्रदुषण बढ्न सक्छ । | प्रस्ताब कार्यावयन चरणमा | • त्यस क्षेत्रमा खुला दिसा पिसाब रोक्नु पर्ने र कामदारहरुको लागि अस्थाई रुपले भएपनि शौचालय को व्यवस्था गर्नु पर्ने ।<br>• खाद्यपदार्थबाट आएका फोहरहरुलाई न्युनिकराण गर्नका लागि ठाउँ, ठाउँमा फोहर राख्ने भाडा (डोको) राख्ने र उपयुक्त स्थानमा विसर्जनको व्यवस्था गर्ने । |

| क्र.स. | विषयवस्तु | प्रभाव | तरिका/विधि | कहिले | प्रभाव वढोत्तीकरण/ न्यूनीकरण गर्ने उपायहरु |
|---|---|---|---|---|---|
| ७ | वायु एवं ध्वनि प्रदुषण | बढ्छ | • धुलो धुवा एवं ध्वनि प्रदुषण बढ्छ किनकि नदी जन्य पदार्थ ढुवानी गर्दा मोटरहरुको धुवा एवं ध्वनि बढ्न गई प्रदुषण बढने सम्भाना रहेको छ । साथै मोटरहरुको धेरै आवत जावतले गर्दा धुलो उड्ने देखिएकोछ । | प्रस्ताब कार्यावयन चरणमा | • संकलन गरिएका पदार्थहरु तत्काल ढुवानी प्रबन्ध मिलाउने । पदार्थ लोड भएको ढुवानी साधन सडकमा पार्किङ्ग नगर्ने । ओसार पसार गर्दा प्रेशर हर्नको प्रयोग नगर्ने।<br>• ढुवानी गर्दा त्रिपालले छोपेर गर्ने । धेरै धुलो उड्ने र बस्ती भित्रबाट हुदै जाने सडकमा पानी छर्किने । |
| ८ | संकलनरउत्खनन् सामाग्रीको भण्डारणको प्रभाव | नकारात्मक | • सामान्य रुपमा संकलनरर उत्खनन सामाग्रीहरुको भण्डारण गर्दा धुलो उड्ने संभावना हुन्छ । | प्रस्ताब कार्यावयन चरणमा | • संकलन गरिएका पदार्थहरु तत्काल ढुवानी प्रबन्ध मिलाउने । |
| ९ | फोहरमैला एवं खेरजाने सामग्री | प्रदुषण बढाउछ | • कामदार बढे पछि जतातते फोहरमैला एवं खेर जाने सामाग्रीहरु छर्ने हुनाले प्रदुषण बढाउछ । | प्रस्ताब कार्यावयन चरणमा | • प्रस्तावित ठाउँहरुमा फोहर राख्ने भाडाहरु राख्नु पर्ने र सुरक्षित साथ उचित स्थानमा विसर्जनको व्यवस्था राखिनेछ । कामदारहरुले फोहर गरेमा प्रतिवन्ध र दण्डको ब्यबस्था गरिनेछ । साथै खोलामा मृत जिवजन्तु र फोहर फाल्न निषेध गरिनुपर्ने । |
| ख | सामाजिक आर्थिक एवं सांस्कृतिक वातावरण | | | | |
| १ | आयश्रोतको एवं रोजगारीको अवसर | बढ्छ | • प्रस्तवित योजना संचालन गर्दा स्थानिय बासिन्दाले रोजगारको अवसर पाई आयश्रोत बढने छ । | प्रस्ताब कार्यावयन चरणमा | • प्रस्तवित क्षेत्रमा रोजगारीको लागि स्थानिय बासिन्दाहरुलाई नै प्राथमिकता दिनु पर्ने । |

| क्र.स. | विषयवस्तु | प्रभाव | तरिका/विधि | कहिले | प्रभाव वढोत्तीकरण/ न्यूनीकरण गर्ने उपायहरु |
|---|---|---|---|---|---|
| २ | गाँउपालिका को आयश्रोत | बढ्छ | • नदीजन्य पदार्थ निकाल्दा गाँउपालिकाको आयश्रोत वृद्वि हुन्छ । | प्रस्ताब कार्यावयन चरणमा | • गाँउपालिकाले ठेक्का लगाउँदा प्रभावित ठाउँमा कुनै किसिमको जैविक, भौतिक रुपले असर नहुने गरी उत्खनन्कर्ता संग सम्झौता गर्नु पर्ने । |
| ३ | विकास निर्माण सामाग्रीको उपलव्धता | बढ्छ | • बढ्छ किनकि नदी जन्य पदार्थ निकाल्दा विकास निमार्ण कार्यमा ती सामागी्र उपलब्ध गराउन सकिन्छ । | प्रस्ताब कार्यावयन चरणमा | • विकास निर्माण कार्यका लागि नदी जन्य पदार्थ निकाल्नु पर्दा ती विकास निर्माण कार्यको रेकर्ड राख्नु पर्ने । |
| ४ | धार्मिकरसांस्कृतिक एवं ऐतिहासिक स्थल | कम असर पर्छ | • धार्मिकरसांस्कृतिक एवं ऐतिहासिक स्थलमा अन्य कुनै किसमको प्रभाव पर्दैन किनकि त्यस क्षेत्रमा काम गर्ने कामदार त्यसै क्षेत्रका भएकाले र प्रस्तावित क्षेत्रको उच्च प्रभाव क्षेत्रमा धार्मिक रसांस्कृतिक एवं ऐतिहासिक स्थलहरु नपर्ने भएकाले । | प्रस्ताब कार्यावयन चरणमा | • उच्च प्रभाव क्षेत्रमा धार्मिक रसांस्कृतिक एवं ऐतिहासिक स्थलहरु नपर्ने |
| ५ | पेशागत स्वास्थ्य एवं सुरक्षा | | • बिग्रन्छ | प्रस्ताब कार्यावयन चरणमा | • प्रस्ताबित क्षेत्रमा प्राथिमिक उपचार लागि समानहरु उपलव्ध गराउने ।<br>कामदारहरुलाई काम गर्दा हेल्मेट र माक्स, पन्जा अनिवार्य लगाउनु पर्ने । |
| ६ | जनसंख्या विस्थापना | हुदैन | • उत्खनन् क्षेत्र वरिपरि कुनै बस्ती नरहेकाले असर पर्दैन । | प्रस्ताब कार्यावयन चरणमा | |

| क्र.स. | विषयवस्तु | प्रभाव | तरिका/विधि | कहिले | प्रभाव वढोत्तीकरण/ न्यूनीकरण गर्ने उपायहरु |
|---|---|---|---|---|---|
| ७ | नदीको वरपर वस्ती विस्तार एवं नदी अतिक्रमण | हुन सक्छ | • बहिरबाट कामदारहरु भित्रिएको अवस्थामा । | प्रस्ताब कार्यावयन चरणमा | • नदीको वरपर वस्ती विस्तार हूने भएकाले त्यस ठाउँहरुमा सम्नन्धित निकायले बेलाबेलामा अनुगमन गर्नुपर्ने । |
| ग) | जैविक वातावरण | | | | |
| १ | वन वन्यजन्तु तथा माछामा पर्ने प्रभाव | नकारात्मक | • संकलन कार्यक्षेत्र वरिपरि सामुदायिक वन परेमा सवारी साधन आवत जावत गर्ने बाटोमा वन्यजन्तुलाई नकारात्मक असर पर्न सक्छ साथै माछा एवं अन्य जलचरमा नकारात्मक प्रभाव पर्छ किनकि नदीका माछा कामदाहरले मारेर खाने सम्भावना र नदीजन्य पदार्थ निकाल्दा ध्वनी कम्पनले गर्दा माछा मर्ने सम्भाना बढ्ने देखिन्छ । | प्रस्ताब कार्यावयन चरणमा | • सवारी साधन आवत जावत गर्ने बाटोमा हर्नको प्रयोग कम गर्ने ।<br>• रातको समयमा काम नगर्ने ।<br>• शिकार सम्वन्धि कानुनी कार्वाहीको बारेमा सचेत गराउने ।<br>• खोलामा विस्फोटक पदार्थ, रसायन र करेन्त प्रयोग गरि माछा मार्ने कामलाइ निषेध गर्ने ।<br>• माछा एवं अन्य जलचरमा पर्ने प्रभाव र हानि बारेमा अभिमुखिकरण तालिम दिने ।<br>• माछा एवं अन्य जलचरका बासस्थान जस्ता ठूला ढुङ्गा फोर्ने, झिक्ने काम नर्गर्ने । |
| घ | रसायनिक वातावरण | | | | |
| १ | रशायनको प्रयोगले हुने असरहरु | सम्भवाना छ | • इन्धन, लुब्रीकेन्टस, अम्ल तथा अन्य रसायनहरुको चुहावट हुनसक्ने सम्भावना बढ्छ किनकि ढुवानीका साधनहरुको बढ्दो चापले गर्दा र ढुवानीका साधनहरु विग्रिने अवस्थाले गर्दा | प्रस्ताब कार्यावयन चरणमा | • इन्धन, लुब्रीकेन्ट, अम्ल तथा अन्य रसायनहरु कम गर्नका लागि प्रभावित ठाउँमा जानु भन्दा पहिले गाडीहरुलाई बनाएर लैजानु पर्ने । पुराना थोत्रा गाडीहरु संचालन गर्न नदिने । ढुवानी साधनको महत्वपुर्ण पार्ट टायर, ब्रेक, इन्जीनको अवस्था ठिक पारेर मात्र ढुवानी गर्ने । |

| क्र.स. | विषयवस्तु | प्रभाव | तरिका/विधि | कहिले | प्रभाव वढोत्तीकरण/ न्यूनीकरण गर्ने उपायहरु |
|---|---|---|---|---|---|
| | | | रसायनहरुको चुहावट हुन सक्ने सम्भावना रहेको छ । | | |

तस्विर ४-२सकारात्मक प्रभावहरूको मूल्याङ्कन

| क्रियाकलाप | सकारात्मक प्रभाबहरू | सम्वन्धित सकारात्मक असरहरू | प्रभावको प्रकार | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | आकार | बिस्तार | अवधि | कूल योगफल कति महत्वपूर्ण |
| **भौतिक प्रभाव** | | | | | | | |
| संकलन/उत्खनन | बाढी एवं अन्य जल उत्पन्न प्रकोपको न्यूनिकरण | कम जनधनको क्षति | प्रत्यक्ष | मध्यम (२०) | स्थानीय (२०) | दी (२०) | मध्यम रुपमा महत्वपूर्ण (६०) |
| **सामाजिक—आर्थिक तथा सांस्कृतिक** | | | | | | | |
| संकलन/उत्खनन | रोजगारीको अवसर | स्थानीय बासिन्दाहरूले रोजगार पाई आयअर्जन मा वृद्धि | प्रत्यक्ष | उच्च (६०) | स्थानीय (२०) | दी (२०) | १०० |

तस्विर ४-३सकारात्मक प्रभावहरूको मूल्याङ्कन

| क्रियाकलाप | नकारात्मक प्रभावहरू | सम्वन्धित नकारात्मक असरहरू | प्रभावको प्रकार | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | आकार | विस्तार | अबधि | प्रकृति |
| **भैतिक वातावरण** | | | | | | | |
| संकलन/उत्खनन | नदी किनार कटान | ठेकदारले जथाभावी धेरै नदी जन्य पर्दाथ निकाल्न सक्ने | प्र. | ए (६०) | स्था (२०) | दी (२०) | १०० |
| संकलन/उत्खनन | पानीको प्राकृतिक बहाब—मार्ग कायम | नदीको दायँ,बायाँ भागमा नदी जन्य पदार्थ निकाल्न सक्ने | प्र. | उ (६०) | स्था (२०) | दी (२०) | १०० |
| संकलन/उत्खनन | फोहर तथा जल प्रदूषण | कामदारहरूको चापले गर्दा फोहर तथा जल प्रदूषण | प्र. | उ (६०) | स्था (२०) | दी (२०) | १०० |
| संकलन/ | बायु तथा ध्वनि प्रदूषण | ढुवानी साधनहरूको चापले गर्दा बायु प्रदूषण | प्र. | उ (६०) | स्था (२०) | दी (२०) | १०० |
| संकलन/उत्खनन | पानी प्रदूषण एवं सरसफाइमा कमी | फोहर वातावरण, सरुवा रोग फैलन सक्ने सम्भावना | प्रत्यक्ष | मध्यम (२०) | स्थानीय (२०) | लामो समय (२०) | मध्यम रुपमा महत्वपूर्ण (६०) |
| **जैविक वातावरण** | | | | | | | |
| संकलन/उत्खनन | बन्यजन्तु तथा माछा | बन्यजन्तु र माछा को शिकार हुन सक्छ । | अप्र | म (२०) | स्था (२०) | दी (२०) | ६० |
| **सामाजिक—आर्थिक तथा सांस्कृतिक वातावरण** | | | | | | | |
| संकलन/उत्खनन | धर्म, संस्कृति तथा परम्परामा प्रभाव | प्रभाव नपर्ने | ———— | ———— | ———— | ———— | ———— |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| संकलन/उत्खनन | स्वास्थ्य तथा सूरक्षा | काम गर्दा कहिले काहि अप्रिय घटना | अ. प्र. | म (२०) | स्था (२०) | दी (२०) | ६० |
| संकलन/उत्खनन | विकासका संरचनाहरूको संरक्षण | प्रभाव पर्ने | प्र | म (२०) | स्था (२०) | दी (२०) | ६० |

# ५
# प्रभाव कार्यान्वयनका विकल्प

विकल्पहरूमा ढुङ्गा, गिट्टी, बालुवाको संकलन/उत्खनन् गर्ने वा नगर्ने भन्ने हो । यदि नगर्ने हो भने त्यसवाट के प्रभाव पर्छ र गर्ने हो भने पनि त्यसबाट के प्रभाव पर्छ भन्ने कुराको विश्लेषण हुनु आवश्यक छ ।

## ५.१ प्रस्तावक कार्यान्वयन नगर्ने

कार्यान्वयन नगर्ने विकल्पलाई स्वीकार गर्ने हो भने उक्त क्षेत्रमा बाहिरी मानिसहरू आई झै–झगडा गर्न कम हुने, वायु तथा ध्वनी प्रदूषण नहुने, जथाभाबी फोहोरमैला नफालिने, पेशागत स्वास्थ्य एवं सूरक्षाको संरक्षण हुने, माछा एवं अन्य जलचरमा प्रभाव नपर्ने देखिन्छ ।
वर्षाको समयमा लिखु गाँउपालिकामा बग्ने लिखु नदीले ढुङ्गा, गिट्टी, बालुवा तथा नदी जन्य पदार्थ थुपार्ने गर्दछ । यी सामाग्रीहरू नदीको बगरमा थुपारिँदा नदीको बहाव फेरिन जाने तथा प्रकोप निम्तिने सम्भावना हुन्छ । दोश्रो, प्राकृतिक श्रोतको सदुपयोग हुन पाउदैन । तेश्रो स्थानीयबासीको रोजगारीको अवसरमा वाधा पुग्छ र चौथो सम्बन्धित निकायको आन्तरिक आर्थिक श्रोत वन्द हुन्छ । नदी जन्य पदार्थहरू बढी मात्रामा थुप्रिएर रहेको हुँदा यदी त्यस ठाउँबाट नदी जन्य पदार्थ निकालिएन भने त्यस ठाउँमा नदीको बहाव फेरिन जाने र आवादी क्षेत्र र खेतीयोग्य जमिनको कटान भई प्रकोप निम्त्याउने सम्भावना हुन्छ ।
अध्ययनबाट प्राप्त विकल्पको विश्लेषण गर्दा विकल्पहरूमा ढुङ्गा, गिट्टी, बालुवाको संकलन/उत्खनन् नगर्ने र प्रस्ताव कार्यान्वयन नगर्ने विकल्पलाई अस्वीकार गरिएको छ ।

## ५.२ प्रस्तावका विकल्पहरू

### ५.२.१ ढुङ्गा, गिट्टी, बालुवाको संकलन/उत्खनन् गर्ने

यस खोलाको उल्लेखित खण्डमा बर्षाको समयमा वर्षेनि हजारौं घन मिटर ढुङ्गा, गिट्टी, बालुवा पहाड माथिबाट बगाई ल्याएर तराईको समथर भू–भागमा थुपारेको पाईन्छ । यसरी थुप्रिएका नदी जन्य पदार्थहरूलाई तोकेको स्थानहरूबाट निकाल्न पाईने र निकाल्दा वरपर रहेका बस्तिहरूलाई कुनै असर नपर्ने गरि निकालिने छ । यसरी प्राप्त वहुमूल्य श्रोतको सही परिचालन नगर्नु कुनै बुद्धिमानी होइन । यस गा.पा. र जिल्लाको जनसंख्या वृद्धि र शहरीकरणको गतिलाई हेर्दा स्थानीय तथा राष्ट्रिय वजारमा यसको माग वढ्दो छ । आन्तरिक माग आपूर्ति गरेर राजश्व संकलनमा योगदान दिन सकिन्छ । सर्वप्रथम ढुङ्गा, गिट्टी, बालुवाको व्यवस्थित संकलनले खोला किनार कटान नियन्त्रण गर्न ठूलो सहयोग पुग्छ । स्वदेशी श्रमिकहरूको रोजगारको अवसर, उनीहरूको जीवनस्तरमा सुधार, बहाव फेरिन जाने तथा प्रकोप निम्तिने सम्भावना न्यून हुने तथा राजश्व संकलन यसका अन्य

विशेषताहरू हुन् । त्यसकारणले प्रस्तावमा उल्लेखित शर्तहरूको पालना गरी ढुङ्गा, गिट्टी, बालुवाको संकलन/उत्खनन् गर्न सिफारिस गरिन्छ ।

### ५.२.२ आयोजना स्थलः

बालुवा, गिट्टी तथा ढुङ्गा नदी बाहेक अन्य ठाउँमा नपाउने हुँदा प्रस्ताव लागु नहुँदा निर्माण सामाग्री अन्य स्थानबाट आयात या उत्खनन् गर्नुपर्छ । साथै नदीले नदी जन्य बस्तु निश्चित स्थानमा मात्र जम्मा गर्ने गर्छ । नदी जन्य यी बस्तुहरू उत्खनन् नगर्दा बाढीको समस्या बढी देखा पर्ने सम्भावना उच्च हुन्छ । तसर्थ यी थेग्रिएका बस्तुहरू निकास गर्नु बाहेक अरु कुनै बिकल्प छैन । यस्तो अवस्थामा नदीबाट निम्तिने प्राकृतिक प्रकोप रहित स्थानहरूको छनौट गरिन्छ । अध्ययनरत टोलीबाट स्थलगत अध्ययन गर्दा नीजि तथा सार्वजनिक संरचना, कुलो सिंचाई योजना पहुँच मार्गको उपलब्धता नदी जन्य वस्तुको उपलब्धताको बारेमा अध्ययन गर्दा प्रस्तावित स्थानहरू नै उपयुक्त देखियो ।

### ५.२.३ प्रक्रिया, समय-तालिकाः

२४ घन्टा उत्खनन् गर्दा रातको समयमा स्थानीयलाई हल्ला हुने र अनुगमन गर्न नसकिने र जथाभावी उत्खनन् हुन सक्ने हुँदा यो विकल्पलाई अपनाईएको छैन र प्रस्तावित क्षेत्रबाट नदी जन्य पदार्थ ढुङ्गा, गट्टी, बालुवा सूर्योदय देखि सूर्यास्तसम्म मात्र निकाल्ने विकल्पलाई अपनाईएको छ । यस अलवा अन्य विधिबाट निकाल्न नसकिने देखिन्छ । मेशिनरी औजार प्रयोग गर्दा उत्खनन् अत्याधिक हुन सक्ने लगायत अन्य समस्या आउन सक्ने देखिन्छ । वर्षमा ९ महिना (असार देखि भाद्र सम्म संकलन तथा उत्खनन् नगरिने) मात्र संकलन तथा उत्खनन् गरिने विकल्पलाई अपनाईएको छ र १२ महिना पुरै संकलन तथा उत्खनन् गरिने विकल्पलाई त्यागिएको छ ।

### ५.२.४ बैकल्पिक विधि

प्रस्तावित क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्दा प्रस्तावित गरिएको विधिबाट मात्र उत्खनन् र संकलन गर्न पर्ने देखिन्छ । प्रस्तावित विधि भन्नाले मानिसद्वारा हाते औजार प्रयोग गरि निकाल्न सकिन्छ ।

### ५.२.५ वैकल्पिक श्रोत

बालुवाको निकासको लागि अरु बिकल्प छैन तर पनि गिट्टी र ढुङ्गाको ठाउँमा ईट्टा र खानीबाट झिकिएको ढुङ्गा प्रयोग गर्न सकिन्छ । स्थानीय निकायमा नै श्रोत साधन उपलव्ध हुदाँ त्यही श्रोत साधन उपयोगी हुने र साथै नदीबाट निम्तिने प्रकोप पनि न्यून हुने देखिदा यो श्रोत नै उचित देखिन्छ ।

# ६
# वातावरणीय व्यवस्थापन योजना

## ६.१ प्रभाव बढोत्तरीकरण एवं न्यूनीकरण गर्ने उपायहरू

### ६.१.१ प्रभाव न्यूनीकरणका उपायहरू

प्रस्तावित क्षेत्रमा ढुंङ्गा ,गिट्टी, बालुवाको संकलन/उत्खनन गर्दा पर्न जने असरहरूको न्यूनीकरण निम्न तरीकाले गरिने छ ।

#### ६.१.१. १. भौतिक वातावरण

**नदी किनार कटान**

जथाभावी रुपले नदी जन्य पदार्थ निकालेमा नदी किनारमा क्षति पुऱ्याउने खतरा रहन्छ र नजिकमा रहेको गाउँलाई प्रभाव पार्न सक्छ । त्यसकारणले यो स्थानमा जथाभावीरुपले नदी जन्य पदार्थ निकाल्न नदीने र प्रारम्भिक वातावरणीय परीक्षण रिर्पोटले सुझव गरेको परिमाण निश्चित स्थलबाट मात्र निकाल्ने । बेलाबेलामा गाँउपालिकाबाट अनुगमन गरिने छ । संकलन उत्खनन् क्षेत्रको नाम, निश्चित क्षेत्रफल, लम्बाई, चौडाई, गहिराइ, कूल परिमाण र समयावधि सहितको सूचना पाटी राख्नु पर्नेछ । साथै स्थानीय बासिन्दाहरूबाट अनुगमन समिति बनाई सूचना पाटी अनुसार उत्खनन् कार्य भए नभएको अनुगमन गर्न लगाउने ।

**नदी जन्य पदार्थ प्रारम्भिक वातावरणीय परीक्षण ले सुझाव गरेको भन्दा बढी उत्खनन्**

उत्खनन् कर्ताले जथाभावी रुपमा प्रारम्भिक वातावरणीय परीक्षणले सिफारिस गरेको परिमाण भन्दा बढी नदी जन्य पदार्थ उत्खनन् गर्न सक्ने संभावना भएकोले बढी उत्खनन नियन्त्रणका लागि कार्यविधि बनाई लागु गर्न सक्नेछ । साथै नदीको सतह भन्दा गहिरो हुने गरी नदी जन्य पदार्थ निकाल्न नदीने । जथाभावीरुपले नदी जन्य पदार्थ निकाल्यो भने यहाँ नदी किनारामा क्षेति पुऱ्याउने खतरा हुन्छ । प्रारम्भिक वातावरणीय परीक्षण रिर्पोटले सुझाव गरेको परिमाण निश्चित स्थलबाट मात्र निकाल्ने ।

**भौतिक संरचनामा हुने असर**

निकासी ढुवानी हुने मार्ग निर्धारण गरी सोही मागबाट मात्र नदी जन्य पदार्थ ढुवानी गर्ने र यस्तो मार्गको नियमित मर्मत संहार गर्ने व्यवस्था मिलाउने । ढुवानी साधनको क्षमता भन्दा बढी पदार्थ राखेर ओसार पसार नगर्ने । पुलको माथि ५०० मीटर र तल १ कि.मि क्षेत्र भित्र उत्खनन् तथा संकलन कार्य नगर्ने । र प्रस्तावित उत्खनन् स्थल नजिक रहेका सामाजिक संरचनावाट न्यून्तम २०० मी. भित्र उत्खनन् नगर्ने ।

**फोहर तथा जल प्रदूषण**

ढुङ्गा, गिट्टी, बालुवा संकलनरउत्खनन् कार्यमा संलग्न कामदारहरूद्वारा खोलामा फोहर पार्ने काम हुन्छ । खानेकुरा र प्लाष्टिकका सामानहरू यत्र तत्र फाल्ने काम हुन्छ । यसको न्यूनीकरणको लागि ठाउँ—ठाउँमा फोहर फाल्ने भाडा (डोको ) राखिने छ र हप्तामा कम्तिमा एक पटक त्यस्ता फोहरहरू संकलन गरी उपयुक्त स्थानमा विसर्जन गराईने छ ।

**वायु तथा ध्वनि प्रदूषण**

ढुङ्गा, गिट्टी, बालुवा संकलनरउत्खनन् कार्यमा धुलोको कारण वायु प्रदूषण हुन्छ । त्यसै गरी ढुवानी साधनहरूको आवागमनले धुलो र ध्वनि उत्पन्न गराउंछ । त्यसकारण वायु प्रदूषण कम गर्ने उपायहरूमा ढुवानी साधनहरूमा बालुवा र गिट्टी लोड गरिसकेपछि अनिवार्य त्रिपालद्वारा ढाकिने छ । त्यसै गरी ढुवानी साधनहरूमा प्रेशर हर्न र धेरै पुरानो साधनको प्रयोग निषेध गरिनेछ ।

**संकलन/उत्खनन् सामाग्रीको भण्डारणको प्रभाव**

संकलन/उत्खनन् गरिएका पदार्थहरू तत्काल ढुवानी प्रबन्ध मिलाउने । घाटगद्दीको ब्यवस्था उत्खनन् स्थल नजिक नगरिने ।

### ६.१.१. २. सामाजिक—आर्थिक प्रभाव

**धर्म, संस्कृति तथा परम्परामा प्रभाव**

स्थानीयबासीहरू कामदारको रुपमा कार्य गर्ने हुनाले धर्म, संस्कृति तथा परम्परामा अन्य कुनै नकारात्मक प्रभाव पर्ने छैन ।

**पेशागत स्वास्थ्य तथा सूरक्षा**

ढुङ्गा, गिट्टी, बालुवाको संकलन/उत्खनन् गर्दा कामदारहरूलाई चोटपटक लाग्न सक्छ । त्यसै गरि ढुङ्गा गिट्टी उछिट्टिएर चोट लाग्न सक्छ । धुलोका कारणले स्वास—प्रस्वास एवं आंखाका रोगहरू लाग्न सक्छ । ढुवानी साधनहरूको आवतजावतले आकस्मिक दुर्घटनाको संभावना पनि त्यतिकै रहन्छ । चोट पटक र धुलोको कारणले स्वास्थ्यमा हुने प्रतिकूल असर न्यूनीकरण गर्न कामदारहरूलाई स्वास्थ्य तथा सूरक्षाका आधारभूत जनकारी,सूरक्षा सामाग्रीहरू जस्तै मास्क, बुट, पञ्जा, हेलमेट, र प्राथमिक उपचारका लागि जस्तै टिंचर, आयोडिन, व्याण्डेज प्याड, टेप आदि उपलब्ध गराइनेछ । त्यसक्षेत्रमा खुला दिसा पिसाब रोक्नु पर्ने र कामदारको लागि अस्थायी रुपले भएपनी शौचालय को ब्यवस्था गर्नुपर्नेछ ।

**नदीको वरपर बस्ती विस्तार एवं नदी अतिक्रमण**

बहिरबाट कामदारहरू भित्रिएको अवस्थामा नदीको वरपर वस्ती विस्तार एवं नदी अतिक्रमण हुन सक्छ । त्यसैले स्थानीय बासिन्दालाई उत्त काममा प्राथमिकता दिने र रातको समयमा ढुङ्गा, गिट्टी, बालुवाको संकलन कार्य गर्न नदीने र रातको समयमा कामदारहरूलाई बगर क्षेत्रमा बस्न नदीने । नदीको वरपरको ठाँउमा बस्ती विस्तार एवं नदी अतिक्रमण हुन सक्ने भएकाले त्यस ठाउँहरूमा गाँउपालिकाले बेलाबेलामा अनुगमन गर्नु पर्ने । कामदारहरूको लागि काम गर्दा दिनमा छाँयामा बस्नको लागि अस्थायी रुपमा लेबर क्याम्प बनाउन सकिनेछ ।

### ६.१.१.३. जैविक वातावरण

**वन्यजन्तु तथा माछा**

ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन् कार्यमा संलग्न श्रमिकहरू र चालक दलका सदस्यहरू तथा ढुवानीका साधनको आवागमन र उत्पन्न ध्वनिले वन्यजन्तुको प्राकृतिक विचरण र बासस्थानमा खलल पुग्छ । त्यसका साथै वनमा पाइने वन्यजन्तु प्रजातिहरूको अबैधानिक शिकार पनि हुन्छ । यी कार्यहरूको न्युनिकरणका लागि जैविक विविधता र वतावरण सम्बन्धि जनचेतना जगाउने र विद्यमान नेपाल सरकारले अख्तियारी गरेको कानून बारे जानकारी गराइने छ ।

वन्यजन्तु, माछा एवं अन्य जलचरमा जीवहरूलाई मार्ने सम्भावना हुने भएकाले त्यस ठाउँमा माछा मार्ने मानिसलाई कारवाहीको व्यवस्था गर्नुपर्ने । कामदारहरूलाई वन क्षेत्रमा बस्न नदीने र हो हल्ला गर्न नदीने । ढुवानिका साधनहरूलाई हर्न निषेध गर्नुपर्ने ।

### ६.१.१.४. रशायनिक वातावरण

**रसायनको प्रयोगले हुने असरहरू**

यस्तो रसायनहरूको प्रयोग गर्दा सावधानी अपनाईनेछ र यसको भण्डारण गरिनेछ । अति आवश्यक क्षणमा मात्र नदी किनारमा मर्मत तथा संभार गरिनेछ । खोला किनारमा सवारी साधनलाई धुन निषेध गरिनेछ ।

तालिका ६-१ वातावरणीय व्यवस्थापन योजना

| नकारात्मक | विवरण | के के गर्ने | कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति, बजेट, समय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|
| **भौतिक वातावरण** | | | | | | | |
| नदी किनार कटान | ठेकदारले जथाभावी धेरै नदी जन्य पर्दाथ निकाल्न सक्ने | सूचना पाटी राख्नु पर्ने,संकलन / उत्खनन् कार्यविधि बनाएर गर्नु पर्ने / नदी नियन्त्रण कार्यहरु / प्रभावित बस्तीको संरक्षण | नदीको बगरमा | उत्खनन सुरु गर्नु अगाडी | सम्बन्धित निकाय / ठेकदार | ८,००,००० | जिल्ला अनुगमन समिति, जि.स.स. र गाँउपालिका |
| पानीको प्राकृतिक बहाब—मार्ग कायम | नदीको दायाँ,बायाँ भागमा नदी जन्य पदार्थ निकाल्न सक्ने | सुख्खा मौसमको बेलामा बग्ने नदी किनाराबाट ५ मी सम्म उत्खनन् कार्य नगर्ने । | नदीको किनारमा | हरेक पटक | सम्बन्धित निकाय / ठेकदार | ——— | जिल्ला अनुगमन समिति, जि.स.स. र गाँउपालिका |
| फोहर तथा जल प्रदूषण | कामदारहरूको चापले गर्दा फोहर तथा जल प्रदूषण | फोहर संकलन र उपयुक्त स्थानमा विसर्जन, ढुवानि साधनलाई खोलामा धुन निषेद्द | उत्खनन स्थल | हरेक पटक | सम्बन्धित निकाय र ठेकदार | १००,००० | जिल्ला अनुगमन समिति, जि.स.स. र गाँउपालिका |
| बायु तथा ध्वनि प्रदूषण | ढुवानी साधनहरूको चापले गर्दा बायु प्रदूषण | ढुवानी साधनलाई त्रिपालले छोप्ने,प्रेशर हर्न निषेध, धेरै धुलो उढेमा पानी छर्किने | पहुँच मार्गमा | हरेक पटक | सम्बन्धित निकाय रठेकेदार | ——— | जिल्ला अनुगमन समिति, जि.स.स. र गाँउपालिका |
| पानी प्रदूषण एवं सरसफाइमा कमी | फोहर वातावरण, सरुवा रोग फैलन सक्ने सम्भावना | अस्थायी सार्बजनिक सौचालयको निर्माण | उत्खनन स्थल | उत्खनन सुरु गर्नु अगाडी | सम्बन्धित निकाय, ठेकेदार | १००,००० | जिल्ला अनुगमन समिति, जि.स.स. र गाँउपालिका |
| **जैविक वातावरण** | | | | | | | |
| बन्यजन्तु तथा माछा | बन्यजन्तु र माछा को शिकार हुन सक्छ । | अभिमुखीकरण | उत्खनन स्थल | हरेक महिना | सम्बन्धित निकाय, स्थानीय बासी, | ५०,००० | जिल्ला अनुगमन समिति, जि.स.स. र गाँउपालिका |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | जिल्ला वन कार्यालय | | |
| **सामाजिक–आर्थिक तथा सांस्कृतिक वातावरण** | | | | | | | |
| धर्म, संस्कृति तथा परम्परामा प्रभाव | प्रभाव नपर्ने | ———— | | | प्रभाव नपर्ने | ———— | |
| स्वास्थ्य तथा सूरक्षा | काम गर्दा कहिले काहि अप्रिय घटना | स्वास्थय सूरक्षा सम्बन्धि तालिम /आधारभूत सूरक्षाका सामग्रीहरू | उत्खनन स्थल | हरेक पटक | सम्बन्धित निकाय, ठेकेदार | ५०,००० | जिल्ला अनुगमन समिति, जि.स.स. र गाँउपालिका |
| विकासका संरचनाहरूको संरक्षण | प्रभाब पर्ने | बाटोको निर्माण तथा मर्मत संभार र प्रभावित वस्तीको संरक्षण | पहुँच मार्गमा | बाटो बिग्रिंदा | सम्बन्धित निकाय रठेकेदार | १५०,००० | जिल्ला अनुगमन समिति, जि.स.स. र गाँउपालिका |

# ७
# अन्य आवश्यक कुरा

## ७.१ अध्ययन विधि

यस प्रस्तावित नुवाकोट जिल्लाको लिखु गाँउपालिका स्थित लिखु नदीको आँपचौर क्षेत्र, गैरीगाँउ क्षेत्र, शेराको मुहान वरीपरी र गडखार पुल माथिको क्षेत्रबाट दिगो र वातावरण मैत्री रुपले नदी जन्य पदार्थहरू उत्खनन् तथा संकलन क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण गर्दा वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ र नदिजन्यपदार्थको उचित व्यवस्थापन गर्न र लिखु गाउँपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ तथा लिखु गाउँपालिकाको वर्षात्को समयमा बगेर आउने नदिजन्यपदार्थको व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ स्वीकृत गरेको छ मा व्यवस्था भएका प्रक्रियाहरूको अनुसरण गरी प्रारम्भिक वातावरणीय परीक्षणका लागि प्रस्तावित क्षेत्रमा गएर त्यहाँका स्थानीय बासिन्दाहरू, पदाधिकारी, बुद्धिजिबीहरू, राजनीतिक दलका प्रतिनिीधहरूसंग ढुङ्गा, गिट्टी, बालुवा निकाल्दा वातावरणमा पर्न जाने असरवारे छलफल गरेर वातावरणीय अवस्थाको अध्ययन गरिएको छ । यसको अध्ययन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण विधिका निम्न सैद्धान्तिक पक्षहरूको प्रयोग गरिएको छ ।

### ७.१.१ प्रकाशित/उपलब्ध जानकारी र तथ्याङ्कको पुनरावलोकन एवं संश्लेषण

लिखु गाँउपालिका क्षेत्रमा पर्ने लिखु नदीको बगर क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा बालुवाको संकलन/उत्खनन विभिन्न प्रारम्भिक वातावरणीय परीक्षण गर्दा यस क्षेत्रको भौगोलिक अवस्था, भु-उपयोगको स्थिति जस्ता भौतिक बातावरणसँग सम्बन्धित जानकारी प्राप्त गर्न टोपोग्राफी नक्सा, गाँउपालिका तथा जि.स.स. प्रोफाइलहरूको प्रयोग गरिएको छ । त्यसै गरि जैविक वातावरण सम्बन्धित जानकारी डिभिजन वन कार्यालय नुवाकोटबाट प्राप्त दस्तावेजहरूबाट प्रयोग गरिएको छ । सामाजिक आर्थिक अवस्थासँग सम्बन्धित जानकारीका लागि डिभिजन वन कार्यालय नुवाकोट, जिल्ला समन्वय समितिको कार्यालय नुवाकोट, जिल्ला जनस्वास्थ कार्यालय, नुवाकोटबाट प्रकाशित प्रकाशनहरू, नक्शाहरू तथा उपलब्ध तथ्यांकहरूको साथै बैधानिक र कानूनी नीति, ऐन, नियम, निर्देशिकाहरूको अध्ययन गरीएको छ ।

### ७.१.२ फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र अवलोकन

यस प्रारम्भिक वातावरणीय परीक्षणको उद्देश्यहरू पुरा गर्नका लागि जानकारी संकलनको तरिकाहरू जस्तै स्थलगत भ्रमण, समूह छलफल, घरधुरी सर्भेक्षण समेत गरिएको थियो । प्रस्तावित क्षेत्रको भौतिक तथा जैविक वातावरणीय जानकारीहरू उच्च प्रभाव क्षेत्र तथा मध्यम प्रभाव क्षेत्रबाट संकलन गरि बिश्लेषण गरिएको छ । आर्थिक सामाजिक जानकारी प्रस्तावित क्षेत्रको संकलन गरि विश्लेषण गरिएको छ ।

फिल्ड सर्भे तथा प्रस्ताव क्षेत्र अवलोकन क्रममा स्थानीय ब्यक्ति, गाँउपालिकाका पदाधिकारी तथा प्रतिनिधिहरू सँगको अन्तरवार्ता, परामर्श बैठक, बिषय विज्ञको स्थलगत भ्रमण आदि बिधिहरूको प्रयोग गरिएको थियो । फिल्ड सर्भे तथा प्रस्ताव क्षेत्र अवलोकन गर्नका लागि विज्ञहरूको टोली प्रस्तावित क्षेत्रमा पुगेको थियो ।

### ७.१.३ तथ्याङ्क विश्लेषण प्रभावहरूको पहिचान/अनुमान/मूल्याङ्कन, प्रभाव न्यूनीकरण विधिहरूको पहिचान सुझाव एवं प्रतिवेदन तयारी

वातावरण सम्बन्धि बिभिन्न पक्षहरू बीचको आन्तरिक सम्बन्धको पहिचान गरि बिश्लेषण गर्नका लागि बिभिन्न बिषयगत विज्ञहरू (वातावरणविद्, भूगर्भविद्, समाजशास्त्री) सम्मिलित टोलीले छलफल गरेको थियो । वातावरणीय प्रभावको पहिचान र यसका संभावित न्यूनीकरण उपायहरू बारे र वातावरणीय अनुगमन योजनाको तयारीको बारेमा टोलीले सामुहिक निर्णय गरेको थियो । त्यस क्षेत्रको भौतिक, जैविक, आर्थिक सामाजिक तथा साँस्कृतिक वातावरण बारे स्थलगत तथ्यांक संकलन गरि वातावरण संरक्षण नियमावली, २०७७ अनुसार न्यूनीकरणका उपायहरू तथा अनुगमन योजना समेत प्रस्तुत गरिएको छ । कुनै पनि काम गर्दा त्यसका सकारात्मक र नकारात्मक असरहरू पर्दछन्, यसरी ढुङ्गा, गिट्टी, बालुवा निकाल्दा बिभिन्न किसमका सामाजिक, आर्थिक, भौतिक, संस्कृतिक प्रभावहरू पर्दछन् ।

### ७.१.४ सार्वजनिक सूचना, सार्वजनिक सुनुवाई एवं सिफारिस पत्रहरू

#### ७.१.४.१ सार्वजनिक संलग्नता

यस अध्ययनका क्रममा स्थानीय र सरोकारवालाहरू सँग विभिन्न चरणमा संलग्न गराईएको छ । वातारणीय अध्ययन प्रतिवेदन सार्वजनिक दस्ताबेज भएको र वातावरणको सरक्षण एवं दिगो विकासका लागि यस अध्ययनमा तथ्याङ्क संकलन देखि नै प्रतिवेदन तयारी पश्चात सम्म सार्वजनिक सरोकारवालासँग हातेमालो गर्दै जानु पर्ने हुन्छ । तथ्याङ्क संकलनमा पनि चेक लिष्ट भर्दा औपचारिक अनौपचारिक छलफलहरू लगायत धेरै तरिकाले सरोकारवालासँग संलग्न भइएको थियो । त्यस बाहेक सार्वजनिक सनुवाई र सार्वजनिक सूचना प्रकाशन गरि यस दस्तावेजलाई थप सार्वजनिक गराइएको थियो ।

वातावरण संरक्षण नियमावली, २०७७ अनुसार स्थानीय जनता र सरोकारवालाहरूलाई स्थानीय संचारको माध्ययमबाट सार्वजनिक सुनुवाईका लागि मिति, स्थान र आयोजनाका बारे जानकारी गराई सो कार्यक्रम संचालन गरि राय सुझाब संकलन गरिएको छ। सो संकलित राय सुझावहरू समावेश गरी मस्यौदा प्रतिवेदन तयार गरीएको थियो र दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरी सूचित गरिएको थियो। प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी चासो र मुद्दाहरू लिखित रूपमा प्रस्तुत गर्न स्थानीय र सरोकारवालाहरूलाई सूचित गर्न ७ दिने सार्वजनिक सूचना प्रकाशित गरी

स्थानीय क्षेत्रका कार्यालयमा राखिएको थियो  वातावरण संरक्षण नियमावली प्रावधान बमोजिम सार्वजनिक मुचुल्का पनि गरिएको छ।

#### ७.१.४.२ सिफारिस

वातावरण संरक्षण नियमावली, २०७७ अनुसार सम्बन्धित गाँउपालिका र वार्डबाट सिफारिस पत्रहरू संकलन गरी प्रारम्भिक वातावरणीय परीक्षण रिपोर्टमा संलग्न गरिएको छ।

## ७.२ विधान, नीति, कानुनी व्यवस्था, निर्देशिका, मापदण्ड एवं सम्मेलनहरूको पुनरावलोकन

### ७.२.१ बिद्यमान सान्दर्भिक नीति तथा कार्यनीतिहरू

**नेपालको संविधान**

नेपालको संविधान, २०७२ ले प्रत्येक व्यत्तिलाई स्वच्छ र स्वस्थ वातावरणमा बॉच्ने हक हुनेछ भनी धारा ३० अन्तर्गत स्वच्छ वातावरणको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । त्यस्तै धारा ५१ को उपधारा छ मा राज्यका नीतिहरू अन्तर्गत प्राकृतिक श्रोतको संरक्षण, संवर्धन र उपयोगका सम्बन्धमा बिभिन्न नीतिहरू अवलम्बन यस संविधानले गरेको छ । उपधारा छ (१) अनुसार राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवद्र्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिंदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने नीति राज्यले अवलम्बन गर्ने छ । उपधारा छ (४) अनुसार राज्यले जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दे दिगो र भरपर्दो सिंचाइको विकास गर्ने नीति लिएको छ । उपधारा छ (५) अनुसार जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दे वन, वन्यजन्तु, पक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोगलाई राज्यले प्राथामिकता दिने छ । प्रकृति, वातावरण वा जैविक विविधता माथि नकरात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकरात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्ने उपयुक्त उपायहरू अवलम्बन गर्ने नीति राज्यले लिएकोछ ।

त्यस्तै अनुसूची—८ स्थानीय तहको अधिकारको सूचीमा २१ मा जलाधार/ वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण रहेको छ ।

यस्तै, प्रस्तावनाको कार्यान्वयनमा वातावरणीय अध्ययन गर्नु गराउनु संविधानले परिकल्पित प्रकृति र प्राकृतिक श्रोतको संरक्षण तथा संम्बर्धनको सुनिश्चित गराउने सिद्ध कार्यविधि हो ।

**वातावरण सम्बन्धित नीति**

नेपाल सरकारले विकास आयोजना तथा उद्योग स्थापना गर्दा वतावरणमा पर्न सक्ने असरहरूलाई ध्यानमा राखी छैटौं योजना अवधि (२०३७ —२०४२) देखि नै वातावरण संरक्षणमा सजगता

देखाउंदै केही चुनिएका आयोजना तथा कार्यक्रमहरू संचालन गर्न वातावरणीय अध्ययनको आवश्यकता औंल्याएको थियो ।

यो नीतिलाई सातौं योजना अवधिमा (२०४२—२०४७) केही विस्तार गरी ठुला आयोजना तथा कार्यक्रमहरू संचालन गर्दा वातावरणीय अध्ययनको आबश्यकतामा जोड दिइएको थियो । तर बाताबरण संरक्षण र त्यसको सुनिश्चितताका लागि नेपाल अधिराज्यको संबिधान २०४७ मा पहिलो पटक ब्यबस्था भए पछि आठौं योजना (२०४९—२०५४) ले यसलाई अझ सुदृढ गर्न वातावरणीय अध्ययनका लागि एक राष्ट्रिय पद्धति स्थापनाको सोच राख्दै सडक, जलविधुत, उद्योग,सिंचाई, खानेपानी तथा ढल निकास जस्ता ठूला आयोजनाको लागि वातावरणीय अध्ययन गर्नु पर्ने कुरामा जोड दियो ।

**वनक्षेत्रको नीति २०४६**

वर्तमान वन सम्बन्धि नीतिहरू वन विकास गुरु योजना, २०४६ हाल सम्म प्रमुख दस्ताबेजको रुपमा रहेको छ । यसमा दीर्घकालीन र अल्पकालीन उद्देश्यहरूका साथै प्रमुख प्राथमिकता प्राप्त कार्यक्रम र टेवामुलक कार्यक्रम गरी दुई किसिमका कार्यक्रमहरूको ब्यबस्था गरेको छ । दिर्घकालीन उद्देश्य अन्तर्गत जनसाधारणको आधारभूत आबश्यकता काठ, दाउरा, डालेघाँस र अन्य वन पैदावार सहज रुपमा उपलब्ध गराउने, परिस्थितिकिय प्रणाली र बंशाणु श्रोतको संरक्षण तथा वन ब्यबस्थापन, वन पैदावारमा आधारित उद्योगहरूको विकास गरी राष्ट्रिय तथा स्थानीय अर्थतन्त्रमा योगदान गर्ने, रोजगारी तथा आयस्रोतको अवसर तयार गर्ने रहेको छ । यसका प्राथमिकता प्राप्त कार्यक्रमहरूमा सामुदायीक वन तथा नीजि वन, राष्ट्रिय वन तथा कबुलियति वनका अतिरिक्त वन परिस्थितिकीय प्रणाली र वंशाणु श्रोत संरक्षण रहेको देखिन्छ ।

नेपाल सरकारको वन क्षेत्रमा कार्यान्वयन संरचनाको रुपमा गैह्रकाष्ठ वन पैदावर र औषधी जन्य तथा सुगन्धित वनस्पति को संरक्षण व्यवस्थापन र खेती गर्ने तथा जैबिक बिबिधता अभिलेखीकरण आदि कुराहरूलाई उठाईएका छन् भने यसलाई प्रमुख कार्यनीतिका रुपमा अगाडी बढाईएको छ । जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावार बिकास नीति २०६१, जैबिक बिबिधता सम्बन्धी रणनीति, २०५० पनि मूख्य सान्दर्भिक नीतिका रुपमा रहेका छन ।

**सान्दर्भिक ऐन तथा नियमहरू**

**वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियावली २०७७**

विकास आयोजना तथा कार्यक्रमहरू संचालन गर्दा वातावरणीय पक्षलाई समावेश गर्नुपर्ने अवधारण अनुरुप नेपाल सरकारद्धारा वातावरण संरक्षण ऐन, २०७६ तथा वतावरण संरक्षण नियमावली २०७७ जारि भै सकेको छ । उक्त ऐनमा प्रारम्भिक वातावरणीय परीक्षण/प्रारम्भिक वातावरणीय परीक्षण/वातावरण प्रभाव मुल्यांकन गर्नुपर्ने प्रस्ताबहरू र प्रस्ताब स्वीकृत नगराई कार्यान्वयन गर्न नहुने व्यवस्था गरिनुका साथै यस प्रस्ताब सन्दर्भमा वातावरण संरक्षण नियमावली २०७७ को नियम ३ संग सम्बन्धित अनुसूचि १, २ र ३मा कस्ता कस्ता आयोजनालाई कस्तो वातावरणीय अध्ययन गर्नुपर्ने उल्लेख भएको छ । उक्त नियमाबलीमा अन्य ब्यबस्थाका अतिरिक्त प्रारम्भिक वातावरणीय

परीक्षण गर्नुपूर्व सम्बन्धित निकायबाट सोको कार्यसुची स्वीकृत गराउनुपर्ने प्रावधान समेत रहेको छ ।

वातावरण संरक्षण एन को परिच्छेद २ वातावरणीय अध्ययन को ३ (२) (ग) स्थानीय तहको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए सम्बन्धित स्थानीय कानूनले तोकेको निकाय समक्ष र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए प्रदेश कानूनले तोकेको प्रदेश सरकारको निकाय समक्ष पेश गर्ने उल्लेख गरेको छ ।

**लिखु गाँउपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण ऐन**

यस एनको दफा ६ को उपदफा २ का अनुसार प्रस्तावकले स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वा प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृतिको लागि कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ र संक्षिप्त वातावरणीय प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृति सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ भनी उल्लेख गरेको छ ।

**वन सम्बन्धि ऐन तथा नियमहरू**

बन जंगलको संरक्षण गरी बाताबरणको प्रबर्धन गर्न र वन पैदावारको समुचित सदुपयोग गरी जनताको आधारभूत आबश्यकता परिपुर्ति गर्न नेपाल सरकारको वन ऐन, २०७६जारी गरेको छ । सोहि ऐनमा सरकारद्धारा ब्यबस्थित वनको दिगो ब्यबस्थापनका लागि कार्ययोजना तयार गरी स्वीकृत गर्नुपर्ने तथा कार्ययोजनाले निर्दीष्ट गरेको बाहेक अन्य कुनै पनि कार्य गर्न गराउन नपाईने कानुनी प्राबधान रहेको छ । सोही ऐनमा सरकारद्धारा व्यबस्थित वनको वन पैदावारको स्वामित्व तथा बिक्री वितरण गर्ने व्यवस्था गरेको पाईन्छ । वन ब्यवस्थापन कार्ययोजनामा समाबेस हुनुपर्ने कुराहरू, वनपैदावार संकलन गर्दा अपनाउनु पर्ने तरिका, बिक्री, व्यवस्थापन, निकासी गर्ने अवधि तथा कस्तो अबस्थामा वन पैदावार संकलन र बिक्री गर्न नपाईने आदि उल्लेख गरेको छ ।

यसका अतिरिक्त वन ऐन ले कुनै राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना संचालन गर्दा वातावरणमा उल्लेख प्रतिकूल असर नपर्ने भएमा र वन क्षेत्र प्रयोग गर्नु बाहेक अन्य बिकल्प नभएमा नेपाल सरकारले राष्ट्रिय वन प्रयोग गर्न दिन सक्ने प्रावधान गर्दै यस्तो आयोजना संचालन गर्दा कसैलाई हानी नोक्सनी पुग्न गएमा सम्बन्धित आयोजनाले क्षतिपूर्ति दिनु पर्ने प्राबधान गरी जनसाधारणको मौलिक हकको सुरक्षको प्रत्याभुति दिएको छ ।

**भु तथा जलाधार संरक्षण ऐन, २०३९ तथा नियमावली २०४२**

भु तथा जलाधार संरक्षण ऐन, २०३९ तथा भु तथा जलाधार संरक्षण नियमावली २०४२ मा जलाधार क्षेत्रहरूमा भु—क्षय तथा बाढी पहिरोको प्रकोपलाई नियन्त्रण तथा न्यूनीकरण गर्न विभिन्न प्राबधानहरू समावेश गरिएको छ ।

**जलश्रोत ऐन सम्बन्धि ऐन तथा नियमहरू**

जलश्रोत ऐन, २०४९ र नियमावली २०४९ मा पानीको कारणले भू—क्षय, बाढी तथा पहिरो हुन गई जमिनको क्षति हुने कुराको साथै जल प्रदूषण पनि बढ्ने हुनाले वातावरणमा पर्ने यस्ता दूष्प्रभावहरूको न्युनीकरणका प्रावधानहरू उल्लेख गरीएका छन् । ढुङ्गा, गिट्टी, बालुवाको संकलन/उत्खनन् कार्यले बसोबास क्षेत्रमा पर्ने बातावरणीय प्रभावहरूको न्युनीकरण गर्न प्रस्तावको बाताबरणीय विश्लेषण गरी प्रभाव नियन्त्रण र सूरक्षाका उपायहरू अवलम्वन गर्न प्रस्तावकलाई अनिवार्य गरिएको छ ।

**स्थानीय सरकार सञ्चालन ऐन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ घ(६) बमोजिम गाँउपालिका वा नगरपालिकाले आफ्ना क्षेत्रभित्रका नदी नालाको ढुङ्गा, गिट्टी, बालुवा, माटो, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन गर्न सक्ने कानुनी प्रावधान रहेको छ । वातावरण संरक्षण तथा व्यवस्थापनका लागि स्थानीय निकायका वातावरण शाखा पुर्णरुपले जिम्मेवार रहने छन् भन्ने समेतको ब्यवस्था रहेकोछ । साथै दफा ६२ (क) बिक्री गर्न सक्नेमा १) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्री गर्न सक्नेछ भनि उल्लेख गरेको छ ।

**निर्देशिका, दिग्दर्शन तथा मापदण्डहरू**

**ढुङ्गा गिट्टी बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७**

यस मापदण्डका अनुसार नदी जन्य पदार्थ स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेको स्थान वा विपदको संभावना भइ जिल्ला विपद व्यवस्थापन समितिद्वारा स्वीकृति भएमा मात्र उत्खनन गर्न पाउने प्रावधान रहेको छ। यसका लागि उत्खनन/संकलन सम्बन्धी कार्य योजना तयार गरी कार्यपालिकाबाट स्वीकृत गरी, अधिकार प्राप्त निकायबाट वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराइ, गाँउसभा वा नगरसभाद्वारा स्वीकृत दरमा प्रतिवेदनले तोकेको मात्राको ठेक्का लगाउन पाउने प्रावधान रहेको छ । दफा ४ उपदफा ४ का अनुसार सामान्यतया श्रम मूलक प्रविधिको प्रयोग गर्नुपर्ने तर वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित शर्त र सीमा भित्र रही वा विपद् जोखिम संवेदनशील क्षेत्रमा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिशमा मेशिनको प्रयोग गर्न सकिने उल्लेख गरेको छ।यसका अनुसार घना बस्ती र वन बाट २ किमि, राजमार्गको पाँचसय मिटर, पुलहरूबाट १ किमि तल र पाँचसय मिटर माथिबाट उत्खनन गर्न नपाइने उल्लेख गरेको छ ।अनुगमनका लागि जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्त्वमा जिल्ला समन्वय अधिकारी सदस्य सचिव रहने गरी स्थानीय सरकारको प्रमुख, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालयको प्रमुख, जिल्ला स्थित सशस्त्र प्रहरी बलको प्रमुख, डिभिजन वन कार्यालय प्रमुख,

जिल्लामा कार्यरत मध्येबाट समितिले तोकेको इन्जिनियर, आन्तरिक राजश्व कार्यालय वा को.ले.नि.का प्रमुख रहेका टोलीले गर्ने प्रावधान गरेको छ।

**संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७**

यस कार्यविधिको दफा ३ अनुसार स्थानीय सरकारले क्षेत्रभित्र गरिने स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवं माटोजन्य वस्तुको विक्री सम्बन्धी कार्य समेत समावेश गरी कार्यालयले स्वीकृत बार्षिक कार्यक्रम तथा कार्ययोजनाको आधारमा वातावरणीय अध्ययन आवश्यक पर्ने विकास निर्माण सम्बन्धी कार्य वा आयोजना तथा कार्यक्रम पहिचान गरी सङ्घीय वातावरण संरक्षण नियमावली, २०७७ को आधारमा संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनका लागि छुट्टाछुट्टै सूची तयार गर्नु पर्नेछ । अनुसूची ३ र ४ का अनुसार कार्यसूची तयार गरी वातावरण हेर्ने महाशाखा/शाखा/एकाईमा पेश गर्नु पर्नेछ र पेश भएको संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धी कार्यसूची भए प्रमुख प्रशासकीय अधिकृतले र प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यसूची भए प्रमुख प्रशासकीय अधिकृत मार्फत अध्यक्ष/प्रमुखले आवश्यक जाँचबुझ गरी पेश भएको मितिले पन्ध्र दिनभित्र स्वीकृत गर्नु पर्नेछ। दफा ५ का अनुसार प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव सङ्कलन गर्नु पर्नेछ । परिच्छेद ३ दफा ६का अनुसार बमोजिम स्वीकृत कार्यसूची र दफा ५ बमोजिम आयोजना हुने सार्वजनिक सुनुवाईबाट प्राप्त सुझाव समेतको आधारमा प्रस्तावकले प्रत्येक आयोजना तथा कार्यक्रमको लागि छुट्टाछुट्टै वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ । यस सम्बन्धी सार्वजनिक सूचना पनि प्रकाशन गर्नु पर्ने प्रावधान रहेको छ । संशोधित प्रतिवेदन स्वीकृतिका लागि पेश गरिनु पर्ने प्रावधान रहेको छ । यसका अनुसार अनुगमन गर्ने जिम्मेवारी प्रस्तावक स्वयंको हुनेछ र प्रत्येक छ महिनामा उपदफा (१) बमोजिम स्वःअनुगमन गरी तयार गरेको प्रतिवेदन गाउँ/नगरपालिकामा पेश गर्नु पर्नेछ । गाउँपालिका/नगरपालिका स्वयं प्रस्तावक भएको वा अन्य प्रस्तावकबाट कार्यान्वयन गरिने प्रस्तावको अनुगमनका लागि कार्यपालिकाले अनुगमन समिति गठन गर्नेछ ।

**राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५०**

नेपाल सरकारले आठौं योजनको नीति कार्यन्वयनमा सहयोग पुगोस् भन्न को लागि वातावरण संरक्षण ऐन र वातावरण संरक्षण नियमावली ल्याउनु अगाडी नै एक राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५० लागु गरिसकेको छ । यो निर्देशिकाले अध्ययनको क्रममा जनसहभागिता जुटाउनु पर्ने, आबश्यक सूचनाहरको संकलन गर्ने, विवादका विषयहरूको गम्भिरताको मूल्याङ्कन गर्ने र वातावरणीय अध्ययनको लागि बिषयहरूको प्राथामिकताक्रम निर्धारण गर्ने कुराहरूलाई प्राथामिकताक्रम निर्धारण गर्ने कुराहरूलाई प्रष्ट रुपमा जोड दिएकोछ । त्यसै गरि बातावरणीय योजना तर्जुमा निर्देशिका २०५५ र बतावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०६२ समेत जारि भएको पाईन्छ । यसका साथै मन्त्रिपरिषदको मिति २०६६/१२/१७ को निर्णय तथा व्यवस्थापिका संसद, प्राकृतिक श्रोत साधन समितिको निर्देशनले ढुङ्गा, गिट्टी, बालुवा संकलन सम्बन्धी जिल्लागत

रुपमा एकीकृत कार्य योजना बनाउने, संकलन गर्न हुने वा नहुने भन्ने क्षेत्रको पहिचान गर्ने, जिल्ला अनुगमन तथा समन्वय समितिले गर्ने तथा रणनीति बनाउने आदि उल्लेख गरेको पाईन्छ ।

**अन्तराष्ट्रिय कानून तथा सम्झौता**

माथि उल्लेख गरेका ऐन नियमका अतिरिक्त नेपाल पक्ष भएका वातावरण सम्बन्धि केही अन्तराष्ट्रिय कानूनहरूलाई प्रस्ताव कार्यान्वयनका लागि प्रारम्भिक वातावरणीय परीक्षणका क्रममा ध्यान दिनु पर्ने जरुरी देखिन्छ । नेपालले हस्ताक्षर तथा अनुमोदन गरेका अन्तराष्ट्रिय स्तरका विभिन्न सन्धि वा महासन्धिहरूमा महत्वपूर्ण दस्तावेजको रुपमा रहेका छन् । यस्ता अन्तराष्ट्रिय सन्धि तथा वा महासन्धिहरू दक्षिण पूर्वी एशिया तथा प्रशान्त क्षेत्रको लागि विरुवा संरक्षण सम्झैता (Plant protection Agreement for Southeast Asia and Pacific, February -27,1956,Rome), जैविक विविधता सम्बन्धि महासन्धि (Convention n Biological Diversity, June 5, 1992,Rio De Jenerio), संकटापन्न जंगली वनस्पति तथा जीव जन्तुका प्रजातिको अन्तरराष्ट्रिय व्यापार सम्बन्धी (CITES Convention on international Trade in Endangered Species or Wild Flora and Founa, March -3,1973, Washington), जल पंक्षिको बसोबास जस्ता अन्तराष्ट्रिय महत्वका सिमसार सम्बन्धि महासन्धि (Convention on Wetlands or international importance, February-2,1971), विश्व सास्कृति तथा प्राकृतिक सम्पदा संरक्षण सम्बन्धि महासंधि (November-23,1972, Paris), अन्तराष्ट्रिय ट्रपिकल-Tropical_ काष्ठ सम्झैता आदि प्रमुख छन् । यी महासन्धिहरूले प्राकृतिकोत ब्यवस्थापन तथा जीव र वनस्पति संरक्षणको सुनिश्चिताबाट बातावरण संरक्षण गर्न आवस्यक प्रावधानको व्याख्या गरेका छन् ।

**अदालत र मन्त्रि परिषदका निर्णयहरू**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गरिएको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ का अनुसार यो मापदण्ड लागू हुन साथ निम्न आदेशहरू खारेज हुने उल्लेख गरेको छ ।

प्राकृतिक स्रोत र साधनको बचाउ गर्नका लागि जिल्ला बारा सपही गा.वि.स वडा नं ९ घर भै हाल काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं ३२ अनामनगर बस्ने अधिवक्ता नारायण प्रसाद देवकोटाले सम्मानित सर्वोच्च अदालतमा दायर गर्नुभएको रिट निवेदनको सुनुवाईको सन्दर्भमा सम्मानीत सर्वोच्च अदालतबाट मिति २०६७ श्रावण २१ गते एउटा महत्वपूर्ण आदेश जारी भएको छ । सो आदेशमा अन्य कुराको अतिरिक्त खास गरी देहायका कुराहरू उल्लेख गरिएका छन् :—

१. ढुङ्गा, बालुवा आदी प्राकृतिक स्रोत हुन् । प्राकृतिक स्रोत अनुसार कुनै व्यक्तिको ownership मा हुन सक्दैन । प्राकृतिक स्रोत सबै नेपालीको फाइदा र सार्वजनिक हित हुने काममा मात्र प्रयोग हुन सक्दछ ।

२. प्राकृतिक स्रोतको संकलन तथा उत्खनन् प्रयोग आदी गर्दा विद्यमान प्रचलित कानून अनुसार

वातावरणमा कुनै प्रकारको प्रतिकूल प्रभाव नपर्ने गरी मात्र गर्नुपर्नेछ ।

३. कानूनी व्यवस्था अनुसार कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा प्रस्ताव तयार गर्नुपर्ने हुन्छ । त्यस्तो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणीय प्रभाव र परीक्षण मूल्यांकन गर्नुपर्ने हुन्छ । यसरी वातावरणीय प्रभाव र परिमाण मूल्यांकन गर्नु भनेको वातावरणलाई असर पार्ने नपार्ने र पार्ने भए त्यस्तो प्रभावलाई हटाउने वा कम गर्ने अध्ययन र मूल्यांकन हो । वातावरण संरक्षण नियमावलीको व्यवस्था अनुसार वातावरणीय प्रभाव मूल्यांकन गर्दा सार्वजनिक सूचना जारी गरी गाँउ विकास समिति वा नगरपालिका वा त्यस क्षेत्रको स्कूल, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाबाट सुझाव लिने र उनीहरूको सुझाव अनुरुप प्रस्ताव कार्यान्वयन हुने वा नहुने सम्बन्धमा स्थानीय जनता वा निकायको विशेष भूमिका हुने देखिन्छ । यस्तो कानूनी व्यवस्था नै defective देखिन्छ । यो व्यवस्था फौजदारी मुद्धामा सर्जमिन गर्ने र सर्जमिनका भरमा कसैलाई दोषी नठहर्‍याउने व्यवस्था सरह हो । वातावरण प्रदूषण हुने वा नहुने भन्ने कार्य उल्लेखित निकायका व्यक्तिहरूले दिएको व्यक्तिगत विचार र रायले यकिन र निर्धारण गर्ने विषय होईन । वातावरण प्रदूषण हुने वा नहुने भन्ने कुरा सम्बन्धीत आयोजनाको प्रस्ताव प्राप्त भएपछि नेपाल सरकारको आफ्नो वा कुनै निष्पक्ष विशेषज्ञ जस्तै भू—गर्भविद्, भुगोल विद्, भौतिक शास्त्री, रसायन शास्त्री, वातावरण विशेषज्ञ, जलस्रोत विशेषज्ञ, वन, वन्यजन्तु विशेषज्ञ, तथा अन्य विशेषज्ञ तथा अर्थशास्त्री सहित रहेको टोलीले प्रस्तावको सन्दर्भमा प्रस्ताव कार्यान्वयन हुने स्थलको वैज्ञानिक अध्ययन विश्लेषण गरी प्रस्ताव कार्यान्वयन गर्दा वातावरण प्रदूषण हुने वा नहुने एकीन हुने विशुद्ध प्राविधिक विषय हो । तर विद्यमान कानूनी व्यवस्था हेर्दा प्रस्तावक आफैले सार्वजनिक सूचना जारी गरी उल्लेखित व्यक्ति र संस्थाहरूको विरोध वा समर्थनमा प्रस्ताव कार्यान्वयन गर्दा प्रदूषण हुने वा नहुने निर्धारण हुने कानूनी व्यवस्था नै अव्यवहारीक, अनुपयूक्त र त्रुटीपूर्ण देखिन्छ ।

४. अब यस्ता उद्योग सञ्चालन गर्ने इजाजत दिनु अगाडी सरकार आँफैले विशेषज्ञ टोलिद्धारा उद्योग स्थापना गर्न इच्छुक प्रस्तावकको प्रस्तावमा फिल्ड भिजिट समेत गराई प्रतिवेदन लिई सरकारले गठन गरेको टोलिले दिएको राय अनुसार कति हदसम्म ढुङ्गा, रोडा, बालुवा झिक्न दिदा वातावरणीय सन्तुलन विग्रदैन त्यति हदसम्म मात्र रोडा, ढुङ्गा झिक्न अनुमति दिनु । त्यसरी वैज्ञानिक आधारमा उत्खनन् गर्ने कुरा निर्धारण गरी त्यही हद ननाघ्ने गरी मात्र इजाजत दिने, त्यसको अनुगमन गर्ने र इजाजत अवधि समाप्त भएपछि सो क्षेत्रलाई उद्योग स्थापना गर्नेले नै यथास्थितिमा ल्याउने शर्त तोक्नु ।

५. प्रस्ताव कार्यान्वयनमा उद्योग विभागले दर्ता गरी स्वीकृति दिएपछि माथि उल्लेखित विशेषज्ञ सम्मिलित टोलीबाट अनुगमन हुने कानूनी व्यवस्था नै देखिएन । उद्योग सञ्चालन भएपछि विशेषज्ञले नियमित पानीको नमूना लिने, आवाज कत्तिको प्रदूषण भयो जाँच्नुपर्ने । आवाजले वनजंगल, वनस्पति र वन्यजन्तुलाई कति प्रभाव पार्यो हेर्ने । उद्योग सञ्चालन गर्दा वन क्षेत्र हेरियो हेरिएन सो केही देखिएन । वायुमण्डलमा धुवाँ र धुलोले कति प्रदूषण गर्यो गरेन, बालुवा, रोडा,

ढुङ्गा कति उत्खनन् गर्यो सो पनि हेर्ने आदी केही हुने गरेको देखिएन । तसर्थ यि सबै कुरा उद्योग सञ्चालन कै अवस्थामा नियमित रुपमा विशेषज्ञ टोलीको गठन गरी अनिवार्य अनुगमन गर्नु ।

६. निवेदकको अर्को मूख्य माग ट्रकको क्षमता भन्दा बढी बालुवा, रोडा र ढुङ्गा लोड गरी त्यस्ता Over loaded ट्रकले सडक तथा पुललाई क्षति पुर्याएको कारण यसलाई रोकी पाउँ भन्ने रहेको छ । सो माग जायज माग हो । ठेकेदार वा उद्योगको मालिकले सवारी साधन चलाएकोले सार्वजनिक सडक क्षति गरी त्यसको मर्मतको लागि करदातामा नाजायज भार पार्न हुँदैन । त्यस कारण निम्नानुसार गर्नु :—

(क) यस प्रकार ट्रकमा रोडा, ढुङ्गा, बालुवा overloaded गरी चलाउने कार्यलाई रोक्नको लागि प्रहरी परिचालन गर्नु ।

(ख) जनताको कर तिरेको पैसाले बनेको सडक सवैको साझा सम्पत्ति हो । यस्तो सम्पत्ति रोडा, ढुङ्गा उद्योग सञ्चालन गर्ने केही सीमित व्यक्तिहरूको मात्र आर्थिक फाइदाको लागि चलाएको overloaded सवारी साधनको प्रयोगले हुन गएको सडकको क्षतिको मर्मत गर्नजनतालाई पुनः करको भार बोकाउन हुँदैन । तसर्थ यस्ता रोडा, ढुङ्गा बोकेको सवारी साधनको कारण सडक पुल बिग्रन हुँदैन । उद्योग क्षेत्रबाट माल बोकेको truck मुल सडकमा निस्कनु अघि truck को भारी तौलने यन्त्र उद्योग सञ्चालन कर्ताको खर्चमा जडान गर्ने व्यवस्था मिलाई truck को क्षमता अनुसारको माल मात्र छाड्नु ।

(ग) यस्तो साझा सम्पत्तिको सडक तथा पुलमा कसैको व्यक्तिगत फाइदाको लागि सो को क्षमता र स्वयं सवारी साधनको क्षमता भन्दा बढी overloaded सवारी साधन चलाउँदा सडक र पुलको क्षति हुने उल्लेखित कारणहरूले गर्दा त्यस्ता overloaded सवारी साधन चलाउन नदीन नेपाल प्रहरीलाई कडा निर्देशन दिनु । साथै त्यस्ता सवारी साधनको वजन जाँच गर्न सडकका मूख्य—मूख्य ठाउँमा जाँच यन्त्र राखी जाँच गर्ने व्यवस्था मिलाई जाँचपास हुने सवारी साधनलाई मात्र सडकमा प्रवेश दिने व्यवस्था मिलाउनु ।

निवेदकको माग बालुवा, रोडा, ढुङ्गा भारत निकासी रोकी पाउँ भन्ने पनि छ । मिसिल हेर्दा नेपाल र भारतसँग भएको सन्धि अनुसार भारत निकासी गरिएको भन्ने देखिन्छ । प्राकृतिक स्रोत प्रकृतिले प्रयोग कै लागि दिएको हो । त्यसकारण राष्ट्र निर्माण र आर्थिक विकासमा प्राकृतिक स्रोतको प्रयोग गरेर वा प्राकृतिक स्रोत निकाल्दा वरपरका अन्य क्षेत्र, बस्ती, सडक, पानीको मुहान, वन, वन्यजन्तु, प्राचिन स्मारक आदीलाई प्रतिकूल असर पर्ने भए त्यसलाई रोक्नुपर्छ । तसर्थ हाललाई रोडा, ढुङ्गा, बालुवा विदेश निकासी गर्ने कार्य रोकी यस अदालतको आदेश अनुसार गठित प्राविधिक समितिले तत्तत् उद्योगबाट बालुवा, रोडा, ढुङ्गा निकाल्न सक्ने क्षमता, आर्थिक लगायत वातावरणीय दृष्टिले सम्भव छ भन्ने प्रतिवेदन दिएमा सो प्रतिवेदन अनुसार मात्र निकासी गर्न दिनु ।

(घ) यस आदेशको प्रयोजनको लागि नेपाल सरकारको सम्बन्धीत निकायको संयोजकत्वमा देहाय बमोजिमको समिति गठन गर्नु :—

१. वातावरण मन्त्रालयको वा वातावरण मन्त्रालयले तोकेको वातावरणविद् संयोजक,

२. भूगर्भ शास्त्री,

३. माइनिङ इन्जिनियर,

४. उद्योग विभागको प्रतिनिधि,

५. स्थानीय निकायको प्रतिनिधि र

६. नेपाल सरकारले तोकेको अन्य सदस्य तथा वातावरणविद् भएको एक समिति गठन गर्नु ।

(ङ) दर्ता नभई संचालन भएको र इजाजत अवधि नाघेका उद्योगहरू तुरुन्त बन्द गर्नु ।

(च) दर्ता भई अवधि ननाघेको सञ्चालनमा रहेको उद्योगले प्रदूषण गरे नगरेको, उद्योग सञ्चालन गर्ने अनुमति दिएको क्षेत्रमा बालुवा, रोडा, ढुङ्गाको क्षमता अर्थात मात्रा अब कत्ति हो / यकिन गर्ने । यदि अब अरु बढी उत्खनन् गर्दा वातावरणीय र भौगोलिक क्षति पुग्ने भएमा त्यस क्षेत्रमा सञ्चालित उद्योग बन्द गर्नु । तर अहिले नै वातावरण प्रदूषण गरिरहेको देखिएमा वा उत्खनन् गर्दा वातावरणलाई प्रतिकूल असर पार्छ भने तुरुन्त बन्द गर्नु ।

(छ) अब उप्रान्त उद्योग स्थापनाको अनुमति दिदा प्रस्तावकले पेश गरेको प्रस्तावमा संलग्न वातावरण प्रभाव मूल्यांकनलाई यस आदेश अनुसार गठित समितिले पनि आफुले अध्ययन गरी दिएको राय र प्रतिवेदन अनुसार मात्र अनुमति प्रदान गर्नु ।

(ज) बालुवा, रोडा, ढुङ्गा प्राकृतिक श्रोत भएको कारण र संविधानको धारा ३३ (क) अनुसार प्राकृतिक स्रोत राज्यको स्वामित्वको सार्वजनिक सम्पत्ति हो । यस्तो सम्पत्तिमा कुनै एक ठेकेदारले राजस्व बुझाएको भरमा कारोबार गरी ठेकेदारलाई नाजायज फाईदा हुनुहुँदैन । प्राकृतिक स्रोत उत्खनन् पछि जमिनलाई यथास्थितिमा छाड्न पर्ने गरी नेपाल पेट्रोलियम ऐन र खानी तथा खनिज पदार्थ ऐन अनुरुप सरकारलाई हुने फाईदाको आधारमा मात्र ठेक्का दिनु ।

(झ) यस आदेश अनुसार गठित विशेषज्ञ समितिको राय प्रतिवेदन र सुझाव अनुसार मात्र बालुवा, रोडा, ढुङ्गा, क्रसर उद्योग सञ्चालन गर्ने अनुमति दिनु र उक्त समितिको राय प्रतिवेदन सुझाव नआउन्जेल ढुङ्गा र रोडा उद्योगलाई इजाजत नदीनु ।

(ञ) प्राकृतिक स्रोतको अधिकतम सदुपयोग र प्राकृतिक स्रोतको उत्खनन् एवं विकास गर्दा हुने

प्रदूषण नियन्त्रणमा वातावरण सम्बन्धी ऐन, नियम ज्यादै अपर्याप्त देखियो, यसमा सुधार गर्नु ।

(ट) प्रदूषण मुक्त र स्वच्छ वातबारण प्रत्येक नागरिकको मौलिक हक हो । आजको विश्व वातावरण सचेत विश्व हो । दोस्रो विश्वयुद्ध पछि औद्योगिककरणमा दौडेको विश्वले गरेको कोइला, पेट्रोल, डिजेल आदीको खपतले गर्दा प्रदूषण बढेको कारण औद्योगिक राष्ट्रमा सवारी र यातायातको साधनमा विद्युत प्रयोग र कोईलाको सट्टा Nuclear energy तर्फ केन्द्रित छ । नेपालमा पनि प्रदूषणको आफ्नै समस्या छ । नेपालमा औद्योगिक विकासको कारण भन्दा पनि जथाभावी उद्योग सञ्चालनको कारण प्रदूषण बढेको छ । नेपालको वातावरण संरक्षण सम्बन्धी कानून ज्यादै अपुरो देखिन्छ । प्रदूषण रोकथामको नजरमा सरकारमा सीमित छ ।

उद्योग स्थापना गर्न चाहने प्रस्तावकले स्थानीय जनता र निकायहरूसँग सोधी उनीहरूले उद्योग स्थापना गर्न हुन्छ भनेको व्यक्तिगत रायका आधारमा वातावरणीय प्रभाव मूल्यांकन पारित हुने र त्यही आधारमा सरकारले इजाजत दिने गरिन्छ । वातावरणीय प्रदूषण भन्नाले ध्वनी प्रदूषण, वायुमण्डलमा धुलो र धुँवाको प्रदूषण, पानीको मुहानहरूमा मानवीय कार्यले गर्दा प्रदूषण, भू-क्षय तथा वन विनास, वन क्षेत्रमा धुलो, धुँवा र आवाजको प्रवेशले वन जंगलमा भएको शान्तिको खलबलीले चराचुरुङ्गी र जनावरमा पर्ने क्षती आदी पर्दछन् ।

यसै गरि वातावरण संरक्षण सम्बन्धी कानून पनि वातावरण प्रदूषणको रोकथाम र नियन्त्रणमा प्रभावकारी हुन सक्ने प्रकृतिको हुनुपर्छ । तर नेपालको वातावरण संरक्षण सम्बन्धी कानूनले सरकारलाइ licensing भूमिकामा सीमित राखेको देखिन्छ । सो कानूनले आजको वातावरण समस्यालाई cope गर्न सक्दैन । वातावरण सम्बन्धी कानूनमा आवश्यक संशोधन भई Self-contained act, नहुन्जेल र सरकारी निकायहरू अनुगमन गर्न well equipped नहुन्जेल यस अदालतले असाधारण अधिकार अन्तर्गत active role खेल्नुपर्ने हुन्छ । अदालतले आफ्नो संवैधानिक भूमिका निर्वाहगर्न यस अदालतमा एक वातावरण इजलासको गठन गर्ने व्यवस्था हुन आवश्यक छ । त्यसैले वातावरण इजलास को गठन गर्न कानूनी व्यवस्था हुनुपर्ने तर्फ सम्माननीय प्रधान न्यायधिशज्यूलाई जानकारी गराउनु ।

**मन्त्रिपरिषद, आर्थिक तथा पूर्वाधार समितिका निर्णय—२०७०/०२/२१**

मन्त्रिपरिषद, आर्थिक तथा पूर्वाधार समितीको २०७०/२/२१ गतेका बैठकबाट गठित उपसमितिबाट ढुङ्गा, गिट्टी तथा बालुवा समेतको व्यवस्थापनका सन्दर्भमा महत्वपूर्ण निर्णय भएको छ । सो तय भएको निर्णयहरूबाट अन्य कुराको अतिरिक्त खास गरी देहायका कुराहरू उल्लेख गरिएका छन :
१. वन क्षेत्रको ढुङ्गा, गिट्टी तथा बालुवा संकलन, ओसारपसार र विक्री वितरणमा विद्यमान वन ऐन, २०४९ र प्रचलित स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा देखिएको क्षेत्राधिकारको विवाद व्यवस्थापन गरी नेपाल सरकारको निर्णयनुसार एकद्वार प्रणाली अन्तगत ठेक्का बन्दोवस्त गर्ने सम्बन्धमा निम्न अनुसार गर्ने :

क. राष्ट्रिय वनको हकमा जिल्ला अनुगमन समितिले वन क्षेत्र अनुगमन गरी आवश्यकता र औचित्य खुलाई अनुरोध गरेमा प्रचलित वन ऐन बमोजिम वार्षिक रुपमा संकलन गर्ने क्षेत्र, परिमाण, समयाबधि र उपयुक्त प्रविधि खुलाई जिल्ला वन कार्यालयले IEE/EIA स्वीकृत गराउनुपर्ने ।

ख. स्वीकृत IEE/EIA प्रतिवेदनमा उल्लेख भए बमोजिमको ढुङ्गा, गिट्टी तथा बालुवा संकलन र विक्री कार्यका लागि सम्बन्धित जिल्ला वन कार्यालयको सिफारिसमा जिल्ला समन्वय समितिले ठेक्का बन्दोबस्त गर्ने ।

ग. वन क्षेत्रको ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् संकलन गर्दा स्वीकृत IEE/EIA प्रक्रिया भन्दा अन्यथा गरे गराएको पाइएमा वन सम्बन्धी कसुरमा सम्बन्धित जिल्ला वन कार्यालयले प्रचलित कानून बमोजिम कारवाही गर्ने । ढुङ्गा, गिट्टी तथा बालुवाका ठेक्का पट्टा सम्बन्धी कसुर भएमा कारवाहीको लागि जि.स.स.लाई अनुरोध गर्ने र त्यस्तो अनुरोधमा जि.स.स.ले कारवाही गर्ने ।

घ. वन क्षेत्र बाहिरको ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् संकलन तथा विक्रिको हकमा प्रचलित कानून बमोजिम जिल्ला समन्वय समितिले गर्ने/गराउने ।

२. ढुवानी गर्दा तोकिएको भन्दा बढी परिमाण बोकी वा न्यून विल काटी बढी सामान उठाएको पाइएमा कानून बमोजिम कारवाही गर्ने ।

**मन्त्रिपरिषद, आर्थिक तथा पूर्वाधार समितिका निर्णय–२०७०/०३/२७**

मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितीको २०७०/०२/२१ गतेको बैठकबाट गठित उपसमितिबाट ढुङ्गा, गिट्टी तथा बालुवा समेतको व्यवस्थापनको सन्दर्भमा महत्वपूर्ण निर्णय भएको छ । उक्त निर्णय अनुसार प्राकृतिक स्रोत र साधनको संकलन, उत्खनन् वा दोहन अनियन्त्रित रुपमा नहोस् भन्नका लागि प्रत्येक जिल्लाले आफ्नो जिल्लाभित्र रहेका प्राकृतिक स्रोत र साधनको ऑकलन गरी कुन क्षेत्रबाट कति हदसम्म संकलन, उत्खनन् वा दोहन गर्न सकिन्छ सो विवरण सार्वजनिक रुपमा प्रकाशन गरी त्यसैका आधारमा EIA/IEE गरेपछि मात्र ठेक्का बन्दोबस्त लगाउने व्यवस्था मिलाउने ।

राजमार्ग, खेतबारी, गाउ', वस्ती, बजार, पुल जस्ता सार्वजनिक ठाउ'मा बाढी, पहिरोले थुपारेको ढुङ्गा, गिट्टी, बालुवा, गेग्रान हटाउनुपर्ने भएमा जिल्ला समन्वय समितिले सम्बन्धित निकायहरूस'ग समन्वय गरी रीतपूर्वक प्राथमिकता साथ हटाई व्यवस्थापन गर्नुपर्ने निर्णय गरिएको छ ।

वन तथा भू–संरक्षण मन्त्रिज्यूका अध्यक्षतामा बसेको बैठकको निर्णय–२०७०/११/२०

वन तथा भ–संरक्षण मन्त्रिज्यूका अध्यक्षतामा २०७०/११/२० गते बसेको ढुङ्गा, गिट्टी तथा बालुवाको उत्खनन् तथा नियमन सम्बन्धी बैठकमा महत्वपूर्ण निर्णय भएको छ । सो तय भएको निर्णयहरूबाट अन्य कुराको अतिरिक्त खास गरी देहायका कुराहरू उल्लेख गरिएका छन :–

१. निकुञ्ज र आरक्षको मध्यवर्ती क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवाको विदेश निकासी बन्द गर्ने ।

२. जैविक विविधताको संरक्षण, जैविक मार्गहरूका व्यवस्थापन तथा जलाधारको संरक्षणबाट तल्लो तटीय क्षेत्रमा पानीको उपलब्धता सुनिश्चित गर्न चुरेका अति संवेदनशील क्षेत्रको पहिचान गरी संरक्षित क्षेत्र/संरक्षित वनका रुपमा विकास गर्ने कार्य वन तथा भ–संरक्षण मन्त्रालयले आरम्भ गर्ने ।

३. चुरे क्षेत्रमा व्यापक रुपमा भईराखेको मानवीय अतिक्रमण र गैरकानूनी बसोबासले समेत समस्यालाई जटिल बनाएको सन्दर्भमा यसरी अनाधिकृत रुपमा बसोबास गर्नेलाई स्थान्तरण प्रक्रिया आरम्भ गरी स्थानीय जनताको जीविकोपार्जनका लागि नयाँ अवसरहरूको सिर्जना गर्ने ।

४. केहि क्रसर उद्योगहरूले मापदण्ड पुरा नगरेका, केही अवैध रुपमा संचालनमा रहेको अवस्था र वातावरणीय, मानवीय संवेदनशीलता र सूरक्षालाई दृष्टिगत गरी २०७१ आषाढ मसान्त सम्मका लागि क्रसर उद्योगका दर्ता बन्द गर्न उद्योग मन्त्रालयल कारवाही अघि बढाउने ।

**मन्त्रिपरिषद, आर्थिक तथा पूर्वाधार समितिका निर्णय— २०७०/१२/२०**

१. ढुङ्गा, गिट्टी, बालुवा तथा नदी जन्य पदार्थ उत्खनन तथा संकलन तथा ढुवानी प्रयोजनका लागि वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली २०५४ बमोजिम के गर्नुपर्ने हो, सो को यकिन गरी प्रस्तावको कार्यसूची तयार गरी यस मन्त्रालय/विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयबाट स्वीकृत गराएर मात्र गर्ने, वातावरणीय अध्ययन कार्यको लागि अध्ययन कार्यदलमा geologist, Biologist, Environmentalist, Sociologist लाई विज्ञको रुपमा अनिवार्य रुपमा समावेश गर्ने र स्थलगत रुपमा नै उपस्थित हुने व्यवस्था मिलाउने ।

२. वातावरणीय अध्ययन गर्दा वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली २०५४ का अतिरिक्त ढुङ्गा, गिट्टी, बालुवा तथा नदी जन्य पदार्थ उत्खनन् तथा संकलन प्रयोजनको लागि EIA/IEE प्रतिवेदनमा स्वीकृत भएको अवस्थामा बाहेक डोजर, स्काभेटर जस्ता भारी मेशिन, उपकरण प्रयोग गर्न गराउन पूर्णतः निषेध गर्ने ।

३. स्वीकृत प्रतिवेदन बमोजिमको वातावरण व्यवस्थापन योजना (EMP) कार्यान्वयनको लागि प्रतिवेदनमा उल्लेख गरिए बमोजिम वार्षिक योजना तथा कार्यक्रम समावेश गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

४. ढुङ्गा, गिट्टी, बालुवा तथा नदी जन्य पदार्थ उत्खनन तथा संकलन तथा ढुवानी स्वीकृत EIA/IEE प्रतिवेदन बमोजिम भए नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन, मूल्यांकन गर्ने गराउने र चौमासिक रुपमा त्यसको प्रतिवेदन मन्त्रालयमा पठाउने, प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित जिल्ला स्तरीय अनुगमन तथा समन्वय समितिबाट गरिएको अनुगमन प्रतिवेदन कार्यान्वयन गर्ने गराउन र यसको जानकारी मन्त्रालयलाई समेत गराउने ।

५. उत्खनन् तथा संकलन स्थलका साइट र परिमाणको नियमित रुपमा जि.स.स. ले अनुगमन गर्नुपर्ने ।

६. उत्खनन् तथा संकलन गरिने प्रत्येक स्थानमा उत्खनन तथा संकलन गरिने क्षेत्र, परिमाण, विधि र समय सहितका होर्डिङ्गबोर्ड राख्ने, जि.स.स.ले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको सम्बन्धमा जनचेतना जगाउने र होर्डिङ्गबोर्ड राख्ने, स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको एक/एक प्रति संबन्धित प्रभावित गा.पा. र गाँउपालिका पठाउने ।

७. उत्खनन/संकलनको अवधि आश्विन—जेठ सम्म र समय सूर्योदय देखि सूर्यास्त सम्म मात्र हुने, दैनिक उत्खनन्/संकलनको परिमाण बढीमा ३०० घ.मी मात्र हुने ।

८. नदीको पानी बगीरहेको सतहभन्दा गहिरो हुने गरी उत्खनन् तथा संकलन गर्न नहुने, संकलन र ढुवानीको लागि नदीको मार्गलाई नै पहुँच मार्गका रुपमा प्रयोग नगरी छुट्टै पहुँच मार्गको व्यवस्था गर्ने गराउने ।

९. वातावरण संरक्षण प्रयोजनका लागि स्वीकृत भएका सब योजना तथा कार्यक्रमहरू वातावरण संरक्षण विशेष कोष अन्तर्गत राखी सोही बमोजिम कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

# ८
# वातावरणीय योजना र अनुगमन योजना

वातावरण संरक्षण नियमावली, २०७७ अनुसार अनुगमन कार्यमा प्रस्तावक जिम्मेवार निकाय हुन पर्दछ । विभिन्न वातावरणीय समस्याहरू, प्रतिकूल प्रभावहरूको न्युनिकरणका उपायहरू, अनुकूल प्रभावका अभिवृद्धि आदि ठीक र सही ढंगबाट कार्यान्वियन भइरहेको छ वा छैन भनी अध्ययन गर्न अनुगमन गर्नु अनिवार्य आवश्यकता हो । वातावरणमैत्री कृयाकलापहरूको कार्यान्वयनले मात्र वातावरणीय प्रतिकूल प्रभावहरूलाई न्यूनिकरण गर्न सकिन्छ । अनुगमन नियमित र कडाईका साथ भएन भने कार्यान्वियन पक्ष फितलो र अप्रभावकारी हुन्छ । त्यसैले प्रस्तावमा उल्लेखित न्यूनिकरण उपायहरूको प्रभावकारी कार्यन्वयनका लागि प्रस्तावकले अनुगमन गर्नु पर्दछ । ढुङ्गा, गिट्टी, बालुवा संकलनबाट वातावरणमा पर्न सक्ने असरहरूको प्राविधिक दृष्टिकोण सहितको व्यवस्थापन योजनाको अवधारणको आवश्यकता हुन्छ । यस्तो अवधारणमा योजना,संगठन, श्रमशक्ति, निर्देशिका, समन्वय, प्रगति तथा लागतको समावेश हुन्छ । सकारात्मक पक्षहरूको अभिबृद्धि र नकारात्मक पक्षहरूको न्युनिकरणका उपायहरू कार्यान्वयन गर्नलाई के गर्ने, कसरी गर्ने, कहाँ गर्ने, कहिले गर्ने र कसले गर्ने भन्ने विस्तृत अवधारणा सहितको योजना तयार गर्नु पर्ने हुन्छ । वातावरणीय व्यवस्थापन योजनाले वातावरण संरक्षणका उपायहरू उपयक्त रुपमा कार्यन्वयन भएको छ कि छैन, यसको प्रभावकारी अनुगमन तथा मुल्यांकन भएको छ कि छैन भन्ने कुराको निर्देश गर्छ ।

## ८.१ स्थानीय स्तरका जिम्मेबार निकायहरू

### ८.१.१ गाँउपालिका

गाँउपालिकाले ठेक्का लगाइसकेपछि पनि स्थानीय बासिन्दा लगायत सरोकारवालाहरूले दिएको राय सुझाब अनुसार काम भैरहेको छ वा छैन भन्ने कुराको अनुगमन गर्नुपर्नेछ । साथै गाँउपालिकाले उत्खननकर्तालाई दैनिक उत्खनन अभिलेख राख्न लगाउने र सोको पनि अनुगमन गर्नु पर्नेछ ।

### ८.१.२ गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरू

स्थानीय क्लबहरू, गैर सरकारी संस्थाहरू, साझेदारी वन उपभोक्ता आदि संघसंस्थाहरूले ढुङ्गा, गिट्टी, बालुवा संकलन र ढुवानी कार्य र वातावरण संरक्षणमा प्रमुख भूमिका खेल्न सक्नेछन् ।

### ८.१.३ जिल्ला समन्वय समिति

नदी खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन् र ढुवानी गर्न स्वीकृति प्रदान गर्ने संस्था जिल्ला समन्वय समिति हो । नदी खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा संकलन कार्यको कार्यन्वयन र अनुगमन गर्ने जिल्ला समन्वय समिति जिल्ला कै सबैभन्दा उच्च संस्था हो । ढुङ्गा, गिट्टी, बालुवा संकलन सम्बन्धि योजना र नीतिहरू जिल्ला समन्वय समितिको अनुमतिमा गर्न पाईन्छ ।

### ८.१.४ डिभिजन वन कार्यालय

वन क्षेत्र भित्र पर्ने नदी खोलाहरूवाट ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन् कार्यको स्वीकृति दिन सक्ने अधिकारिक संस्था डिभिजन वन कार्यालय हो । तर प्रस्तावित ढुङ्गा, गिट्टी, बलुवा संकलन क्षेत्र वनमा नपर्ने हुदा यस कार्यालयका प्रमुख सदस्य रहेको जिल्ला अनुगमन समितिको भूमिका अनुगमनमा रहन्छ ।

### ८.१.५ जिल्ला अनुगमन समिति

नदी खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन् र ढुवानीको अनुगमन जिल्ला समन्वय समिति अन्तर्गतको जिल्ला अनुगमन समितिले पनि गर्नेछ ।

ढुङ्गा गिट्टी बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ का अनुसार ढुङ्गा, गिट्टी, बालुवा तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन र बिक्री सम्बन्धी प्रक्रियाको अनुगमन गर्न देहाय बमोजिमको अनुगमन तथा समन्वय समिति रहने भनी उल्लेख गरिएको छ ।

| | |
|---|---|
| १. जिल्ला समन्वय समितिको प्रमुख | संयोजक |
| २. स्थानीय सरकारको प्रमुख | सदस्य |
| जिल्ला समन्वय समितिको उप–प्रमुख | सदस्य |
| ३. प्रमुख जिल्ला अधिकारी | सदस्य |
| ४. जिल्ला प्रहरी कार्यालयको प्रमुख | सदस्य |
| ५. जिल्ला स्थित सशस्त्र प्रहरी बलको प्रमुख | सदस्य |
| ६. डिभिजन वन कार्यालय प्रमुख | सदस्य |
| ७. जिल्लामा कार्यरत मध्येबाट समितिले तोकेको इन्जिनियर | सदस्य |
| ८. आन्तरिक राजश्व कार्यालय वा कोलेनिका प्रमुख | सदस्य |
| ९. जिल्ला समन्वय अधिकारी | सदस्य सचिव |

### ८.१.६ केन्द्रीय स्तरका जिम्मेबार निकायहरू

**वन तथा वातावरण मन्त्रालय**

वातावरणीय असरहरू र तिनीहरूको न्युनिकरणका उपायहरूको सवाल आउन साथ वन तथा वातावरण मन्त्रालयको सन्दर्भ अनिवार्य हुन्छ । वातावरण संरक्षण ऐन र वातावरण संरक्षण नियमावली जारी गर्ने केन्द्रस्तरको संस्था वन तथा  वातावरण मन्त्रालय हो । त्यसैले प्रारम्भिक वातावरणीय परीक्षण, प्रारम्भिक वातावरण परीक्षण प्रतिवेन र वातावरण प्रभाव मूल्यांकन गर्दा वातावरण संरक्षण ऐन र वातावरण संरक्षण नियमावलीलाई मूख्य अधार वनाउनु अनिवार्य हुन्छ ।

## ८.२ अनुगमन तथा वातावरणीय व्यवस्थापन योजना र समय तालिका

राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५० ले अबस्था अनुसार आधार रेखा अनुगमन, नियमपालन अनुगमन र प्रभाव अनुगमन गरी ३ प्रकारका अनुगमन प्रस्ताव गरिएका छन् । यस

प्रारम्भीक वातावरणीय परीक्षणले गरेका अनुगमन प्रस्तावहरूको विस्तृत विवरण यस प्रकार रहेका छन ।

### क. आधाररेखा अनुगमन

आधाररेखा अनुगमनको लागि गाँउपालिका जिम्मेवार हुनेछ । अनुगमनको लागि गाँउपालिकाले खटाएका कर्मचारीले उत्खनन स्थलको स्थलगत भ्रमणमा जानेछन । भ्रमणको क्रममा कर्मचारीले खोलाको तटीय अवस्था, भीर खोला किनाराको उत्खननको अवस्था, नजिकका रुखहरूको अवस्था र नदीको बहावको अवस्थाको बारेमा अध्ययन गर्नेछन । यस प्रकारको अनुगमन प्रत्येक ६/६ महिनामा गर्नुपर्नेछ ।

### ख. नियम पालन अनुगमन

सम्झौता अनुसार वा कानून पालना गरे नगरेको अनुगमन गर्ने जिम्मेवारी गाँउपालिकाको हुन्छ भने सोको पालना गर्ने दायित्व ठेकेदारको हुन्छ । यसप्रकार नियमपालन गराउने र गर्ने क्रममा हुने अनुगमनमा सम्बन्धित निकायले तल प्रस्तुत गरे अनुसारको कार्यहरू गर्नु पर्नेछ ।

- प्रारम्भिक वातावरणीय परीक्षणले प्रस्ताव गरेका वातावरणीय न्यूनीकरणका कार्यहरू भए नभएको अनुगमन गर्ने।
- ठेक्कामा प्रस्तुत भए अनुसारको प्रविधिले उत्खनन् गरे नगरेको वा भए नभएको अनुगमन गर्ने ।
- तोकिएको परिमाण मात्र संकलन भए नभएको अनुगमन गर्ने ।
- भौतिक, जैविक र सामाजिक संरचनाहरूको संरक्षण भए नभएको अनुगमन गर्ने ।

### ग. प्रभाव अनुगमन

योजना संचालन गर्दा पर्न सक्ने प्रभावहरूको निरन्तर अनुगमन हुनु आवश्यक हुन्छ । प्रभाव अनुगमनको प्रमुख जिम्मेवारी गाँउपालिका र ठेकेदारको रहनेछ । प्रभाव अनुगमन कार्य गर्दा देहायका विषयहरूमा ध्यान दिनुपर्ने र गर्नुपर्नेछ ।

- योजना क्षेत्र वरपरका जनतासँग निरन्तर सल्लाह र सुझाव माग्ने ।
- योजना क्षेत्र वरपरका वन तथा वन्यजन्तुलाई असर परे नपरेको अनुगमन गर्ने ।
- योजना कार्यान्वयनले गर्दा नदीको बहावलाई कुनै असर परे नपरेको अनुगमन गर्ने ।
- वायु, जल र ध्वनिको प्रदूषण भए नभएको अनुगमन गर्ने ।
- स्थानीय रोजगारी प्रदान गरे नगरेको अनुगमन गर्ने ।

यस ढुङ्गा, गिट्टी, बालुवा आदि संकलन कार्यको अनुगमन तथा वातावरणीय व्यवस्थापन योजना र समय तालिका यस प्रकार छ ।

तालिका ८-१ अनुगमन तथा बातावरण ब्यवस्थापन योजना र समय तालिका

| क.स. | अनुगमन प्रकार | विषय बस्तु | सूचक | अनुगमनको विधि | अनुगमन गर्ने स्थान | समय | अनुमानित रकम | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधार रेखा अनुगमन | खोलाको तटिए अवस्था, भीरको अवस्था, बहाबको अवस्था, छेउछाउको रुखहरूको अवस्था | खोलाको अवस्था | स्थलगत निरीक्षण | संकलन क्षेत्र | प्रत्येक ६ महिनामा | ५०,००० | गाँउपालिका, जि.स.स. |
| २ | नियम पालना अनुगमन | सिफारिस गरिएका न्यूनिकरणका कार्य भए नभएको | उत्खनन् कार्य तोकिएको | ठेक्का सम्झौताको सम्पुर्ण व्यहोरा अध्ययन | न्युनिकरणका उपायहरू दिईएका स्थानहरू | प्रत्येक ३ महिनामा | १००,००० | गाँउपालिका, जि.स.स. |
| ३ | | संकलन ईजाजत अनुसार काम भए नभएको | स्थान र मापदण्ड र मात्रामा संकलन गरेको हेर्ने | स्थलगत निरीक्षण, स्थानीयसंग छलफल | संकलन क्षेत्र | प्रत्येक ३ महिनामा | | गाँउपालिका, जि.स.स. |
| ४ | | तोकिएको परिमाण वा बढी संकलन गरेको तथा संवेदनशील स्थानमा संकलनकार्य भए नभएको | रेकर्ड हेर्ने तथा पैदावारको निरीक्षण, संवेदनशील क्षेत्रको विवरण | स्थलगत निरीक्षण | सबै संकलन क्षेत्रहरू | आबश्यकता अनुसार प्रत्येक ३,३ महिनामा | | गाँउपालिका, जि.स.स. |
| ५ | | भौतिक | नदी किनारको संरक्षित क्षेत्र, भौतिक संरचना | स्थलगत निरीक्षण | सबै संकलन क्षेत्रहरू | आबश्यकता अनुसार प्रत्येक ३,३ महिनामा | | गाँउपालिका, जि.अ.स. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | तलमाथिको क्षेत्र, नदीको बहाव आदि | | | | | |
| ६ | प्रभाव अनुगमन | भू संरक्षण कार्य गरे नगरेको | नदी किनारको अवस्था, बाटो | स्थलगत निरीक्षण | सबै संकलन स्थानको नदीको किनारा | आवश्यकता अनुसार प्रत्येक ६ महिनामा | १००००० | गाँउपालिका, जि.स.स. |
| ७ | | वायु, धुवा, ध्वनीको प्रदूषण | संकलन गर्ने तरिका तथा ढुवानीमा | स्थलगत निरीक्षण | सबै संकलन क्षेत्रहरू पार्ने वाड | आवश्यकता अनुसार प्रत्येक ६ महिनार्मा | | गाँउपालिका, जि.स.स. |
| ८ | | जैविक विविधता तथा बासस्थानमा असर परे नपरेको | वन र वनस्पतिको अवस्था, बन्यजन्तु र माछाको अवस्था, स्थानीयसँग छलफल | स्थलगत निरीक्षण | सबै संकलन स्थलको नदीमा | आवश्यकता अनुसार प्रत्येक ६ महिनामा | | गाँउपालिका, डिभिजन वन कार्यालय, ठेकदार |

## ८.२.१ अनुगमन र न्यूनीकरणको खर्चको विवरण

आयोजना कार्यान्वयन पुर्व, कार्यान्वयन भइरहेको समयमा र कार्यान्वयन पश्चात नियमित अनुगमन गरिने हुंदा त्यसको लागि निम्न रकम छुटयाइएको छ ।

तालिका ८-२ अनुगमन र न्यूनीकरणको खर्चको विवरण

| सि.न. | कृयाकलाप | अनुमानित रकम | अनुगमन गर्ने निकाय |
|---|---|---|---|
| १ | अनुगमन गरिने कृयाकलाप | २५०,०००।— | गा.पा. / जि.अ.स. |
| २ | नदी किनार कटान संरक्षण | ८००,०००।— | गा.पा. /जि.अ.स./ ठेकेदार |
| ३ | अस्थायी सार्वजनिक शौचालयको निर्माण | १००,००० ।— | गा.पा. /जि.अ.स./ ठेकेदार |
| ४ | बाटोको निर्माण तथा मर्मत सम्भार | १५०,०००।— | गा.पा. /जि.अ.स./ ठेकेदार |
| ५ | फोहर संकलन गर्ने र विस्तापित गर्ने | १००,०००।— | गा.पा. /जि.अ.स. |
| ६ | वन्यजन्तु संरक्षण सम्बन्धी जनचेतना | ५०,००० ।— | गा.पा. /जि.अ.स. |
| ७ | स्वास्थ्य तथा सुरक्षा | ५०,०००।— | गा.पा. /जि.अ.स. |
| | जम्मा | १५,००,०००।— | |

अनुगमन र प्रभाव न्यूनीकरणको खर्चको प्रति वर्ष रु १५,००,०००।—


## ८.२.२ बातावरणीय ब्यवस्थापन योजना कार्यान्वयनका लागि जिम्मेबार निकायहरूको संगठनात्मक स्वरुप

विशेषज्ञ अनुगमन सदस्यहरू निम्न रहेका छन् ।

तालिका ८-३ विशेषज्ञ अनुगमन सदस्य

| क्र.स. | विशेषज्ञ |
|---|---|
| १ | वातावरण इन्जिनियर |
| २ | समाजशास्त्री |
| ३ | वनस्पति शास्त्री |
| ४ | जियोलोजिष्ट |

वातावरणीय ब्यवस्थापन योजना कार्यन्वयलनका लागि जिम्मेबार निकायहरूको संगठनात्मक स्वरुप निम्न स्वरुप देखाइएको छ ।




तस्विर ४: वातावरणीय ब्यवस्थापन योजना कार्यन्वयलनका लागि संगठनात्मक स्वरुप

# सान्दर्भिक समाग्रीहरू


नेपालको संविधान

वातावरण संरक्षण एन, २०७६

वातावरण संरक्षण नियमावली, २०७७

ढुङ्गा गिट्टी बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७

केन्द्रीय तथ्याङ विभाग (२०११), राष्ट्रिय जनगणना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४

संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका GIS नक्शाहरू

नापी विभागका नक्शाहरू

अनुसूचीहरू

१. स्वीकृत कार्यसूची


२. आयोजना स्थान र आयोजनाको नक्शा

३. सूचनाहरू /सूचना टाँसको मुचुल्का/ सार्वजनिक सुनवाइको माइन्युट

४. आयोजना स्थानका तस्विरहरू

५. उत्खनन स्थलमा राख्नु पर्ने सूचना पाटीको नमूना

# १. स्वीकृत कार्यसूची



लिखु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नुवाकोट
बागमती प्रदेश, नेपाल

टिप्पणी र आदेश

मिति: २०८१।०१।२१

बिषय: लिखु खोलाको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यसूची स्वीकृत गर्ने सम्बन्धमा ।


यस गाउपालिका स्थीत लिखु खोलाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नु पर्ने भएकोले उक्त कार्य गर्न प्रारम्भिक वातावरणीय परीक्षण कार्यसूची लिखु गाँउपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा ४(१) बमोजिक तयार भएको र दफा १४(१) बमोजिम गठित प्राविधिक समितिले सिफारिश गरेकोले उक्त कार्यविधि को दफा ४(४) बमोजिमको हुन मनासिव देखी पेश गरेका छौ ।


श्रीमान् अध्यक्षज्यू

उपरोक्त बमोजिमको कार्यसूची स्वीकृत हुन मुनासिब देखि निर्णयार्थ पेश गर्दछु।

प्र. प्र. अ.


## २. आयोजना स्थान र आयोजनाको नक्शा






उत्खनन स्थलहरूको भौगोलिक नक्शा


**Topographical Maps of Extraction Sites in Likhu River**




उत्खनन स्थलहरूको टोपो नक्शा

## ३. सुचनाहरू /सुचना टाँसको मुचुल्का/ सार्वजनिक सुनवाइको माइन्युट



लिखु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डुडेबगैंचा, नुवाकोट

**सार्वजनिक सुनुवाइसम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति : २०८१/०१/२७)

**आयोजनाको नाम** : लिखु खोला र तादी खोलाबाट दीर्घकालीन रूपमा नदीजन्य पदार्थ ढुङ्गा, गिटी र बालुवा उत्खनन गर्ने कार्य।

**प्रस्तावक** : लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, लिखु, नुवाकोट, बागमती प्रदेश

प्रस्तावित यस उत्खनन गर्दा आयोजना प्रभावित क्षेत्रको १. भौतिक प्रणाली, २. जैविक प्रणाली, ३. आर्थिक तथा सामाजिक प्रणाली, ४. सांस्कृतिक प्रणाली र मानवीय क्रियाकलाप, यिनका अवयवहरूको अन्तर्क्रिया तथा अन्तरसम्बन्धमा के-कस्तो प्रभाव पर्दछ ? भन्ने सवालहरूबारे प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका सरोकारवालाहरूसँग राय-सुझाव लिनुपर्ने भएकाले वातावरण संरक्षण नियमावली, २०७७ अनुसार यो सार्वजनिक सुनुवाइ कार्यक्रमका लागि सूचना प्रकाशित गरिएको छ। सोहीसम्बन्धी निम्न मिति र स्थानमा सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्न लागिएको छ।

| स्थान | मिति र बार | समय |
|---|---|---|
| लिखु गाउँपालिकाको हल, अमिलबोटे | २०८१/०२/०२ गते, बुधबार | बिहान ११:०० बजे |

उक्त प्रस्ताव कार्यान्वयनबाट पर्न सक्ने प्रभाव गाउँपालिका तथा यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाले माथि उल्लेखित सार्वजनिक सुनुवाइमा उपस्थित भई वा यस गाउँपालिकाको इमेलमा वा गाउँपालिकापरिसरमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आइपुग्ने गरी राय-सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ।

राय-सुझाव पठाउने ठेगाना

**लिखु गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय,
डुडेबगैंचा, नुवाकोट, फोन नं. : ९८५१२५३०९९
इमेल : likhu.nuwakot@gmail.com

आज मिति २०८१।०३।०२ गते बुधबारको दिन यस लिखु गाँउपालिकाको अध्यक्ष श्री ध्रुव श्रेष्ठ ज्यूको अध्यक्षतामा लिखु खोला र ताम्बी खोलाबाट दीर्घकालीन रुपमा नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी र बालुवा उत्खनन तथा संकलन कार्यका निमित्त आवश्यक प्रारम्भिक वातावरणीय परीक्षण (IEE Study) को लागि सम्पूर्ण सरोकारवालाहरु सँग सार्वजनिक सुनुवाई गरी तपशिल बमोजिम राय सुझाव तथा सल्लाह संकलन गरियो।

उपस्थिति

१. श्री ध्रुव श्रेष्ठ, गा.पा अध्यक्ष
२. श्री सुभद्रा अधिकारी उप्रेती, उपाध्यक्ष
३. श्री नारायण बहादुर विष्ट, प्रमुख प्रशासकीय अधिकृत
४. श्री नरहरि पाण्डे, १ नं वडा कार्यालय, वडाध्यक्ष
५. श्री प्रेम बहादुर थापामगर, वडाध्यक्ष २ नं वडा कार्यालय
६. श्री सीताराम पुलामी मगर, वडाअध्यक्ष ३ नं वडा कार्यालय
७. श्री प्रकाश राई, वडाअध्यक्ष ४ नं वडा कार्यालय
८. श्री सुमन भण्डारी, वडाध्यक्ष ६ नं वडा कार्यालय
९. श्री विश्व प्रसाद खतिवडा, वडाध्यक्ष ५ नं वडा कार्यालय
१०. श्री चम्पाराज भण्डारी, कार्यपालिका सदस्य
११. श्री दिल कुमारी घले, " "
१२. श्री शुसिल मिजार, " "
१३. श्री निकिसा राई " "
१४. श्री मिना राई " " मिना
१५. श्री रामचन्द्र लामिछाने योजना तथा प्रशासन अधिकृत
१६. श्री उपेन्द्र प्याकुरेल सूचना अधिकृत
१७. श्री रिवमा कुमारी सुवेदी रोजगार संयोजक
१८. श्री निमराज डाँगी आर्थिक प्रशासन शाखा
१९. श्री रामचन्द्र गिरी आ.लै.प शाखा
२०) श्री डोल बहादुर श्रेष्ठ वडा सदस्य लिखु-५
२१) श्री अमृतमान गुरुवाच्चार्य " " लिखु ३.
२२) श्री पदम बहादुर थापा जिन्सी शाखा
२३) श्री मनिषा कार्की
२४) श्री सुमना घले
२५) श्री माधव प्रसाद दुलाल
प्र.नि.गणेश लामा इ.प्र.का. टिकुरे
२६ कोजेन्द्र ब.मल्ल ४ लिखु

| | | |
|---|---|---|
| 26 | सञ्जय मण्डल | लिखु ४ |
| २८ | सुमन काँइरम्मा | ,, ५ |
| २९ | राजु बले | ,, ४ |
| ३० | जीवन भण्डारी | ,, ५ |
| ३१ | श्रीराम पाठक | ,, ५ |
| ३२ | निरकृष्ण राई | ,, ४ |
| ३३ | गोपाल प्रसाद ढ्याैपाने | ,, १ |
| ३४ | गौरी अधिकारी | ,, ५ |
| ३५ | प्रशान्त गौतम | ,, ५ |
| ३६ | शर्मिला मिजार | ,, ५ |
| ३७ | विनोद पाठक | ,, ५ |
| ३८ | मितेश तामाकार | Consultant |
| ३९ | सबास ढकाल | परामर्शदाता |
| ४० | बबिन श्रेष्ठ | लिखु-४ |
| ४१ | नारायण राई | लिखु-४ |
| ४३ | तिर्थ बहादुर राई | ,, ४ |
| ४४ | प्रकाश राई | ,, ३ |
| ४५ | प्रेम बहादुर राई | ,, ३ |
| ४६ | संजीव कुमार ढ्याैपाने | ,, -३ |
| ४७ | दशरथ घिमिरे | लिखु ०५ |
| ४८ | प्रकाश कुँवर | लिखु ०५ |
| ४९ | मिलन श्रेष्ठ | विदुर - ०२ |
| ५० | दिपेन्द्र लामीछाने | लिखु-३ |
| ५१ | शोभा श्रेष्ठ | लिखु-१ मनोसामाजिक परामर्शकर्ता |
| ५२ | सावित्री ढ्याैपाने | लिखु-५ स्वास्थ्य स्वयंसेवक |
| ५३ | ध्रुव प्रसाद पाण्डे | राजस्व शाखा प्रमुख |
| ५४ | सुवास ढकाल | लिखु-१ |
| ५५ | कमल सापकोटा | प्र.स.ह दिक्रे प्रहरी |
| ५६ | गोविन्द राई | लिखु - ३ |
| ५७ | लिला दैरे | कृषि शाखा प्रमुख |
| ५८ | सरस्वती अधिकारी | न्यायिक सहजकर्ता |
| ५९ | ईश्वरसिंह के.सी. | म.ल.न. शाखा |
| ६० | श्याम नारायण ढुंगाना | सिलहिन अधिकृत (बोल्ड शाखा) |
| ६१ | रामहरि ढ्याैपाने | पत्रकार |
| ६२ | केशव ढकाल | पत्रकार, (लिखु-२) |
| ६३ | विरेन्द्र तामाङ | लिखु (३) |

६४ श्री परशुराम कार्की लि.सु. ५ — परशुराम
६५ श्री नवराज रोक्का लि. रहु ५ नवराज
६६ श्री मधुसुदन खतिवडा " ५ मधुसुदन
६७ श्री उत्तम राई " २
६८ श्री कविता ढकाल " ५ Kabita
६९ श्री विष्णु माया खड्का " ५
७० " जित नारायण राई " ४
७१ " प्रकाश पाठक " ५
७२ " नारन श्रेष्ठ " ५
७३ " पूर्ण कार्की प्र.पु. पोष्ट दहरे
७४ " राजन प्रसाद अधिकारी लिखु ६
७५ " बसन्त पन्त " "
७६ " अन्जली जमगाँई सं. ईन्जिनियर लिखु Anjali
७७ " विजन गुरुङ अ.प्र. पोष्ट दहरे
७८ " शुभम्‍ घिताल लिखु ५
७९ " गणेश बहादुर अधिकारी लिखु-६ गणेश
८० " राजु थापा नगर प्रहरी लिखु गा.पा.
८१ दिपक कुमार पन्त लिखु-६
८२ .. संजय बहेक आमिन
८३ प्र. ज जयन्त क्षेत्री इ.प्र.का. ढिकुरे
८४ " टेक व थापा "
८५ श्री मालती खड्का आणा मार फि. सं.
८६ श्री सरस्वती मालवुल लिखु ५ सरस्वती
८७ श्री लोकिलका राई स्टोरकिपर सहायक लिखु गा.पा.
८८ श्री शिवराम ढकाल लिखु १
८९ श्री ठाकुर प्रसाद लामिछाने " "
९० श्री माधव प्र. लामिछाने नि.व. अ.
९१ उत्तम म.प्र. (आमिन)

राय सुझावहरु

१. स्थानिय बासिन्दाहरुलाई रोजगारीमा प्राथमिकता।
२. नदिजन्य पदार्थ उत्खनन तथा संकलन गर्दा नजिकमा रहेको भौतिक संरचनालाई असर नपर्ने गरि उत्खनन तथा संकलन गर्ने।
३. अनुगमनको क्रममा वडा कार्यालय संग समन्वय गर्नुपर्ने।
४. प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा समावेश भएको न्यूनिकरणका उपायहरु अवलम्बन गर्नुपर्ने।

२०८१/०२/०२

त्रिशूली प्रवाह
साप्ताहिक

प्रेस काउन्सिल नेपालद्वारा 'क' वर्गमा वर्गीकृत

वर्ष : २५ अंक : ६ १० जेठ २०८१ (May 23, 2024) बिहीबार website : www.trishuliprawaha.com.np पृष्ठ ८ मूल्य रु. १०/-

Sujim Bazar सबैको लागि! COLONY-9 TRISHULI BAZAR

## लिखु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डुँडेबगैँचा, नुवाकोट

**बागमती प्रदेशको नुवाकोट जिल्ला लिखु गाउँपालिकाको वडा नं. १, २, ३, ४, ५ र ६ को क्षेत्राधिकारभित्र बग्ने लिखु खोला र तादीबाट दिगो रूपमा ढुंगा, गिटी र बालुवा उत्खनन तथा सङ्कलन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीसम्बन्धी सार्वजनिक सूचना।**

*(सूचना प्रकाशित मिति : २०८१/०२/१०)*

बागमती प्रदेश, नुवाकोट जिल्ला लिखु गाउँपालिकाद्वारा निम्नबमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, लिखु, नुवाकोट, बागमती प्रदेश, नेपाल<br>फोन नं. : ९८५१२५३०९९<br>इमेल : likhu.nuwakot@gmail.com<br>वेब : www.likhumunnuwakot.gov.np |
| प्रस्तावको व्यहोरा | लिखु गाउँपालिकाको वडा नं. १, २, ३, ४, ५ र ६ को क्षेत्राधिकारभित्र बग्ने लिखु खोला र तादी खोलाबाट दिगो रूपमा नदीजन्य पदार्थ ढुङ्गा, गिटी र बालुवा उत्खनन तथा सङ्कलन |
| प्रभाव पर्न सक्ने जिल्ला/गा.पा. | नुवाकोट जिल्ला/लिखु गाउँपालिका |

*माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षणसम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सोक्षेत्रहरूको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिकप्रणालीबीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न लिखु गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाव लिन आवश्यकभएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आइपुग्नेगरी लिखित राय-सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ।*

राय-सुझावका लागि पत्राचार गर्ने ठेगाना :

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, लिखु, नुवाकोट, बागमती प्रदेश, नेपाल<br>फोन नं. : ९८५१२५३०९९<br>इमेल : likhu.nuwakot@gmail.com<br>वेब : www.likhumunnuwakot.gov.np |

## ४. आयोजना स्थानका तस्विरहरू



आँपचौर क्षेत्र



गैरीगाँउ क्षेत्र


गैरीगाँउ क्षेत्र


गाँउपालिका कार्यालयको उत्तर तर्फ



शेराको मुहान वरीपरी



शेराको मुहान वरीपरी



शेराको मुहान वरीपरी







सार्वजनिक सुनुवाई कार्यक्रम

५ उत्खनन स्थलमा राख्नु पर्ने सूचना पाटीको नमुना

**(क) उत्खनन, सङ्कलन गरिने स्थल:**

**(ख) उत्खनन, सङ्कलनको विवरण**

**१. नदीको नाम**

**२. ठाउँको नाम**

**३. उत्खनन गरिने परिमाण घनफिटमा**

**४. उत्खनन कार्यमा प्रयोग हुने साधन**

**५. उत्खनन गर्ने कार्य गर्न अधिकार प्राप्त ठेकेदार/फर्मको नाम र ठेगाना**

**६. उत्खनन गर्ने अवधि: मिति ..... गते बाट ........ भित्र ।**

(कुनै गुनासो वा थप जानकारीको लागि लिखु गाँउपालिकामा सम्पर्क गर्नुहोला)